# परिच्छेद : एक शोधपरिचय

## १. शोधपरिचय

यस परिच्छेदमा शोधपरिचय प्रस्तुत गरिएको छ ।

## १.१ शोधपत्रको शीर्षक :

प्रस्तुत शोधपत्रको शीर्षक आधुनिक नेपाली साहित्यमा 'रातोथुँगा' साहित्यिक पत्रिकाको योगदान रहेको छ ।

## १.२ शोधार्थी नाम : प्रेमप्रसाद उपाध्याय

## १.३ शोध प्रयोजन :

प्रस्तुत शोधकार्यको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषय स्नातकोत्तर (एम.ए.) तह द्वितीय वर्षको दसौँ पत्रको आवश्यकता पूर्तिका लागि तयार गरिएको हो ।

## १.४ विषय परिचय :

साहित्य जति घोट्यो, त्यति नै सुवास छर्न सक्ने विषय हो । यसले चेतनशील सम्पूर्ण प्राणीको हित गर्छ । सर्वव्यापक मानव सभ्यताको विकाससँगै अनेकौँ उकाली-ओराली र विविध उतारचढावलाई सामना गरी पूरातन रुढीवादी परम्पराका विरुद्ध चोटिलो प्रहार गर्दै वर्तमान एक्काइसौँ शताब्दीको अन्तरालमा आधुनिकतासँग मितेरी गाँस्दै सहृदय पाठकको हृदय स्पर्श गर्दै एवम् रसिक महानुभावको मनमस्तिष्कलाई छुन सफल छ ।

वर्तमान समयमा विश्व एउटा कोठामा सीमित भइरहेको तथ्यलाई नकार्न सकिँदैन । यस परिवर्तनका सङ्घारमा साहित्य पनि अवस्य अछूत रहन सक्दैन । परिवर्तनशील साहित्यिक विश्व बजारमा नेपाली साहित्यको पनि विविध रचनात्मक कालखण्डलाई पार गर्दै आधुनिकतातर्फ उन्मुख रहेको सन्दर्भमा यसको प्रभाव सुर्खेती साहित्यिक जनमानसलाई पनि अवश्य परेको देखिन्छ । यही परिवर्तनको उपज निरङ्कुश शासन पद्धतिको र प्रजातन्त्रको अभ्युदयको मध्यसंघारबाट सिर्जित 'रातोथुँगा' ले वि.सं.२०४८ सालबाट सुर्खेती साहित्यप्रेमी स्रष्टाद्वारा सिर्जनाका जगमा फलिएका आशातीत पाइलाहरूले अहिले सम्म १२ औं पाइला अधि सारेको पाइन्छ ।

यसरी प्रस्तुत साहित्यिक पत्रिकाले आधुनिक नेपाली साहित्यका क्षेत्रमा उक्त 'रातोथुँगा' साहित्यिक पत्रिकाले कथा, कविता, निबन्ध, एकाङ्की तथा खोज अनुसन्धानात्मक लेखरचनाले

सिर्जनात्मक नेपाली साहित्य जगतमा अनुकरणीय योगदान दिएको छ । तथापि अहिले सम्म यदाकदा झिनो रूपमा मौखिक रूपमा चर्चा परिचर्चा भएता पनि 'रातोथुँगा' साहित्यिक पत्रिकाको औपचारिक रूपले प्रमाणिक एवम् लिखित अनुसन्धान कहीँ कसैबाट हुन सकेको छैन । त्यसैले यस कृतिको समग्र अध्ययन गर्न आवश्यक देखिएको छ ।

## १.५ समस्या कथन :

कुनै पनि शोधखोज र अनुसन्धान समस्यामा केन्द्रित हुने गर्दछ । प्रस्तुत शोधकार्य पनि समस्यामा केन्द्रित रहेको छ । प्रस्तुत शोधकार्यमा निम्न लिखित समस्याको पहिचान गरिएको छ ।

१. आधुनिक नेपाली साहित्यमा 'रातोथुँगा'को के कस्तो स्थान रहेको छ ?

२. स्थापना कालदेखि 'रातोथुँगा' साहित्यिक पत्रिकाको हाल सम्मको विकास क्रमको स्थिति कस्तो छ ?

३. 'रातोथुँगा' साहित्यिक पत्रिकाको आधुनिक नेपाली साहित्यमा योगदान कस्तो छ ?

४. 'रातोथुँगा' को काव्यात्मक प्रवृत्ति कस्तो छ ?

५. आधुनिक नेपाली साहित्यमा 'रातोथुँगा' साहित्यिक पत्रिकाको स्थान कस्तो रहेको छ ?

## १.६ शोधको उद्देश्य :

प्रस्तुत शोधपत्रको उद्देश्यहरू निम्न प्रकारका रहेका छन् :

१. आधुनिक नेपाली साहित्यका स्थापना 'रातोथुँगा' साहित्यिक पत्रिकाको परिचय दिने,

२. 'रातोथुँगा' साहित्यिक पत्रिकाको विकासक्रमको बारेमा चर्चा गर्ने,

३. साहित्यिक फाँटमा 'रातोथुँगा' साहित्यिक पत्रिकामा समावेश रचनाहरूको वर्गीकरण र यसले पाठकमा पुऱ्याएको योगदानको मूल्याङ्कन गरी निष्कर्ष दिने,

४. यसमा रहेका लेख रचनाबारे अध्ययन गर्ने,

५. 'रातोथुँगा' साहित्यिक पत्रिकाले पाठक वर्गमा पारेको प्रभावको अध्ययन गर्ने,

## १.७ पूर्वकार्यको समीक्षा :

आधुनिक नेपाली साहित्यको सेरोफेरोमा मध्यपश्चिमाञ्चल विकास क्षेत्रको मुटु सुर्खेत उपत्यकामा २० औँ वर्ष पूर्व वि.सं २०४८ सालदेखि क्रमिक रूपले प्रकाशित भई पाठक वर्गको मनोमस्तिष्कलाई आकर्षक गर्न सफल भएता पनि यस कृतिका बारेमा यस भन्दा अगाडी कहीँ कसैबाट खास अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने कार्य भएको छैन । यस

कृतिकाबारेमा विश्लेषणात्मक अध्ययन र समीक्षाको आवश्यकता भएको बुद्धिजीवी, सामाजिक कार्यकर्ता र अन्य पाठक वर्गको प्रतिक्रिया रहेको पाइए तापनि मूख्यतया समालोचना नभएको पाइन्छ । जसका कारण सामाजिक यथार्थताका धरातलमा सत्यतथ्यको दर्पणका रूपमा स्थापित भए पनि ओझेलमा परेको पाइन्छ । प्रजातन्त्रको स्थापना पश्चात जनमानसमा पल्लवित साहित्यिक रचनात्मक अभिव्यक्तिहरू प्रस्तुत गर्दै हाल सम्म १२ औँ अङ्क प्रकाशित भई १३ औँ अङ्क प्रसव अवस्थामा छ[१] । प्रस्तुत शोध पत्रका तयारीका शिलशिलामा यसका प्रारम्भिक अवस्थाका पूर्वचरणहरू प्राप्त सामग्री र लेखक वर्गबाट प्राप्त प्रतिक्रिया र विषयवस्तुलाई साहित्यिक पत्रिकाको अध्ययन गर्ने क्रममा पूर्वकार्यको समीक्षाका रूपमा प्रस्तुत गरिएको छ । आजसम्म अध्ययन गर्ने क्रममा प्राप्त विषयवस्तुलाई निम्नानुसार प्रस्तुत गरिएका छन् र बाँकि जे जति प्राप्त हुन सक्छन् ती सबैलाई व्यवस्थित रूपले शोधपत्रमा राखिएको बेहोरा प्रस्तुत गरिएको छ ।

- तृतीय पारिजात स्मृति दिवसका सुअवसरमा सुर्खेतको त्रिपुरेश्वर नि.मा. विद्यालय ढोडेखालीमा लघुकथा प्रतियोगिता सफलतापूर्वक सम्पन्न भएको थियो[२] ।
- विक्रम सम्वत् २०५३ चैत्र १६ गते लोक साहित्य विचार गोष्ठीको आयोजना गरी शिक्षा क्याम्पस सुर्खेतमा लोकगीत र लोकनृत्यको आयोजना गरिएको थियो[३] ।
- युद्धप्रसाद मिश्रको स्मृति दिवसको अवसरमा वीरेन्द्रनगर बहुमुखी क्याम्पसमा कवितावाचन प्रतियोगिता मिति २०५० फाल्गुण ७ गते सम्पन्न (सहिद विशेषाङ्क २०३६) ।
- वि.सं. २०५१ पौष २३ गते नियमित साहित्य यात्रा अन्तर्गत राष्ट्रिय साहित्यकार तथा कलाकारको सम्मान गर्ने सन्दर्भमा जिल्ला विकास समितिको सभाकक्षमा गीत, कविता वाचन प्रतियोगिता सम्पन्न,
- ८५ औँ महिला दिवसको अवसरमा वि.सं. २०५१/ १२/ २४ मा श्री भैरव मा.वि. वीरेन्द्रनगर सुर्खेतमा कवितावाचन प्रतियोगिता सम्पन्न[४],

---

१. दिपक गौतमबाट प्राप्त जानकारी

२. रातोथुँगा विशेषाङ्क २०३६ पृष्ट ३८

३. ऐजन पृष्ट ६२

४. ऐजन पृष्ट ९९

वि.सं. २०५२/०१/०१ गते ३३ औं राहुल स्मृति दिवसको अवसरमा 'आत्महत्याा एक भयावह समस्या र यसको निराकरणको उपाय' शीर्षकमा वीरेन्द्रनगर बहुमुखी क्याम्पसमा बुद्धिजीवी समाजको एक विचार गोष्ठी सम्पन्न । (साहिद विशेषाङ्क २०३६)

८७ औं देवकोटा जयन्तीको सन्दर्भमा वि.सं. २०५२ कार्तिक ६ गते भैरव मा.वि भैरवस्थान सुर्खेतमा कविता वाचन प्रतियोगिता सम्पन्न ।

अन्तराष्ट्रिय नारी दिवसको सन्दर्भमा ८ मार्च सन् १९९४ मा वीरेन्द्रनगर बहुमुखी क्याम्पसमा मन्तव्य कवितावाचन प्रतियोगिता सम्पन्न (रातोथुँगा विशेषाङ्क २०३६)

साहित्यिक अनुसन्धानका शिलशिलामा अध्ययन अनुसन्धान कार्यका लागि दशरथपुर, रामघाट र लेखफर्सामा अनुसन्धानात्मक भ्रमण मिति २०५५/ ०४/ २०-२७ सम्म ।

## १.८ शोधको औचित्य :

विशेषत : आधुनिक साहित्यकै सान्दर्भिक सेरोफेरोमा वि.सं. २०४८ सालदेखि निरन्तर रूपमा साहित्यप्रेमी श्रष्टाद्वारा सम्पादन गरिए ता पनि पाठकवर्गद्वारा अझैंसम्म व्यवस्थित रूपले विस्तृत अध्ययन र विश्लेषण गरेको पाइएको छैन । अत : यस कृतिलाई सर्वप्रथम व्यवस्थित ढङ्गले तथ्यपरक अध्ययन गरी, यस्ता कृतिहरूको जो अझैंसम्म ओझेलमा परेका छन्, तिनीहरूको समालोचनात्मक कृतिपरक विधिद्वारा विश्लेषण गरी सामाजिक भेदभाव, कुरीति, बीचलनप्रतिको आलोचना, समसामयिक सन्दर्भमा देशकाल परिस्थिति अनुसार सुहाउँदो कृतिलाई प्रोत्साहन दिन सक्ने हुनाले प्रस्तुत शोधपत्र पूर्णत : औचित्यपूर्ण देखिन्छ । यसका साथै अब उप्रान्त यस क्षेत्रमा अध्ययन गर्ने बेद्धिजीवी, पाठक एवम् जिज्ञासुलाई यो शोधपत्र अवस्य पनि पथप्रदर्शक बन्ने तथ्यप्रति द्विमत छैन । आधुनिक साहित्यका सन्दर्भमा मध्येपश्चिमाञ्चल क्षेत्रको केन्द्रविन्दुका रूपमा रहेको सुर्खेतबाट प्रकाशित 'रातोथुँगा' साहित्यिक पत्रिकाले साहित्यका क्षेत्रमा गरेको योगदानको पहिचान र मूल्याङ्कन गर्ने भएको हुनाले यो शोधपत्रको औचित्य अवस्य पनि महत्वपूर्ण मानिएको छ ।

## १.९ शोधविधि :

### (क) सामग्री सङ्कलन :

यस आधुनिक नेपाली साहित्यमा 'रातोथुँगा' साहित्यिक पत्रिकाको योगदान शीर्षकमा शोधकार्य गर्दा सामाग्री सङ्कलनका रूपमा प्राथमिक र द्वितीय दुवै प्रकारका श्रोत उपायोग गरिएको छ । प्राथमिक स्रोतका रूपमा यस कृतिका सम्पादक, रचनाकार र सम्बन्धित

व्यक्तिको प्रतिक्रिया र अन्तरवार्ता प्रस्तुत गरिएको छ भने द्वितीय स्रोतका रूपमा 'रातोथुँगा'मा संकलित रचनालाई पुस्तकालयीय अध्ययन विधि अपनाई सामग्री सङ्कलन गरिएको छ ।

**(ख) सामग्री विश्लेषण :**

आधुनिक नेपाली साहित्यमा 'रातोथुँगा' साहित्यिक पत्रिकाको उल्लेख्य योगदान रहेको छ । यस कृतिका माध्यमबाट प्रकाशित हुने अभिव्यक्तिले पाठकबर्गको मन छुन सफल भएका छन् । छोटो अवधिमै भए पनि आफ्नो पहिचान राख्न यो कृति सफल छ । यस कृतिमा समावेश रचनाको विशेष अध्ययन हुन बाँकि रहेको देखिन्छ । यसै सन्दर्भमा प्रस्तुत शोधपत्रको सीमाक्षेत्र मुख्यतया स्थापनाकालदेखि हालसम्म प्रकाशित यस कृतिभित्रका रचनाहरूको विश्लेषण गरी समालोचनात्मक मूल्याङ्कन गर्ने क्रममा 'रातोथुँगा' कृतिमा नै सिमित रहेको छ ।

## १.१० शोधपत्रको रूपरेखा :

प्रस्तावित शोधपत्रको रचनालाई व्यवस्थित एवम् सुसङ्गठित रूपमा प्रस्तुत गर्नका लागि यस शोधपत्रमा निम्नलिखित परिच्छेदहरू रहेका छन् ।

(क) पहिलो परिच्छेद : शोध परिचय

(ख) दोस्रो परिच्छेद : आधुनिक साहित्य प्रबर्धनमा लागेका संस्थाहरू र यस कृतिको चरणगत रूपरेखा

(ग) तेस्रो परिच्छेद : 'रातोथुँगा' मा समावेश कृतिको वर्गीकरण

(घ) चौथो परिच्छेद : 'रातोथुँगा' कृतिको विधागत विश्लेषण तथा मूल्याङ्कन

(ङ) पाँचौं परिच्छेद : उपसंहार तथा निष्कर्ष

उपयुक्त पाँच परिच्छेदलाई वर्गीकरण गर्दा आवश्यकताअनुसार शीर्षक र उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ साथै शोधपत्रको अन्त्यमा शोधसार, सन्दर्भ सामाग्री सुची विधि, परिशिष्ट खण्ड र शोधपत्रको अगाडि आवश्यकता अनुसार विषयसुची संक्षपीकरण सुची, तालिका सुची आदि समेत दिएर परिष्कृत, परिमार्जित र परिपूर्णरूपमा शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# आधुनिक साहित्य प्रबर्धनमा लागेका संस्थाहरू र यसकृतिको चरणगतयात्राको रूपरेखा

## २.१ आधुनिक साहित्यको पृष्ठभूमि :

यस परिच्छेदमा आधुनिक नेपाली साहित्यमा लागेका संस्थाहरूको परिचय र योगदानको चर्चा गरिएको छ ।

## २.२ साहित्यको परिचय :

भाषा र मानव सभ्यताको समकालीन रूपमा विपनसित भएको साहित्य एक महत्वपूर्ण कला हो । जो मानिसभन्दा अलग रहन सक्दैन । आमाबुबाबाट भाषाको ज्ञान भए झैं समाज नै साहित्यको भण्डार हो । "साहित्य सङ्गीत कला विहीन साक्षत् पशु पुच्छ विषाण हीन[१]" भन्ने भतृहरिको कथनलाई लिने हो भने पनि साहित्य बिहीन मानिसको कल्पना गर्न सकिँदैन । जब साहित्य भन्नाले काव्यका कथा, कविता, नाटक आदि भावपूर्ण कृति बुझिन्छ तब साहित्यमा एक कलाको रूपमा परिचित हुन्छ । साहित्यिमा मूख्यतया शब्द सौन्दर्य र भाव सौन्दर्यको चर्चा गरेको पाइन्छ । जसरी शिल्पकारले वस्तुगत रचना गर्न सीपको माध्यमले रोचक शैलीमा वस्तुको निर्माण गर्छ त्यसैगरी काव्यकृतिकारले आफ्नो कला कौशलद्वारा काव्यकृतिको रचना गर्दछ । तीतो टर्रो ओषधिद्वारा निवारण गरिने रोगलाई चिनीपानीद्वारा नै निदान हुने माध्यम साहित्य हो । काव्य शैलीमा लेखिएको गन्थ वा मतमा निस्किएका भावलाई सुन्दर, रोचक र परिष्कृत भाषामा लेखिएको अभिव्यक्ति नै साहित्य हो । साहित्य मानिसको सुन्दर अनुहार जस्तै हुन्छ । यो कुनै कलात्मक सिल्पिक दक्षताको सिद्धान्तमा रहेको हुँदैन । साहित्य गणित होइन, न त यो दर्शन नै हो । साहित्य त श्रृङ्गार वीर, हास्य भयानक, करुण आदि रसको भाव प्रदर्शन हो[२] । कवि माधव घिमिरेले साहित्यको परिभाषाका क्रममा भनेका छन्, कोही जो चिजलाई आफ्नो दृष्टिकोणमा जीवन र जगतलाई हेरी आएको अमूर्त रूपलाई केही माध्यमबाट बाहिर प्रकट हुन्छ भने त्यही नै साहित्य हो । साहित्यले जीवनलाई माथि उकास्छ । अनेकतालाई एक बनाउछ ।

---

१. केशप्रसाद उपाध्याय साहित्य प्रकाश शाझा प्रकाशन काठमान्डौं २०३० पृष्ठ २०

२. ऐजन ........................................... पृष्ठ २०

जनजीवनमा जहाँ भिन्नता छ, असमानता छ, वाधाव्यवधान छ त्यहाँ साहित्यले जीवनको एकरूपता स्थापित गरेर राजा रङ्क सबैलाई समानताको अनुभूति गराउँछ । यसरी विभिन्न साहित्यकारहरूको परिभाषाअनुसार साहित्य एक कला हो साहित्यले मानव मनोमस्तिष्कलाई साधारणिकरणका माध्यमबाट आनन्दानुभूति प्रदान गर्छ । भावना र कल्पनालाई वाहन बनाएर चुनिएका उपयुक्त पदावलीमा वेगपूर्वक चलापमान हुन्छ त्यहि कलालाई नै साहित्य भनिन्छ ।

## २.३ नेपाली साहित्यको ऐतिहासिक अध्ययन :

साहित्यको पनि अन्य विषयवस्तु समान इतिहास हुन्छ । विभिन्न मत मतान्तरका बावजुद नेपाली साहित्यको पनि आफ्नै धरातलीय इतिहास छ । साहित्यले जुनसुकै राष्ट्रको आन्तरिक शक्तिलाई ऐक्यबद्धता र बलियो बनाउने हुनाले जहाँ साहित्यको समुन्नत परम्परा रहन्छ त्यहाँ ऐतिहासिक अवधारणा स्वतः अनिवार्य रूपमा देखा पर्दछ । सामाजिक, ऐतिहासिक र आर्थिक पक्षलाई घोलेर मानवीय अनुभूतिले अभिव्यक्त पाउने माध्यम नै साहित्य भएकोले कुनै समुदाय वा राष्ट्रको सभ्यताको मापन गर्ने काम समेत साहित्यबाट हुने गर्दछ । यसै दृष्टिले हेर्दा प्रत्येक राष्ट्रको, सामाजिक, साँस्कृतिक जीवनको एक महत्वपूर्ण अङ्कका रूपमा साहित्यको इतिहास रहेको पाइन्छ । राष्ट्रिय इतिहासको गतिसंग साहित्यिक इतिहास पनि प्रभावित हुने हुँदा यसलाई साँस्कृतिक मान्यता प्राप्त अभिलेख भनी परिभाषित गर्न सकिन्छ । सामान्य इतिहासले उल्लेख गरेको भन्दा फरक विषयवस्तुसँग भावात्मक रूपमा सम्बन्धित रही स्रष्टाको मनोलोकीय यथार्थ तथा अनुभूतिहरू इतिहास दर्शनप्रति प्रतिवद्ध हुने स्वभाव यसमा निहीत छ । यहाँ सामान्यतया उपलब्ध तथा सामग्रीका आधारमा नेपाली साहित्यको इतिहासलाई विभिन्न अनुसन्धानकर्ता एवम् अन्वेषकका विचारलाई समायोजन गरी काल बिभाजन गर्ने कार्य भएको छ । समयसमयमा अनुसन्धानबाट पत्ता लागेका तथ्यगत कृति र कृतिकारका प्रमाणित सामाग्रीहरू कहिले विस्तारित र कहिले सङ्कुचित हुने गरेको पाइन्छ । काल बिभाजन गर्दा विभिन्न पक्ष, शताब्दी, शासकवर्ग, प्रवृत्ति स्रष्टाविशेष र राजनीति परिवर्तनका आधारमा साहित्यिक इतिहासको कालखण्ड नामाकरण गरिएको पाइन्छ । सामान्यतया कालविभाजनको परिकल्पनामा मोटामोटी रूपले प्राचीन काल, माध्यमिक काल र आधुनिक काल नै सर्वव्यापक प्रचलनमा रहेको पाइन्छ । यसै क्रममा देखा परेका धारणा र दृष्टिकोणलाई नियालेर नेपाली साहित्यमा काल विभाजन

गर्ने परम्परा र वर्तमान स्थितिलाई देखाउनका निम्ति केही चर्चित विद्वानहरूको मत र आधारलाई अवलोकन, अध्ययन गरी यसरी नियाल्ने प्रयास गरिएको छ ।

### २.३.१ (क) बाबुराम आचार्य (पूराना कवि र कविता २००३)




### २.३.२ (ख) यज्ञराज सत्याल (नेपाली साहित्यको भूमिका २०१७)




### २.३.४ (ग) डिल्ली तिमसिना र माधव भण्डारी (हाम्रो साहित्य र इतिहासकारहरू २०१८)




### २.३.५(घ) बालकष्ण पोखेल (राष्ट्रभाषा २०२२)



**२.३.६ (ङ) ने.रा.प्र.प्र.को परियोजनाका लागि तयार पारिएको रूपरेखा देखिने ढाँचाको झलक यसरी प्रस्तुत गरिएको छ ।**




यसरी काल विभाजनमा सबैलाई समेट्ने पक्ष नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले तयार पारेको रूपरेखा नै सर्वसस्मत एवम् बलियो आधार मान्न सकिने तथ्य देखिन्छ । उपयुक्त विभाजन समग्र साहित्यको विभाजन भएको हुनाले प्रत्येक विधाका विभाजनले सत्यतथ्य रूपमा मेल खान नसक्ने हुनाले गद्य, पद्य, नाटक निबन्ध इत्यादि समग्र साहित्यलाई गहिरिएर अध्ययन गर्नुपर्ने महसुस गरी निम्नानुसार काल विभाजन र यिनका प्रवृत्तिका बारेमा विवेचना गरिएको छ ।

## २.४ कविता विधा :

सामान्यतया कविता भन्नाले वार्णिक वा मात्रिक छन्द र अनुप्रसास मिलेको लय हालेर गाउन मिल्ने छन्दबद्ध वा मुक्त छन्दको रचनात्म विधालाई कविता भनिन्छ । कविता विधालाई विभिन्न किसिमबाट लक्षणबद्ध गरिएको हुँदा यसका परिभाषामा पनि भिन्नता पाइन्छ । सबैलाई ध्यानमा राखी कविता भावात्मक वा बौद्धिक कथ्यको पद्यात्मक संरचना हो[३] । भनी कविताको परिभाषा दिने काम भएको पाइन्छ ।

वास्तवमा कविता भावात्मक वा बौद्धिक गद्यपद्य दुबैमा लयात्मक ढङ्गमा अभिव्यक्त गर्न सकिने हुन्छ । साहित्यका अन्यविधा पूर्णरूपमा अनुच्छेदात्मक हुने हुनाले पद्यात्मक नै परम्परागत कविताको खास पहिचान हो[४] । ऐतिहासिक रूपले हेर्दा नेपाली भाषामा साहित्यले आँकुरा हालेको पहिलो काव्य रूप नै पद्य हो । नेपालीमा अहिलेसम्म फेला परेको पहिलो

---

३. मोहनराज शर्मा ने.सा.इ. (साझा प्रकाशन काठमान्डौं २०६४) पृष्ठ १९

४. ऐजन ............................................. पृष्ठ २१

कविताको रचना आधुनिक नेपालको एकीकरणको बिहानीमा भएको हो । नेपाली भाषाको पहिलो रूप यी कविताभन्दा धेरै अघि १३१२ मा कुँदिएको अशोकचल्लको ताम्रपत्र हो[1] । एकिकरणपूर्व अशोकचल्लसम्मको ठूलो अन्तरालमा लेखिएको एउटा पनि कविता प्राप्त भएको छैन । नेपाली भाषाको साहित्यिक रूपान्तरण प्रक्रिया एकीकरणसँगै चलेको हुँदा स्पष्ट रूपमा के भन्न सकिन्छ भने नेपाली भाषामा एकीकरणपूर्व वास्तविक कलात्मक रचना पाउन निकै कठिन छ । पद्यविधाका कालगत विभाजन गर्न निकै द्विविधात्मक छ । किनभने जुनकालमा वीरगाथा गाइएका छन् त्यही समयमा भक्तिवादी र उपदेशासात्मक कविताहरू पनि रचिएका छन् । कतै भत्तिवादी कवितामा श्रृङ्गारिकता पनि गासिएको छ । तर पनि पद्यविधालाई निम्नानुसारको उपयुक्त आधारमा कविताको काल विभाजन गरिएको छ ।

२.४.१ (क) आदिकाल वा वीरगाथाकाल १८०१-१८७२ सम्म

२.४.२ ख) पूर्वमध्येकाल वा भक्तिकाल १८७३-१९४९ सम्म

२.४.३ (ग) उत्तरमध्यकाल वा श्रृङ्गारकाल १९४०-१९७४ सम्म

२.४.४ (घ) प्राक्आधुनिककाल वा नव्यकाल १९७५-२००७ सम्म

२.४.५ (ङ) आधुनिक काल २००८- हालसम्म

यी विभिन्न कालखण्डमा एकीकरण र राज्य विस्तार, नेपाल अंग्रेज युद्ध राणाहरूको उदय, विश्वयुद्ध र सातसालको क्रान्ति जस्ता राजनैतिक मोडले परिवर्तनमा ठूलो प्रभाव पारेको पाइन्छ । उपयुक्त घटनाले नेपालका एकएक युगलाई बोकेको छन् । प्रत्येक युगको परिवर्तित सामाजिक जीवनका अनुरूप नेपाली कविता फेरिएको पाइन्छ । परिवर्तनशील काल विशेषका आधारमा पहिलो युगलाई आदि मान्दै विभिन्न कालको नामाकरण गरिएको छ ।

## २.४.१ (क) आदिकाल वा वीरगाथाकाल :

एकीकरण र राज्यविस्तारकै सेरोफेरोमा वि.सं. १८०१ भन्दा अघि कुनै कविता फेला नपरेको हुनाले श्री ५ पृथ्वीनारायण शाहका समकालिन सुवानन्द दासको 'पृथ्वीनारायण' शीर्षकको कविता विक्रम सं. १८३०-३१ सम्म रचना भएको मानिन्छ[2] ।

झर्रा नेपाली शब्द र अनुप्रासको प्रयोग, उपमा र रूपक जस्ता अलङ्कारले युक्त भएको यिनका कविता वीररसले युक्तझैं गड्गडाउने खालका देखिन्छन् । जस्तै :

गोकुल पुग्यो नुवाकोट कृष्ण अउतारी है :

धानमा लाग्यो वान पन्द्र सय गिडपरे वाह्रवटी सति चले

धेरै लामुडाँडा है [५]।

नुरही तुरही वाजे भेरी तोप कर्णाल है

झिना झाँकर काई फदा लर्काइ माथमा अम्वर छाई

माया अस्वर है ।

यो नै नेपाली भाषाको पहिलो कविता हो भन्ने मान्यता रहेको छ । यो भन्दा जेठो नेपाली कविता अझैँ फेला परेको छैन । त्यसपछि राजपूरोहितका रूपमा रहेका शक्तिवल्लयको हास्यकदम्व नाटक, ललित माधव सुधातरङ्गिणी, दानप्रकाश संस्कृतका रचना उल्लेख भएपनि नेपालीमा तनहुको भकुन्डो शीर्षक दिइएको चार हरफमात्र फेला परेको पाइन्छ । वि.सं. १८३९ तिर रचित भएको यसको एउटा श्लोक यस प्रकार छ ।

धाएको छ  लमजुङ्गो भकुन्डो

कास्की बाँध सुनको छ बुकुन्डो

पिउठानीकन देउ सुकुन्डो

मारिलेऊ तनहुँ त भकुन्डो [६] ।

स्वगत छन्दमा रचित एउटा श्लोक भएपनि यसले शक्तिबल्लभको सृजनाशक्तिको कला प्रकाशित गरेको छ । त्यसपछि भीमसेन थापाका समयकालीन उदायनन्द अर्यालको 'पूरानो बाजको अर्जि' र वि.सं. १८७२ तिर लेखेको 'बेताल पच्चिसी' र 'पृथ्वीन्द्रोदय' काव्यपनि फेला परेको पाइन्छ । सुन्दरानन्द बाँडाको 'त्रिरत्नसौन्दर्यगाथा' १८३५-०५० सम्म हुन सक्नेबहादुर शाहलाई चढाएको स्तुतिपत्र हुन सक्छ । त्यसैगरी रामधर्म पाध्येको 'लक्ष्मीधर्म सम्वाद' र गुमानीपन्तका कविता आदिकालका रचना मानिन्छन् ।

२.४.२ (ख) **पूर्वमध्येकाल :**

वि.सं. १८७१ तिर मच्चिएको नेपाल अग्रेंज युद्धले सामाजिक जनजीवनमा पारेको उताव-चढाव र प्रभावका कारण वीरधाराको केही शेष रहे पनि रामभक्तिधारा, कृष्णभक्तिधारा र निर्गुणभक्तिधारा अघि वढेको पाइन्छ । जसमा कृष्ण भक्तिधारामा कलम

---

५. ऐजन ......................................पृष्ठ ३८

६. ऐजन ...................................... पृष्ठ ३९

चलाउने, इन्दिरस, विद्यारण्या केशरी, यदुनाथ पोखेल छन् भने निर्गुण भक्तिधारामा, शशीधर, अखण्डानन्द, ज्ञानदीलदास आउँछन् । त्यसैगरी रामभक्तिधारामा रघुनन्द र भानुभक्त नै अग्रपङ्क्तिमा छन् । भानुभक्तको 'रामायण महाकाव्य' १९१०, 'भक्तमाला' १९१०, 'वधुशिक्षा' १९१९, 'प्रश्नोत्तर' १९१०, 'रामगीता' १९२६ प्रसिद्ध छन् ।

## २.४.३ उत्तरमध्यकाल वा श्रृङ्गार काल :

मोतीराम भट्टको उदयपश्चात्, लगभग १९४०देखि श्रृङ्गारकालको आरम्भ मानिन्छ । कोतको आगनलाई रक्ताम्य भिजाएर जङ्गबहादुरले जगबसालेको राणाहरूको जहानिया एकतन्त्री शासनको क्रुररूपदेखि भीमसेन थापाको अङ्गेज विरोधी कृतिका झिल्का यहाँ देख्न सकिन्छ । सुगौली सन्धिको घाउलाई समन गर्न जन्मेको श्रृङ्गारिक धारा यसकालको लोकप्रिय धारा बन्न पुगेको छ । यस कालका प्रतिनिधि कवि मोतीराम भट्ट (वि.सं. १९२३-०५३) मानिन्छन् । यिनका 'उषाचरित' १९५७, 'मनोद्वेग प्रवाह' १९५७, 'विकदुत' २०१९, 'कमलभ्रमण सम्वाद' श्रृङ्गारिक रचना हुन् भने 'स्वप्नाध्याय' १९४७, 'पञ्चकप्रपञ्च' १९४८, 'तीजको कथा' १९४८, 'गजेन्द्रमोक्ष' १९४८, 'प्रहलादभक्ति कथा' १९४८, कवि समूहर्ग अन्य विषयका कृति हुन्[७] । यसबाहेक यसकालका कविकारूपमा सम्भुप्रसाद ढुङ्गेल (१९४६-०८६) लक्ष्मीदत्त पन्त (१९२३-०५३), तेजबहादुर राना, नेवारी कवि रत्नलाल, मुस्लिम कवि अजद हुसेन, तीर्थराज पाण्डे (१९२९-०७६), दानराज लामिछाने (१९२७-०७७) आदि प्रसिद्ध मानिन्छन् ।

### २.४.४ (घ) प्राक्आधुनिक काल :

प्राक्आधुनिक काल नै आधुनिक कालको सुनौलो बिहानी मानिन्छ । श्रृङ्गारकाल सुक्तिसिन्धु (१९७४) श्रृङ्गारकालको चरमविन्दुमा पुगेपछि समाप्त हुन्छ । प्रथम विश्वयुद्धसँग सम्बन्ध नरहे पनि छिटफुट रचनाका शेष यस कालका रचनामा पाइन्छन् । बुद्धिवादी, स्वच्छन्दतावाद, मानवतावाद, रहस्यवाद, मनोविश्लेषणवाद, प्रगतिवाद जस्ता नवीन प्रवृत्तिका लक्षणको पृष्ठभूमि यसकालमा निर्माण भएको पाइन्छ । लेखनाथ पौड्यालको 'ऋतुविचार' (१९७३), 'बुद्धिविनोद' (१९७३) ले पनि साविकबाटो छाडेर बेग्लैबाटो हिँड्नु यसकालको मूल उपलब्धी हो । धरणीधर कोइरालाको (१९४९-२०३६) को 'नैवेद्य' (१९७६), 'स्पन्दन' (२०४०) महानन्दसापकोटाको 'मनलहरी' (१९८०), 'अपुङ्गो' २००७ 'विशाल नेपाल'

प्रकाशित भएका छन् । (२००८) बालकृण सम (१९५९-२०३८), लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) सिद्धिचरण श्रेष्ठको (१९६९-२०४९), भीमनीधि तिवारी, केदारमान व्यथित, गोपालप्रसाद रिमाल, भवानी भिक्षु माधवप्रसाद देवकोटा आदि आधुनिक कालका उदीयमान पूर्वविन्दु मानिने कविहरूको कविताका बीजाङ्कुर यसै समयमा संङ्केतको रूपमा देखा परेको पाइन्छ ।

**२.४.५ (ङ) आधुनिक काल :**

नेपाली साहित्यमा आधुनिक काल भन्नाले वि.सं. २००८ सालदेखि हालसम्म भन्ने बुझिन्छ । २००७ सालको क्रान्तिको उपलब्धी नै प्रजातन्त्र र आधुनिक काल हो । तीब्रतर बदलिँदा सामाजिक मान्यताले जनमानसमा क्रान्तिकारी परिवर्तन ल्याई पूरानो काँचुली फ्याकेर साहित्यका क्षेत्रमा नयाँ जुनि फेर्ने मौका पाएको हो । सामाजिक, राजनैतिक र व्यक्तिगत स्वतन्त्रको १०४ वर्षदेखि खोल्न वर्जित गरिएको दैलो लामो सघर्षद्वारा खोलिई परम्परागत बोकिएका पूराना मान्यता र मर्यादालाई शङ्काको नजरले हेर्न थाल्यो । राणाकालको शासन समाप्त भएपछि जनताले गरेको आशातीत प्राप्त हुननसक्दा चारैतिर फेरि निराशा, विघटन, अस्थिरता अविश्वास र अन्योलपनको चकचकी बढ्यो । परिस्थितिले मानिसलाई जीवनको मूल्य खोजी गर्न बाध्य बनायो । फलत : यसको प्रत्यक्ष प्रभाव आधुनिक साहित्यमा गरी यसले नयाँ रूप धारणा गर्ने अवसर प्राप्त गऱ्यो । यथार्थ र वैज्ञानिक दृष्टिकोणलाई स्वीकार गरी काव्य सिर्जना गर्ने प्रवृत्तिको थालनी भयो । नयाँ-नयाँ कविताहरूको प्रयासले गर्दा आधुनिक साहित्यमा कविताले झन फस्टाउने मौका पायो ।

नेपाली साहित्यमा वास्तविक कविताको जन्म कुनै एक स्रष्टाबाट मात्र नभई विभिन्न कविहरूको सामुहिक प्रयासबाट भएको पाइन्छ । यस अवधिमा गद्य कवितामा प्रयोगवादी, प्रगतिवादी प्रतिकवादी, यौनवादी, अस्तित्ववादी, विसङ्गतिवादी, राल्फाली, आएमेली अन्दोलन, तरलतावादी,भोको कविता र नयाँ कविताजस्ता विभिन्न धारामा कविता पाइन्छन् । विशेषतः आधुनिक कालमा पद्य भन्दा गद्य कविता फस्टाएको पाइन्छ । नवचेतनाको प्रखर बौद्धिक अभिव्यक्ति र संवेदनशीलताको सूक्ष्म वाहकका रूपमा नयाँ शैलीका कविताहरूमा 'मोहन कोइरालाका कविता' २०३०, त्यस्तै 'सारङ्गी बोकेको समुद्र', 'हिमचुली रक्तिम छ', 'नदी किनाराको माझो' २०३८, 'एउटा पपलरको पात'२०४७, सङ्ग्रहका रूपमा फिजिएका छन् ।

सामाजिक कुरीति र वेतिथिप्रति व्यङ्ग्य प्रहार गर्ने विजयमल्ल (१९८२) का आरम्भिक कविताहरू प्रगतिवाद र प्रयोगवादको दोहोरो जालमा अल्झेर जटिल हुन पुगेको पाइन्छ ।

विजयमल्लका कविता सङ्ग्रहमा सङ्किलित कविताहरू 'भन्ज्याङनिरै' २००८, मा समेटिएका छन् । आनन्ददेव भट्ट (१९८७) का 'अब हिमाल बोल्छ' २०१५, 'जीवनकै थुम्काबाट' २०१६, 'आमा बोलाउछिन' २०१६, 'तिमीलाई देख्दा' २०१७, 'साहिँली मैया' २०१८, आदि कविता सङ्ग्रह र केही खण्डकाव्य प्रकाशित छन् । त्यसैगरीकुमार नेपाल (१९८०) का यौनको चित्रण र विश्लेषण गरिएका कविताहरूमा 'चर्केको पर्खाल' २०१९ प्रसिद्ध छ । हास्यव्यङ्ग्य फाँटमा बासुदेव शर्मा लुइटेल (१९७४) का 'भीमसेनप्रति' कविता सङ्ग्रह छरिएका 'फूल र सञ्चयनी' २०३८, 'हाम्रो गीत', 'एक अञ्जुली' २०३६ कविता सङ्ग्रहमा छन् । उसको स्मृति खण्डकाव्य लेख्ने 'विष्णु नवीन' (१९९५)को 'आरम्भ आवाज : अन्त आवाज' २०३८, 'बासीभात' २०३८ र 'बत्तीस कुलच्छिन' २०३९ त्यस्तै कविता सङ्ग्रह लेख्ने ध्रुवकृष्ण दिप (१९९०) र फुटकर कविता लेख्ने रामकुमार पाण्डे (२००३) यस समयका महत्वपूर्ण कविताहरू छन् ।

गद्य कविताबाहेक पद्य कविताले पनि आधुनिक नेपाली साहित्यलाई विकासतर्फ लैजाने काममा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । पद्यमा संस्कृत वर्णमातृक र लोकछन्द प्रसिद्ध मानिन्छन् । पद्य कविता लेख्ने कविहरूमा म.वि.वि. शाह (१९७७-२०२८) का लयात्मक संवेदनशील गीत एवम् कविताहरूमा 'उसैका लागि' २०१५, 'फेरि उसैका लागि' २०२१ को महत्वपूर्ण स्थान रहेको छ । संस्कृत छन्दका कवितात्मक कृतिका निर्माता हरिहर शास्त्री (१९८०-२०३४) महाकाव्य 'उषा विनोद' २०२४ र 'रम्भा' २०२५, खण्डकाव्यमा 'अनभिज्ञता' २०२५, 'शोभाशशि' २०२६, देवी २०२८, 'सिक्री' २०२८, सगरमाथा २०३५ कवितासङ्ग्रहमा 'मनको छाल' २०२३, 'समयको फूल' २०२८, 'ठोक्किएका रित्ता हातहरू', 'डाँडामा परेका पाइलाहरू' आदि उपलब्ध छन् । लोकछन्दलाई स्वीकार्ने धर्मरान थापा (१९८१) का 'बनचरी' २००३, 'रत्न जुनेली' २००३, 'पहाडी सङ्गीत' २००३, 'कालीको लहर' २००९, 'कोशेली' २०१०, 'मङ्गली कुशुम' २०२५ र 'गोलसिमल' २०३६ आख्यानात्मक एवम् प्रतिकात्मक संरचना भएका प्रसिद्ध कृतिहरू देखिन्छन् । भ्याउरे छन्दमा जनगीत रचना गर्ने प्रगतिवादी कवि गोकुलप्रसाद जोशी (१९८७-२०१८) का काव्यकृतिहरू मध्ये 'नेपालको भविष्य र फूलवारी नेपाल' २०१२, 'डा.के. आइ. सिंहलाई स्वदेश आउन देऊ' २०१२, 'नवप्रभात' २०१२, 'बाँच र बाँच्न देऊ' १०१४ 'सिमानाको लिप' २०१५, आदि अहिलेसम्म प्राप्त भएका प्रसिद्ध कृति मानिन्छन् ।

छन्दबद्धता र लयात्मकतामा रम्ने सुधारवादी कविताका समर्थक सौन्दर्यवादी कवि कञ्चन पुडासैनी (१९९३) का 'प्रेम' २०१२, 'कवि' २०१८, 'प्रेमको चिठी' २०१८, 'अक्षरहरू' २०२०, 'सम्भावना' २०२८, 'प्रस्थान' २०३३, 'कवितै कविता' २०३८, आदि प्रकाशित छन् । यस्तै नेपाली कविताले २०३०-२०४० को दशकमा नयाँ मोड लिएको पाइन्छ । यस दशकका नेपाली कवितामा समसामायिक अनुभूतिको प्रमाणित अभिव्यक्तिका रूपमा देखा परेको पाइन्छ । हाल सशक्त रूपमा कविता रचना गर्ने कविहरूमा गोपाल पराजुली, रमेश खनाल, विक्रम सुब्बा, विजय सागर, विदुर के.सी. विधान आचार्य, शिवभक्त शर्मा सुधा त्रिपाठी, हर्ष सुब्बा, हिरा आकाश, ज्ञानेन्द्रप्रसाद घिमिरे आदि छन् ।

विविध विधाका रचनाहरूलाई अध्ययन गर्दा लगभग साढे दुई शताब्दीभन्दा बढी लामो अविरल यात्रा गर्ने नेपाली कविता नेपाली साहित्यको प्रतिनिधि विधा हो भन्दा पनि हुन्छ । पुरानो परम्परागतबाटोमा बग्दै नयाँ दिसाको खोजी गर्न सफल र अवाध रूपमा अघि बढेको नेपाली कविता मुक्तक जस्ता छोटा रूप देखि महाकाव्यजस्ता ठूला रूपसम्ममा मौलाइएको पाइन्छ । हाल यो विधा आख्यानात्मक, नाटकीय र प्रगीतात्मक संरचना भएका कृतित्वद्वारा समृद्ध हुँदैं गएको छ । विभिन्न कालका विभिन्न धारा एवम् उपधारा हुदैं अहिले यसले आधुनिकतालाई दरो गरी अँगालेको छ । लामो समयदेखि एक मात्र माध्ययम पद्य रहेको कविता आधुनिक कालमा आइपुग्दा एक सशक्त गद्यको माध्ययम बनेर विकसित र परिपुष्ट भैसकेको छ । गद्य र पद्य यी दुई माध्ययमलाई तुलना गरेर हेर्ने हो भने नेपाली कवितामा गद्य विधाकै जगजगी पाइन्छ । प्रयोगका अनेक प्रयासबाट अघि बढ्दै नेपाली कविताले अहिले समृद्ध, पौढ र सबल रूप प्राप्त गरिसकेको छ ।

## २.५ कथा विधा :

कथा विधाको ऐतिहासिक अध्ययन गर्दै जाँदा शिकारी अवस्थाको पाषाण युगदेखि नै कथा भन्ने र सुन्ने चलन थियो भनी अनुमान गर्न सकिन्छ[७] ।

पहिले-पहिले अद्भुत कल्पनाका कथा चल्नुभन्दा पूर्व यथार्थ अनुभवजनित घटना भन्ने चलनमा कल्पनाको पनि केही मद्दत लिएर कथा भन्ने चलन आयो होला । कथाका अवशेषहरू हाम्रो द्वापर त्रेता युगमा सुर असुरका कथाहरू हामी विभिन्न पूराणमा सुन्दै आएका छौँ । संस्कृतको भारवीद्वारा रचित 'किरातार्जुनीयम्' काव्यमा अर्जुनलाई धनुर्वेद

७. ऐजन ......................................पृष्ठ ४२

सिकाउने युद्धमा मद्धत गर्ने उही किरातेश्वर थिए जो हाम्रो देश नेपालसँग सम्बन्ध छ । यसरी कथाको बिजारोपण मानव सभ्यताको विकाससँगै भएको मानिन्छ । आधुनिक समीक्षाशास्त्रअनुसार कथा आफ्नै प्रकारको स्थापत्य कला हो । गद्य शैलीको रूपमा यसको विकास भएको हुँदा प्राय: ऐतिहासिककालीन पौराणिककथा र लोककथा परम्परागत आधारित कलासौन्दर्यको निर्माण भयो । यसको स्थापत्यकालमा कलात्मकता कार्यव्यापार तथा द्वन्द्व पात्रको मानसिक संवेदना, भाव, संवेग आदि परम्परागत संस्कारहरू कथामा पाइन्छन् । पूर्वीय तथा पाश्चात्य दुवै परम्परामा कथाको परम्परा पूरानो रहेको पाइन्छ । पूर्वमा ऋग्वेद ग्रन्थ, उपनिसद्ले प्राचीन कथाको प्रारम्भ गरेको पाइन्छ । लौकिक साहित्यमा यस विधालाई रामायण र महाभारतले अघि बढाएका छन् । यसै सन्दर्भमा पञ्चतन्त्र, हितोपदेश, गुणाढ्यको वृहतकथा, सोमदेवको कथासरितसागर क्षेमेन्द्रको वृहत कथामञ्जरी, वेताल पञ्चविंसतिका आदिलाई अघि सार्न सकिन्छ भने पश्चिममा कथापरम्पराको प्राचीन रूप इजिप्टका दुई दाजुभाइलाई मानिएको छ । जो इ.पू. ३००-४०० का बीचको हुन सक्छ । नेपाली भाषाको पहिलो कथात्मक कृति शक्तिवल्लभ अर्यालको महाभारत वीराटपर्व (१८२७) मानिन्छ । यसरी हेर्दा नेपाली कथाको आधारभूमि पौराणिक ग्रन्थबाट सुरु भएको थियो । शक्तिवल्लभ पछि भानुभक्तद्वारा अनुदित 'हितोपदेश, मित्रलाभ' १८३३ लाई लिन सकिन्छ । त्यसपछि  रचनाकार अज्ञात रहे तापनि 'पिनासको कथा' १८७२, 'दशकुमार चरित' १८७५, 'तीन आहान' १८७६ आदि नेपाली कथाका बीचका रूपमा सावित छन् । यस्तै स्वस्थानी 'व्रतकथा' १८७८,'सोमपुरको बाइबल' १८८४, 'महाभारत गधापर्व' १८८६, 'सुकुल गुन्डाको कहानी', 'आदर्श पत्नी', 'कर्मकोफल' जस्ता कथाहरू गोरखा भारत जीवन, सुधासागर, चन्द्रिका, माधवी इत्यादि पत्रिकामा पाँच दर्जनभन्दा बढी कथा प्रकाशित भएको पाइन्छ[८] ।

नेपाली कथाको इतिहासमा आधुनिक काल  करिव साढे सात दशकको रहेको छ । जसमध्ये पहिलो तीन दशक (१९९२-२०१९) यथार्थवादी युग, पछिल्लो दुई दशक २०२०-२०३९ नवचेतनावादी युग, त्यसपछिको युगलाई समसामयिक युग, भनी नामाकरण गरिएको छ[९] । काठमान्डौँबाट प्रकाशित शारदा पत्रिका १९९२ लगायत 'उदय' १९९३, 'साहित्यश्रोत' २००४, 'हाम्रो कथा' २००४,'प्रभात' २००८, 'प्रगति' २०१०, 'धरती', २०१३ आधुनिक काल सुरु गर्ने ऐतिहासिक पृष्ठभूमि हुन् ।

८. दयाराम श्रेष्ठ ने.सा. संक्षिप्त इतिहास (साझाप्रकाशन २०६४ पृष्ठ ७६) काठमान्डौँ

९. ऐजन ..................................................... पृष्ठ ८१

गुरूप्रसाद मैनालीको नासो १९९२ बाट यथार्थवादी कथाको सुरुवात भएको मानिन्छ । नासोको ६ महिना कान्छो भएर वि.पिको 'चन्द्रवदन' शारदामा छापियो । यसमा मनोवैज्ञानिक कथावस्तुको सङ्केत पाइन्छ । वि.सं. २००० को दशकबाट यथार्थतालाई पन्छाउदै नेपाली कथा विधाले राजनीतिक मोड लियो, जसमा विजय मल्ल, शिवकुमार राई, देवकुमारी थापा, केशवलाल कर्माचार्य, जयनारायण गिरी, शङ्कर कोइराला, अच्छा राई, बालचन्द्र शर्मा, सुरेन्द्रबहादुर शाह, तेजबहादुरप्रसाद, विष्णुप्रसाद धिताल, बदरीनाथ भट्टराई, कृष्णचन्द्र सिंह प्रधान, प्रेम थापा, हरिमदन गुरुङ्ग, चन्द्रकान्त दर्नाल जस्ता कथाकारले आधुनिक चिन्तनमा ठूलो योगदान पुऱ्याए । २००७ सालको क्रान्तिपछि आधुनिक नेपाली कथाको चेतनास्तरमा अर्कै शक्ति र सामर्थ्यको प्रादुर्भाव भयो । सामाजिक यथार्थवाद र प्रगतिवादको प्रभावकारी आन्दोलनको रूपमा देखा पऱ्यो । नेपाल तथा भारतमा साहित्यिक संघसंस्था खोलिएर विभिन्न पत्रपत्रिकाको प्रकाशन भयो । यस्ता कथासङ्ग्रहहरूमा मुख्यगरी 'कामरेड जाने होइन ?' २००९ 'आत्मज्वाला' २००९, 'गाउँको सन्देश' २०१०, 'नभाग' २०११, 'कालोभूत' २०११, 'पहिलो यात्रा' २०१२, 'साहित्य' २०१६ उल्लेख्य रहे । यसकालका कथाकारहरूमा डि.पि. अधिकारी, गोविन्दप्रसाद लोहनी, भवानी घिमीरे, यज्ञप्रसाद आचार्य, बालकृष्ण पौडेल, देविमणि ढकाल, श्यामप्रसाद अधिकारी, तारानाथ शर्मा, कृष्णप्रसाद सर्वहारा,चुडामणि रेग्मी बल्लभमणि दाहाल, विष्णुप्रसाद नेपाली, माधव भण्डारी, लोकेन्द्रराज शर्मा, भुवनेश्वर खत्री शिवकुमार प्रधान, मुख्यरूपमा केन्द्रित रहेका छन् ।

वि.सं. २०२० को दशकदेखि नेपाली कथाको इतिहासमा नवधारा भित्रियो जसलाई नवचेतनावादी युग भनिएको छ[10] । यसयुगको ऐतिहासिक निर्णय गर्दा इन्द्रबहादुर राइले नेतृत्व गरेको आयमेली आन्दोलनसँग मेल खाने खालका रचनाहरू पाइन्छन् । नवचेतनावादी युगले नयाँ पुस्ताका कथाकारहरूको उत्साहबाट निर्मित भएपनि पुराना पुस्ताका कथाकाहरूबाट अछुत रहन पूर्णरूपमा सकेको भने पाइँदैन । यस समयका कथाकारहरूमध्ये ओममणि शर्मा, मुरारी अधिकारी, विश्वम्भर चञ्चल, कुमुद देवकोटा, योगेन्द्र तिमिल्सेना, पद्मावती सिंह, विनपकुमार कसजु, भागिरथी श्रेष्ठ, मनु बज्राकी आदि प्रख्यात मानिन्छन् ।

वि.सं.२०४० को दशकमा नयाँ पुस्ताका प्रतिभाशाली कथाकारहरूका साथै नवचेतनावादी कथाकारको एउटा ठूलो जमातले नेपाली कथालाई विश्व सन्दर्भसँग जोड्ने र

---

१०. ऐजन, ............................................................. पृष्ठ ८५

त्यसमा आफ्नो राष्ट्रिय अस्मितालाई कायम राखी कल्पना र विसङ्गतिका माध्यमबाट छुट्टै पहिचान राख्ने प्रयत्न गरेको पाइन्छ । २०४६ साल पछिका कथाकारहरूमा भने कुनै अङ्ग रङ्गिएको बसन्तझैं कतै सातो हराएको बालकझैं देखिएको अवस्था छ । चित्त नबुझेको क्षेत्रमा तत्काल प्रतिक्रिया जनाइ हाल्ने र आलोचना गर्ने टुङ्गोमा नपुग्दै फर्सी गलेझैं गल्ने, विकराल वर्तमान विकृति र विसङ्गतिको वातावरणले प्रदूषित भएको असरले सायद यस्तो अपाङ्गता भएको हुन सक्छ । सायद स्वाथसँग देखावती अनुसाशनको मितेरी लागेर हुन सक्छ नैतिकता नाराबाजीमा सीमित भएपछि आकाश रुँदोरहेछ । आँसुले भिजेर धर्ती लङ्गडो हँदोरहेछ अहिले नेपाली कथाको स्थिति पनि त्यस्तै कुहिरोमा  हराएको कागजस्तै देखिन्छ ।

## २.६ आधुनिक नेपाली नाटक :

नेपाली साहित्यमा श्रव्य र दृश्य दुई भेदमध्ये दृश्यभेदमा नाटक पर्दछ । नाटकमा नाटककार, रङ्गकर्मी र प्रेक्षक गरी तीनपक्षसँग उत्तिकै सम्बन्ध हुने हुनाले यसको स्वरूप त्रिआयामिक हुन्छ । स्वरूप एवम् बनोटलाई दृष्टिगत गरी नाटकको परिभाषा यसरी दिनसकिन्छ । आख्यानात्मक कथाको अनुकार्य प्रधान सम्वादात्मक रचना नाटक हो[११] । पूर्व र पश्चिमका साहित्यमा नाटक पूरानो विधा हो । हाल राष्ट्रिय अभिलेखालयमा १५० जति संस्कृत मैथिलि र नेवारी भाषाका पाण्डुलिपि रहेको जानकारी पाइन्छ । वि.सं. १९५० मा दरबारिया नाटकघरको सिर्जना गरेर वीर शमशेरका पालादेखि नाटकले आँखा उघार्ने मौका पाएको थियो । आधुनिक साहित्यमा नेपाली नाटकका आरम्भ कर्ता मोतीराम भट्ट १९२३-१९५३ ले 'साकुन्तलको रचना' (१९४४-१९४८) 'पियदर्शिका' १९४८, 'पद्मावती अपूर्ण', त्यसपछि सिद्धिचरण श्रेष्ठ (१९६९-२०४९)का 'राम र बाली' भन्ने नाटक देखिएको पाइन्छ । 'माधव घिमिरेको सकुन्तल' २०३८ गीती नाटक प्रकाशित छ । सत्यमोहन जोशीका (१९७७) का सिपाही र रैती २०२५ र 'दैलाको बत्ती' २०२८ नाटक मुद्रित छन् । यसैगरी शङ्कर कोइरालाले 'सती' २०२६, 'पिठ्युको भारी' २०४४ सुरेन्द्रप्रसाद शाह (१९८८) ले 'झागल गुरुङ्ग' २०११, 'अन्धविश्वास' २०१४ र लीलाबहादुर क्षेत्री (१९८९) को 'दोबाटो' १९१४ ले नाटकी श्रृङ्खलालाई अघि बढाएका छन् । आधुनिक नाटकतर्फ अध्ययन गर्दा धुवचन्द्र गौतमको त्यो 'एउटा कुरा' २०३०, 'भस्मासुरको नली हाड' २०३७ नाटक प्रकाशित भएका छन् । अशेष मल्ल (२०११) का थुप्रै

---

११. ऐजन, ........................................................................ पृष्ठ १३२

नाटकमध्ये 'तुवाँलोले ढाकेको बस्ती' २०३१, 'सडकदेखि सडकसम्म' २०३७, हामी वसन्त खोजिरहेछौँ आदि मञ्चित एवम् प्रकाशित भैसकेका छन् । सरुभक्त (२०१२) को 'युद्ध उही ग्यास च्याम्वर भित्र' २०४०, 'एउटा घरको कथा' २०३६ र 'गोलर्द्धको कालो आकासमा' नयाँ शिल्पको प्रयोग भएको पाइन्छ ।

यसरी नेपाली नाटकको थालनदीखि अहिलेसम्म गहकिला भाव कथ्य शिल्प र संरचनामा मिठास थप्दै नेपाली साहित्यमा आधुनिक प्रयोगवादी दृष्टिकोणको अवधारणाबाट लोकप्रिय बन्दै गएको अवस्था छ ।

## २.७ आधुनिक नेपाली उपन्यास :

नेपाली उपन्यासको इतिहास अध्ययन गर्दा कथाको इतिहास जत्तिकै लामो छ । पत्रकारितासँग संबद्ध भई क्रमिकरूपले विकासको सोपान चढ्ने सौभाग्य यस विधाले पाएको छ । यसको ऐतिहासिक पृष्ठभूमि केलाउँदा माहाभारत वीरात् पर्वमा पुग्नुपर्ने हुन्छ । 'नलोपाख्यान' १९५९, 'चन्द्रकान्ता', 'महेन्द्रप्रभा', 'प्रारब्धदर्पण' १९६७, 'बहादुर चरित' १९५७, 'चन्द्रशमशेर' १९७१, हुँदै रुद्रराज पाण्डेको रूपमातीबाट अघि बढी विष्णुचरण श्रेष्ठको सुमति १९९१बाट आधुनिकतामा प्रवेष गरी 'भीमप्रतिज्ञा' १९९३, रूपनारायण सिंहको भ्रमर १९९३, 'योवनको आँधी' आदि १९९६ हँदै अघि बढेको छ । गोविन्दबहादुर गोठालेको 'पल्लोघरको झ्यालबाट' मनोवैज्ञानिकतामा प्रवेश गरी विजय मल्लको 'अनुराधा' २०१८बाट अघि बढ्न थालेको पाइन्छ । त्यसैगरी हृदयचन्द्र सिंह प्रधानको 'एक चिहान' २०१७ 'शङ्कर कोइरालाको' 'खैरेनिघाट' हुँदै इन्द्रबहादुर राइको १९८२ को 'आज रमिता छ' २०२१ म विसङ्गतिवादको दैलो उघार्न पुग्छ । त्यस्तै पारिजातको 'महत्ताहीन' २०२५ र 'बैंसको मान्छे' २०२९ ले केही अघि बढ्ने प्रेरणा दिंदै धुवचन्द्र गौतमको 'एक सरमा एक कोठा' २०४६, 'उपसंहार तथा चौथो अन्त्य' २०४८, 'बकपत्र' २०४६, 'भीमचरण थापाको शारदा' २०४६, शङ्करप्रसाद श्रेष्ठको 'दृष्टिकोण' २०४७ सरुभक्त कटवालको 'पागल बस्ती' २०४८, 'कृष्ण गौतमको स्वर्गविम्व' २०४८ प्रसिद्ध मानिन्छन् । नयनराज पाण्डेको 'अतिरिक्त' २०५० र 'उलार' २०५३, ध्रुवचन्द्र गौतमको 'अग्निदत्त+अग्निदत्त' २०५२ र 'फुलको आतङ्क' २०५५ प्रसिद्ध छन् । शिव अधिकारीको 'आखेट' २०५३, सम्मिता नेपालका 'एकान्त पनि रुन्छ' २०५३ र 'मेरा छात्तीका कोलाजहरू' २०५५, खगेन्द्र प्रधानको 'हारी' २०५०, सरुभक्तको 'तरुनी खेती' २०५३, महनमणि दीक्षितको 'त्रिवेणि' २०५२, रमेश विकलको 'सागर उर्लन्छ

सगरमाथा छुन' २०५२, राजेश्वर देवकोटाको 'पूर्णिमा' २०५४ यस दशकका प्रसिद्ध उपन्यास मानिन्छन् ।

यसरी १९९० को दशकबाट नेपाली उपन्यासको आरम्भ भई आधुनिक कालको सोपान चढ्ने मौका पायो । पाश्चात्य विधाको प्रभाव पनि यस कालका उपन्यासमा नगव्य प्रभाव पनपरेको अवश्य होइन । मुलभूत रूपमा नेपाली उपन्यासमा हेर्दा प्रतिभाले आफ्नो युगको स्थिति साँस्कृतिकक परम्परा, र आफ्नो सूक्ष्म मानसिक चेतनालाई व्यक्त गरेको पाइन्छ । यति हुँदाहुँदै पनि यस क्षेत्रको गहिराइमा पुग्न अझैं धेरै चुनौति रहेको अनुमान गर्न सकिन्छ ।

## २.८ आधुनिक नेपाली निबन्ध :

अन्तरङ्ग विचार र भावना अभिव्यक्त भएको वा बहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको समय र स्थानगत सीमभित्र बाँधिने बाध्य नभएपनि निश्चित प्रकारको शिलशिला तथा अनुक्रमयुक्त विषय विशेषमा केन्द्रित कलात्मक गद्य रचनालाई निबन्ध भनिन्छ[1] । संक्षिप्तता, एकता र स्पष्टता निबनधको विशेषता मानिन्छ । विशेषगरी निबन्ध लधु आकार नै राम्रो मानिन्छ । ऐतिहासिक चर्चा गर्दा पृष्ठभूमिकालका रूपमा 'दिव्योपदेश' १८३१बाटै चर्चा गर्न उपयुक्त मानिन्छ । 'लक्ष्मीधर्म सम्वाद' १८५१, 'तुलसिस्तव' १८६६, 'गोरक्षयोग' शास्त्र १८७७, 'राजधर्म' १८८८, सुन्दरानन्द बाँडाको 'त्रिरत्न सौन्दर्य गाथा' इत्यीदबाट नै यस विधाको सुरुवाद भएको मानिन्छ । त्यसपछि 'जङ्गबहादुरको बेलायत यात्रा' १९१०, 'कवि भानुभक्तको जीवन चरित्र' १९४८, 'आफ्नो कथा' १९५५, ऐतिहासिक विकासको महत्वपूर्ण उपलब्धी मान्न सकिन्छ । सारदा पत्रिकाकै सेरोफेरोमा लक्ष्मीप्रसाद देवकोटाद्वारा अनुदित 'प्रसिद्ध प्रबन्ध सङ्ग्रह' १९९८, ने.भा.प्र. द्वारा प्रकाशित नेपाली गद्य सङ्ग्रह भागएक पनि नेपाली निबन्धको गतिशील स्वरूप मान्न सकिन्छ । वि.सं. २००० को दशकमा लक्ष्मी निबन्ध सङ्ग्रह २००२, नेपाली गद्य सङ्ग्रह २००२, भेषराज शर्माको 'के कस्तो ?' २००३, हृदयसिंह प्रधानको 'भूस्वर्ग' २००३, र 'तीस रूपैंयाको नोट' २००४, युगवाणि (२००४) पत्रिकाको प्रकाशन यस दशकका नेपाली निबन्धका विशेष उल्लेखनिय काल मानिन्छन् । वि.सं. २००७ सालको क्रान्तिपछि नेपालमा हास्यव्यङ्ग्य युक्त निबन्ध झन फस्टाउने मौका पाएको पाइन्छ । यसै क्रममा निबन्ध क्षेत्रमा एउटा नौलो फाँट, लिएर श्याम गोतामे,

१२. ऐजन, ..........................................................................................पृष्ठ ११५

रामकुमार पाण्डे, घटोत्कच शर्मा, अनिकाले ओभ्का, मोहनराज शर्मा, ध.च. गोतामे, विश्व शाक्य, खेममणि काफ्ले आदि देखा परे भने आधुनिकताको साँचो लिएर मुकुन्दशरण उपाध्याय, खेमराज केशवशरण वासुदेव शर्मा, कृष्णधारावासी मदनमोहन मिश्र, गणेश निरौला, राजेन्द्र सुवेदी वानिरा गिरी, जनार्दन आचार्य निबन्धकारहरू देखा परे । समग्र इतिहासको अवलोकन गर्दा लेखकको आत्मपरक भावक्रियाका साथै अर्जित ज्ञानको अभिव्यञ्जना आधुनिक निबन्धमा भएको पाइन्छ ।

## २.९ आधुनिक नेपाली जीवनी विधा :

व्यक्ति विशेषको सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना, मानसिक प्रभाव, अनुभव तथा क्रियाकलापको क्रमवद्ध विवरण सविस्तार वर्णन गरिएको गद्य रचनालाई जीवनी साहित्य भनिन्छ । जीवनी साहित्यलाई इतिहासकै एक अंश मान्न सकिन्छ । आत्मकथापनि जीवनी साहित्यकै यस्तो प्रकार हो, जसमा कुनै व्यक्ति आफ्नो जीवनको प्रकाश पार्दछ ।

नेपाली जीवनी साहित्यको ऐतिहासिक आधार खोज्दै जाँदा वि.सं. ५२१ चागुनारायणको मानदेवको लिच्छवीकालीन अभिलेख, वि.सं. ७८८ जयदेव द्वितीयको पशुपतिको अभिलेख, वि.सं. १३९४ को पुण्यमल्लको अभिलेख सम्म पुग्न सकिन्छ । नेपाली साहित्यमा मोतीराम भट्टद्वारा रचित भानुभक्तको जीवनचरित्रबाट सुरु भएपनि यसको विकसित रूप आधुनिक कालको गौंडो २००७ साल देखा पर्छ । वि.सं. २००८ सालमा सहिद स्मारक समितिले सहिद श्रद्धाञ्जलिमार्फत सहिदहरूको जीवनी प्रस्तुत गर्‍यो । यसैगरी देवकुमारी सिंहको ‘पुण्यात्मा आमा’ वदरीनाथ भट्टराईको ‘नेपालका तारा’ २०१०, नरसिंह भक्त तुलाधरको ‘नेपालका चारमहापुरुष’, बाबुराम आचार्यको ‘पृथ्वी नारायण शाहको जीवनको पूर्वाद्ध’ २०११, वि.पिको ‘मेरो जीवनको कथा’ २०११, राजनारायण प्रधानको ‘गौतमबुद्धको जीवन चरित्र’ २०१६, नरनाथ आचार्यको ‘महाकवि देवकोटा’ २०२७, यदुनन्द के.सीको ‘नेपालका महान् विभूतिहरू’ २०२८, खड्गमान सिंहको ‘जेलमा २० वर्ष’ २०३०, उत्तमबहादुर सिंहको ‘मानवतावादी राजा’ जयपृथ्वीबहादुर सिंह २०३५ वि.पिको आफ्नो कथा २०४०, ध्रुवचन्द्र गौतमको ‘बाल्यकाल’ २०४१, नरहरि आचार्यको ‘पण्डितराज सोमनाथ सिग्देल र उनको महाकाव्य साधना’ २०४१, हरिवन्दीको ‘रत्नबहादुर विष्ट’ २०४१, कोशला जोशीको ‘नेपाली साहित्याकासका सात तारा’ २०४४, नारदमुनि थुलुङ्को ‘विर्सेका अनुहारहरू विर्सन नसकिएका घटनाहरू’ २०४५ आदि चर्चित कृतिहरू प्रकाशित छन् ।

जीवनी साहित्यमा साधनारत व्यक्तित्वमध्येमा मोतीराम भट्ट, पहलमान सिंह स्वाँर श्री ५ त्रिभुवन, श्री ५ महेन्द्र, गोपालप्रसाद पाण्डे, 'असिम' नरनाथ आचार्य, ध्रुवचन्द्र गौतम, पारसमणि प्रधान, नरभक्त सिंह तुलाचन, बासुदेव भट्टराई आदि अमूल्य निधि मानिन्छन् । विसौं शताब्दीको मध्येसंघारबाट यस विधाले फुल्ने कोशिस गरेता पनि थालनिकै झण्डै ६ दशकसम्म राणा राजनितिको प्रभावले राम्रोसँग विकसित हुन सकेन । वि.सं. २०२० को दशकबाट भने फराकिलो मैदान फेला पारेको भन्न सकिन्छ र नेपाली साहित्यकारले पनि यो विधालाई बढी रुचि राखेको पाइन्छ ।

## २.१० आधुनिक नेपाली साहित्यप्रवर्द्धनमा लागेका संस्थाहरू :

साहित्य, वास्तवमा प्रत्यक्षत : मानव जीवन जगतबाट उत्पन्न हुन्छ । प्राचीन कालदेखि नै मानिसको प्रवृत्ति सुखको नजिक र दुःखको टाढा रहने पाइएको छ । यसरी मानिस सुखको पक्षपाति र दुःखको विरोधी भएको परिप्रेक्ष्यमा साहित्यले मात्र कसैलाई दुःख नदीई मानवहृदयलाई उल्लासमयपूर्ण बनाउन सक्छ । साहित्यमा जडता कहीँ भेटिदैन । साहित्यमा आकास पनि रुन्छ । पर्वत हाँस्न सक्छ । साहित्यको संसर्गको अणु अणुमा पनि सजीवता आउँछ अनि संसारका यावत् वस्तुहरू हाँस्न बोल्न, खेल्न, लाग्छन् । साहित्यले चेतन-अचेतन सबैलाई सौन्दर्य भरिदिन्छ । साहित्यबिना कुनै पनि व्यक्ति, समाज र राष्ट्र अलग रहन सक्दैन यो समाजको अपरिहार्य तत्व पनि हो । पृथ्वीनारायण शाहको एकीकरण कै सहकर्मी भएर साहित्य नेपाली जनमानसमा फैलेको पाइन्छ । अनेकौं उताव-चडाव पार गर्दै साहित्यले विसौं शताब्दीको अन्त्यतिरबाट आधुनिकता पहिल्याउदै मानव जीवनका सम्पूर्ण पक्षलाई समेटी आएको पाइन्छ । यसलाई अघि बढाउन व्यक्तिगत प्रयासले मात्र सम्भव थिएन । अत : साहित्यलाई सर्वमान्य बनाउन विभिन्न संघसंस्था मार्फत फलाउने फुलाउने कार्य भएको पाइन्छ । ती मध्ये केही उल्लेखनीय संस्थाहरूको बारेमा जनकारी गराउन आवश्यक महसुस भएको हुनाले क्रमशः वर्णन गरिने प्रयास गरिएको छ ।

### २.१०.१ गोरखा भारत जीवन :

आधुनिक नेपाली साहित्यलाई प्रवर्द्धन गर्ने क्रममा वि.सं. १९४३ मा भारतको वनारसबाट युवाकवि मोतीराम भट्टको सम्पादकत्वमा गोरखा भारत जीवन नेपाली भाषामा प्रकाशित भएको थियो । यो नै अहिले सम्मको प्राप्त विवरणमा पहिलो पत्रिका मानिन्छ । नेपाली साहित्यका क्षेत्रमा नयाँ जग बसाल्न यसको महत्वपूर्ण भूमिका रहेको छ । वनारसको

'नागरी प्रचारिणी सभा' ले प्रकाशित गरेको सो पत्रिका इतिहासमा उल्लेख भएर पनि अहिले सम्म अप्राप्य छ[१३] ।

**२.१०.२ सुधासागर (१९५५ साउन)**

गोरखा भरत जीवन प्रकाशित भएको लगभग १२ वर्ष पछि वि.सं. १९५५ साउनबाट नरदेव र मोतिकृष्ण शर्माको सम्पादकत्वमा पहिलोपटक नेपाली भाषामा नेपालकै भूमि काठमान्डौंबाट सुधासागर नामक पत्रिका प्रकाशित भएको थियो । पहिलो पटक नेपाली भाषाको नेपाली भूमिबाटै प्रकाशित भएको सो पत्रिका पनि अहिले सम्म प्राप्त हुन सकेको छैन । विविध जानकारीअनुसार नेपालबाट प्रकाशित भएको सुधासागर पत्रिका नै नेपालको पहिलो पत्रिका मानिन्छ । यसले पनि साहित्यका क्षेत्रमा प्रारम्भिक योगदान पुऱ्याएको मानिन्छ ।

**२.१०.३ गोरखा पत्र (वि.सं.१९५८ जेठ बदी ३ सोमवार)**

नेपाली भाषा र साहित्यको विकास गर्ने हेतुले देवसमशेर को प्रधानमन्त्रीत्व काल (२०५८) मा गोरखापत्र संस्थानको स्थापना भयो । यस संस्थानले सर्वप्रथम नरदेव र मोतिकृष्ण शर्माको सम्पादकत्वमा काठमान्डौंबाट आफ्नो साहित्यिक मुखपत्रको रूपमा गोरखापत्र नामक पत्रिका प्रकाशित गऱ्यो । यसले निरन्तर अहिलेसम्म समग्ररूपमा राष्ट्रकै कला, संस्कृति, साहित्य इतिहास आदि सम्बन्धी सरकारी तथा गैरसरकारी सूचना जनमानसमा पुऱ्याई ठूलो अतुलनीय योगदान पुऱ्याउदै आएको छ ।

२.१०.४ गोर्खेखवर कागज (ई.१९०१ जनवरी)

भाषा साहित्यकै क्षेत्रमा योगदान पुऱ्याउने लक्ष्य लिएर दार्जिलिङबाट साहित्यकार जङ्गाप्रसाद प्रधानको सम्पादकत्वमा नेपाली भाषामा गोर्खेखवर कागज नामक पत्रिका प्रकाशित भएको थियो । यसले भाषा सहित्यका साथ-साथै सामाजिक मूल्यमान्यता, मानवअधिकार, स्वतन्त्रताका केही मुद्दाहरूका बारेमा बुलन्द आवाज लिएर अघि वढी जनमानसमा चेतनाको लहर फैलाउन सहयोग प्रदान गरेको थियो ।

**२.१०.५ उपन्यास तरङ्गिणी (१९५९ साउन)**

नेपाली भाषाको प्रचार-प्रसार र भाषिक सुधार गर्ने हेतुले उपन्यास विधालाई विशेषगरी मध्येनजर गरेर बनारसबाट एस.एस. शर्माको सम्पादकत्वमा उपन्यास तरिङ्गिणी

१३. ऐजन, ........................................................................ पृष्ठ ११५

नामक पत्रिका प्रकाशित भएको थियो । यसले नेपाली साहित्य तथा सामाजिक संरचना राज्यव्यवस्था तथा सामाजिक जनजीवनमा भोग्नुपरेका दुःख, पीडा र वेदनालाई आफ्ना सहृदयी साथी बनाइ अघि बढेको थियो ।

नेपाली भाषाको प्रचार प्रसार र सुधार गर्ने हेतुले प्रथम विश्वयुद्धकै मध्ये संघारमा वि.सं. १९७० मा गोरखा भाषा प्रकाशिनीको स्थानमा भएको थियो । नेपालमा प्रजा परिषद्को स्थापना र नागरिक जनअधिकारको मुद्दामा सबै लागि परेकै अवसरमा नेपाली साहित्यकारका कृतिहरूलाई विकास गर्ने हेतुले वि.सं. १९९४ मा भाषानुवाद परिषद्को स्थापना भएको पाइन्छ । यसै समयमा बालकृष्ण सम र भीमनिधि तिवारीका केही नाटकहरू प्रकाशित भएका थिए । वि.सं.२००० सालमा साहित्यकै क्षेत्रमा छरिएर रहेका साहित्यकारका कृतिहरूलाई सर्वसाधारणसमक्ष पहुँच पुऱ्याउने हेतुले रत्नपुस्तक भण्डारको स्थापना भएको थियो । प्रजातन्त्र प्राप्तिको प्रथम चरणकै सुरुवातमा विराटनगरमा चलेको मजदूर आन्दोलनको सेरोफेरोमा वि.सं. २००४ सालमा साहित्यका क्षेत्रमा योगदान पुऱ्याउने हेतुले साहित्य परिषदको स्थापना भएको थियो । यस संथाले पहिलो पटक सार्वजनिक रूपमा कवि गोष्ठी गरी विभिन्न कविहरूलाई सम्मान समेत गरेको थियो । वि.सं. २००८ सालमा नेपाल पत्रकार संघ र नेपाली भाषा प्रचारक संघको इलाममा स्थापना भई भाषाका क्षेत्रमा यसले ठूलो योगदान पुऱ्याएको पाइन्छ । नेपाली भाषालाई परिष्कृत बनाई साहित्यको भण्डार भर्ने हेतुले २००९ सालमा प्रगतिशील लेखक संघको गठन भई औपचारिक रूपले २०१६ सालमा विधिवत् स्थापना भएको थियो । साहित्यकारहरूलाई प्रोत्साहन गर्ने हेतुले २०१२ सालमा मदन गुठी र २०१४ सालमा (रोयल नेपाल एकेडेमी) हालको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको स्थापना भएको थियो । वि.सं. २०१९ मा जेनेभा १७ औं असंलग्न राष्ट्रहरूको सम्मेलन भयो यही समसामयिक सेरोफेरोमा नेपाली साहित्य संस्थाको स्थापना भयो । यही समयको नजिकै म.वि.वि. शाहलाई श्री रत्न सुवर्ण पदक २०२०, बालकृष्ण पोखेललाई मदन पुरस्कार प्रदान गरिएको थियो । वि.सं. २०२१ सालमा विभिन्न साहित्यकारका कृतिहरू राष्ट्रियस्तरमा नै प्रकाशित गर्ने हेतुले शाझा प्रकाशनको स्थापना भएको थियो । वि.सं. २०३० सालमा नेपाली भाषालाई संविधानको आठौँ सुचीमा अन्तर्भुत गर्न दार्जिलिङमा अखिल भारत नेपाली भाषा समितिको गठन भएको थियो । वि.सं. २०३० सालमा नै प्रगतिशील नेपाली साँस्कृतिकक संघ (मेघालय) को गठन भएको थियो । यसमा संलग्न साहित्यकारहरूले बुटपालिस आन्दोलन र सुधपाको अभिनन्दन गरेको थियो । २०३६ सालमा

धरणीधर कोइरालाको मृत्यु पश्चात् प्रगतिशील लेखक कलाकारको स्थापना भएको थियो । २०४० सालमा छापाखाना तथा प्रकाशन सम्बन्धी नियमावली बन्नुको साथै प्रथम राष्ट्रिय पुस्तक प्रदर्शनी भएको थियो ।

यसरी नेपाली भाषा र साहित्यलाई प्रगतिपथमा पुऱ्याउनका लागि नेपालमा पुस्तक, पत्रपत्रिका पकाशन गर्ने विभिन्न संघ-संस्थाहरू लागि परेका देखिन्छन । नेपाल तथा मित्रराष्ट्र भारतबाट भाषा साहित्यका क्षेत्रमा विकास गरी आम जनजीवनमा चेतनाको लहर फैलाउन खोलिएका साहित्यिक पत्रपत्रिकाको सूची निम्नअनुसार तालिकाबाट जानकारी गराउने प्रयास गरिएको छ ।

| **क्र.सं.** | **मिति** | **पत्रिकाको नाम** | **सम्पादक** | **प्रकाशन स्थान** |
|---|---|---|---|---|
| १ | वि.सं.१९४३ | गोरखा भारत जीवन | मोतीराम भट्ट | वनारस |
| २ | वि.सं.१९५५ | सुधासागर | नरदेव/मोतीकृष्ण शर्मा | काठमान्डौं |
| ३ | वि.सं.२०५८/२/३ | गोरखापत्र | नरदेव/मोतीकृष्ण शर्मा | काठमान्डौं |
| ४ | वि.सं.१९०१-१ | गोर्खेखवर कागज | गङ्गाप्रसाद प्रधान | दार्जिलिङ्ग |
| ५ | वि.सं. १९५९/४ | उपन्यास तरङ्गिणी | एस.एस. शर्मा | वनारस |
| ६ | वि.सं. १९६३/३ | सुन्दरी | रसिक समाज | वनारस |
| ७ | वि.सं.१९६५/७ | माधवी (मा) | मातृकाप्रसाद अधिकारी | वनारस |
| ८ | वि.सं.१९७२/६/११ | गोर्खाली (मा) | सूर्यविक्रम ज्ञावाली | वनारस |
| ९ | वि.सं.१९७४/९ | चन्द्रिका (मा) | पारसमणि प्रधान | खर्साङ् |
| १० | वि.सं.१९८३/७/१९ | गोरखासंसार (सा) | ठाकुरचन्द्र सिंह | देहरादुत |
| ११ | वि.सं.१९८५/४/२५ | तरुण गोर्खा (सा) | ठाकुरचन्द्र सिंह | देहरादुत |
| १२ | वि.सं.१९९१/११ | सारदा (मा) | ऋद्धिबहादुर मल्ल | काठमान्डौं |
| १३ | वि.सं.१९९२/५/१ | उद्योग (पा) | सूर्यभक्त जोशी | काठमान्डौं |
| १४ | वि.सं.१९९७ | सर्वहितैषी पत्रिका | तेजबहादुर र अरु | वनारस |
| १५ | वि.सं.२००३ | पर्वते | तेजबहादुर र अरु | सिँगापुर |
| १६ | वि.सं.२००४/१ | साहित्यश्रोत (मा) | हृदयचन्द्र सिंह प्रधान | काठमान्डौं |
| १७ | वि.सं.२००५ | आँखा (मा) | देविप्रसाद रिमाल | काठमान्डौं |

| | | | | |
|---|---|---|---|---|
| १८ | वि.सं.२००६/३ | भारती (मा) | पारसमणि प्रधान | दार्जिलिङ |
| १९ | वि.सं.२००६/५ | हाम्रो कथा (मा) | कमलकुमार शर्मा र अरु | दार्जिलिङ |
| २० | वि.सं.२००७/११/८ | आवाज दैनिक | सिद्धिचरण/गोविन्द गोठाले | काठमान्डौं |
| २१ | इ.स.१९५१ मार्च | हिमाल  किसोर (मा) | देवकुमारी सिंन्हा | दार्जिसलङ |
| २२ | वि.सं.२००८/२/१ | नेपाल पुकार (सा) | शङ्करप्रसाद शर्मा | काठमान्डौं |
| २३ | वि.सं.२००८/६ | झङ्कार (पा) | तारिणीप्रसाद कोइराला र अरु | काठमान्डौं |
| २४ | वि.सं.२००८ | बालसखा (मा) | धनमान सिंह परियार | काठमान्डौं |
| २५ | ई.१९५१ | फिलिङ्गा (त्रै) | ध्रुवनाथ जोशी | आसाम |
| २६ | वि.सं.२००९/१ | नेपाली साँस्कृतिकक परिषद् | ईश्वर वराल | काठमान्डौं |
| २७ | वि.सं.२०१०/१ | प्रगति (द्वै) | नारायणप्रसाद बासकोटा | काठमान्डौं |
| २८ | वि.सं.२०१०/१ | संस्कृत सन्देश (मा) | योगी नरहरि नाथ | काठमान्डौं |
| २९ | वि.सं.२०१० | कविता (द्वै) | सिद्धिचरण श्रेष्ठ | काठमान्डौं |
| ३० | वि.सं.२०१० | डाँफेचरी (द्वै) | धर्मराज थापा | काठमान्डौं |
| ३१ | वि.सं. २०१०/१० | जनचेतना (पा) | हृदयचन्द्र सिंह प्रधान | काठमान्डौं |
| ३२ | वि.सं. २०११/५/५ | स्वतन्त्र नेपाली (सा) | ठाकुरचन्द्र सिंह | देहरदून |
| ३३ | वि.सं. २०११/५ | हाम्रो नेपाल (मा) | भवानीप्रसाद शर्मा | इलाम |
| ३४ | वि.सं. २०१२/१० | उज्यालो (सा) | कमलप्रसाद घिमीरे | विराटनगर |
| ३५ | वि.सं. २०१२ | छात्रदूत (वा) | अग्निप्रसाद रिजार | वनारस |
| ३६ | वि.सं. २०१२ | गाइजात्रा (सा) | केशवराज पिंडाली | काठमान्डौं |
| ३७ | वि.सं. २०१३ | इन्द्रेणी (मा) | ईश्वर बराल | काठमान्डौं |
| ३८ | वि.सं. २०१४ | नवीन शिक्षा (मा) | कृष्णराज अर्याल र अरु | काठमान्डौं |
| ३९ | वि.सं. २०१४ | ज्योति (चौ.मा.) | कुलचन्द्र गौतम र धरणिधर कोइराला | वनारस |
| ४० | वि.सं.२०१५/४/१० | स्वास्नीमान्छे (त्रै) | शशिकला शर्मा | काठमान्डौं |
| ४१ | वि.सं. २०१५/११ | नेपाल कानुन पत्रिका (मा) | बबरप्रसाद सिंह र अरु | काठमान्डौं |
| ४२ | वि.सं. २०१५ | बालसाहित्य (त्रै) | बलबहादुर सन्दास | भोजपुर |
| ४३ | वि.सं. २०१६ | उषा (वा) | हर्क ब. सुब्बा | सिलाङ् |

| | | | | |
|---|---|---|---|---|
| ४४ | वि.सं. २०१६ | साहित्य सँगम (द्वै) | गुमानसिंह चामलिङ् | काठमान्डौं |
| ४५ | वि.सं. २०१६ असाड | स्वराष्ट्र (द्वै) | जगतबहादुर सिंह र अरु | नेपालगञ्ज |
| ४६ | वि.सं. २०१६/८ | दियालो (त्रै) | जगतबहादुर सिंह र अरु | दार्जिलीङ् |
| ४७ | वि.सं. २०१६/९ | साहित्य (द्वै) | श्यामप्रसाद शर्मा | काठमान्डौं |
| ४८ | वि.सं. २०१६/११ | हिमचुली (सा) | विपिनदेव ढुङ्गेल | विराटनगर |
| ४९ | वि.सं. २०१६/११ | राजदूत (सा) | केशवप्रसाद आचार्य | काठमान्डौं |
| ५० | वि.सं. २०१६/१२ | सिर्जना (पा) | केशवप्रसाद आचाय | काठमान्डौं |
| ५१ | वि.सं. २०१६ | विद्यामणि (वा) | सी. केशरी प्रसाई | झापा |
| ५२ | वि.सं. २०१६ | जनता पत्रिका | सी. केशरी प्रसाई | पाल्पा |
| ५३ | वि.सं. २०१६ | जूनेली (मा) | माधव भण्डारी र अरु | इलाम |
| ५४ | वि.सं. २०१६ | कोपिला (वा) | भीमप्रसाद जैसी र अरु | आसाम |
| ५५ | वि.सं. २०१६/१७ | सगरमाथा (वा) | बालकृष्ण पोखेल र अरु | कलकत्ता |
| ५६ | वि.सं. २०१७/१ | इन्द्र (द्वै) | के.पि. शैल | काठमान्डौं |
| ५७ | वि.सं. २०१७/१ | सङ्गम (द्वै) | के.पि. शैल | ललितपुर |
| ५८ | वि.सं.२०१७/१/३० | समीक्षा (सा) | मदनमणी दीक्षित | काठमान्डौं |
| ५९ | वि.सं. २०१७/२ | दर्पण (मा) | गोपालप्रसाद रिमाल | काठमान्डौं |
| ६० | वि.सं. २०१७/३ | जनविकास | रामहरि जोशी | सर्लाही |
| ६१ | वि.सं. २०१७/३ | रूपरेखा (द्वै) | बासुदेव रिसाल | काठमान्डौं |

यसरी आधुनिक नेपाली साहित्यलाई समुन्नत तुल्याउन नेपाल, भारत, सिक्किम, दार्जिलिङ्ग, आसाम इत्यादि स्थानबाट बिभिन्न क्षेत्र भाषा, संस्कृतिलाई समेटी साहित्यिक पत्रपत्रिकाको क्षेत्र अगाडी बढेको तथ्य विषयवस्तुलाई नकार्न सकिँदैन । कतिपय पत्रिकाहरू संरक्षणको अभावले अप्राप्य पनि छन् । सुधासागर नेपालबाट प्रकाशित पहिलो पत्रिका भएपनि अहिले हामीसामु अप्राप्य नै छ । वि.सं. १९५९ मा प्रकाशित उपन्यास तरङ्गिणी पत्रिका मासिक रूपमा प्रकाशित भई उपन्यास विधालाई विशेष महत्व दिएको पाइन्छ । वि.सं. २००३ सालमा सिँगापुरबाट प्रकाशित हुने पर्वते पत्रिका रोमन नेपालमा छापिएको पहिलो पत्रिका हो । वि.सं. २००६ सालमा दार्जिलीङ्बाट कमलकुमार शर्माको सम्पादकत्वमा प्रकाशित भएको हाम्रो कथा पत्रिकाले कथाको क्षेत्रमा ठूलो योगदान पुर्‍याउने पहिलो पत्रिका

मानिन्छ । सिद्धिचरण श्रेष्ठ र गोविन्दबहादुर गोठालेको सम्पादकत्वमा २००७ फाल्गुण ८ गतेदेखि प्रकाशित आवाज दैनिक नै नेपालको पहिलो दैनिक पत्रिका हो । ई.स. १९५१ मार्चमा देवकुमारी सिंहको सम्पादकत्वमा प्रकाशित भएको 'हिमकिशोर' पहिलो बालपत्रिका मानिन्छ । त्यसैगरी झङ्कार रेडियो नेपालले प्रकाशन गरेको पहिलो पाक्षिक पत्रिका हो । काठमान्डौँबाट धर्मराज थापाको सम्पादकत्वमा प्रकाशन भएको 'डाँफेचरी' २०१० पहिलो लोक साहित्य प्रधात पत्रिका हो । त्यसैगरी संस्कृत सन्देश २०१० बैषाखदेखि योगी नरहरिनाथले सुरु गरेका संस्कृतभाषा प्रधान पत्रिका हो । २०१३ साल वैशाखमा काठमान्डौँबाट ईश्वर बरालको सम्पादकत्वमा प्रकाशन हुने पत्रिका काव्यप्रतिष्ठानले प्रकाशन गरेको हो । यसरी विभिन्न संघ-संस्था र व्यक्तिविशेषको योगदानमा भाषा साहित्यका बिभिन्न क्षेत्रमा पत्रपत्रिकाहरूले साहित्यिकबाटोलाई फराकिलो बनाउने काममा ठूलो योगदान गरेका छन् ।

# परिच्छेद : तीन

## रातोथुँगा साहित्यिक पत्रिकामा समावेश कृतिको बर्गीकरण

### ३.१ सुर्खेत जिल्लामा साहित्यको ऐतिहासिक परिचय :

समग्ररूपमा हेर्दा नेपाली साहित्यमा सुर्खेती साहित्यले पनि केही इँटा थप्न सहयोग गरेको तथ्यलाई नकार्न सकिँदैन । सुर्खेती साहित्यिक पत्रपत्रिकाको ऐतिहासिक पृष्ठभूमिलाई केलाउँदै जाँदा सुर्खेत जिल्ला प्राचीन समयमा वृहत् कर्णाली प्रदेशअन्तर्गत रहेको प्रमाणित हुन्छ । खस साम्राज्यको उदयपूर्व यो प्रदेशमा लिच्छिवीहरूले शासन गरेका थिए[1] । काठमान्डौँमा लिच्छिवीहरूको पतन भएपछि यस प्रदेशमा खसहरूको उदय भएको थियो । खस साम्राज्यका प्रथम राजा नागराजले प्रथम खारी प्रदेशमा आफ्नो राज्य स्थापना गरेका थिए[2] । वि.सं. १३७० को बालश्वरको ताम्रपत्र अनुसार खस साम्राज्यको हिउँदे राजधानीको रूपमा दुल्लूको उल्लेख छ । वि.सं. २०१८ साल भन्दा पहिले सुर्खेत दैलेख अन्तर्गत रहेको थियो[3] । यहाँका जनताले सरकारी कामकाजका लागि दैलेख र सल्यान धाउनुपर्थ्यो । पृथ्वीमल्लको एउटा श्रावण महिनामा सिंजाबाट र अर्को माघ महिनामा दुल्लुबाट जारी भएकोले दुल्लू हिउँदे राजधानीको रूपमा स्थापित थियो भन्ने नरहरिनाथको आफ्नो इतिहासबाट स्पष्ट हुन्छ । नागराजापछि यस प्रदेशमा चापिल्ल, क्राधिचल्ल, अशोक चल्ल, जितारीमल्ल, आनन्द मल्ल, रिपुमल्ल, प्रतापमल्लले राज्यगरेका थिए । प्रतापमल्लका छोरा नभएकाले आफ्नी छोरी सकुनमालालाई गोपाल वंशका पुण्यमल्लसँग विवाह गरी आफ्नो उत्तराधिकारी बनाए । पुण्यमल्लका पालामा खस साम्राज्य पूर्वमा र पश्चिममा गडवालसम्म फैलेको थियो । अभयमल्ल यस साम्राज्यका अन्तिम मल्ल राजा पर्छन[4] । मेदिनी ब्रहमाका कान्छा छोरा संसार वर्मा यस राज्यका राजा भएको कुरा रास्कोट वंशावलीमा लेखिएको छ । यी राजाहरूको पतन भएपछि गण्डकी प्रदेशमा चौविसे र कर्णाली प्रदेशमा बाइसे राज्यको उदय भएको कुरा उल्लेख छ । खस साम्राज्य टुक्रिएर दैलेख स्वतन्त्र राज्यको अस्तित्वमा आएपछि सुर्खेत पनि दैलेखअन्तर्गत आएको पाइन्छ । रास्कोटी वंशावलीअनुसार दैलेखमा

---

१. श्री ५ को सरकार सुदुरपश्चिमाञ्चल विकास क्षेत्र मेची देखि महाकाली भाग ४ काठमान्डौं सूचना विभाग २०३१ पृष्ठ ६१२

२. ऐजन पृष्ठ ६१२ .........................

३. सुरेन्द्रकुमार पोखेल नेपाली साहित्यको रूपरेखा २०६४ पृष्ठ १५

४. सूर्यमणि अधिकारी पश्चिम नेपालको खस अधिराज्य साझा प्रकाशन २०४६ पृष्ठ ८१

संसारवर्मादेखि सँग्रामशाही र कर्णबहादुर शाहीसम्मका राजाले राज्य गरेका थिए । प्राचीन सुर्खेत लिच्छवीअन्तर्गत थियो भने मध्येकालमा सिँजाको खस साम्राज्य अन्तर्गत रहेर आधुनिक कालको केही समय दैलेख अन्तर्गत रहेको पाइन्छ । ऐतिहासिक रूपमा हेर्दा सुर्खेत उपत्यका धार्मिक, साँस्कृतिकक र ऐतिहासिक दृष्टिले महत्वपूर्ण रहेको मानिन्छ । काँक्रेविहारको भग्नावशेष बौद्ध वास्तुकला, वि.सं. १३७० लेखिएको पछि सुर्खेतबाट सारेर तिब्बत लगिएको अभिसमयालङ्कार प्राप्त भएको छ[५] । सुर्खेतमा मङ्गलगढीको निर्माण हुनु अभिसमया लङ्कारको पुष्पिकामा रिपुमल्लको नाम हुनुले यस उपत्यकामा खस साम्राज्यको हिउँदे राजधानी सुर्खेत भएको अनुमान गर्न सकिन्छ ।

विभिन्न चरणमा विकसित भएको सुर्खेत उपत्यका एकपटक ध्वस्त भएको पाइन्छ । शङ्कराचार्यको हिन्दूधर्मको प्रचारका क्रममा मुसलमान लुटेराहरूको आक्रमण र दैवी एवम् प्राकृतिक घटनाले यस उपत्यकामा भएका सम्पदा ध्वस्त भएको अनुमान गरिन्छ । त्यसपछि यो क्षेत्र केही समयसम्मका लागि मानवबिहीन बन्यो । औलोको महामारीले सुर्खेतलाई कालापानी भन्ने गरिन्थ्यो । यस जिल्लाको पहिलो वस्तीका रूपमा नेपालका निर्माताले ब्राहमणलाई विर्ता वितरण गरेका थिए । ब्राह्मणले क्षेत्रीहरूलाई पनि त्यहाँ लगेर यसै शिलशिलामा सुर्खेतको पहिलो बस्ती वि.सं. १९४५ मा पिपिरामा राजीहरूको बस्ती थियो । वि.सं. १९४५ देखि पहिलो बस्ती बसेतापनि वि.सं. १९५१ देखिमात्र जग्गाधनी दर्ताको प्रमाण पत्र फेला परेका छन्[६] । यस भन्दापूर्व यस जिल्लाका चिङ्गार दरा, डाँडादरा, गुर्वाकोट दरा, सिम्तादरा, र गोठीकाँडा वरपरको गाउँमा मान्छेहरूको बसोबास रहेको पाइन्छ । औलोको कारण उपत्यकामा १९४५ पछि पनि औलो उन्मुलन नभएसम्म घना बसोबास रहेको थिएन । मानिसहरूले टिपुवा जग्गा आवादी गरी गोठीकाँडा, मेलपानी, बयलकाँडा, राम्रीकाँडा आदि ठाउँमा बस्थे भन्ने बूढापाकाबाट सुन्न पाइन्छ । उपत्यकामा बस्ने थारु र राजीहरू भने सँधैभरी उपत्यकामा नै बस्दथे । वि.सं. २०१८ सालपछि सुर्खेत छुट्टै उपत्यकाका रूपमा घोषणा भयो । वि.सं. २०२४ सालपछि मात्र उपत्यकामा बसोबास गर्न थालियो । त्यसपछि डाँडाकाँडाका वस्ती क्रमश फाँटमा रहन थाले ।

वि.सं. २००७ सालमा राणाविरोधी आन्दोलनमा सुर्खेती जनता सहभागी भई निर्मल लामा र निरकबहादुर प्रसाई आदि नेताहरूलाई सुर्खेतका नेताहरूले तेलपानीमा पुगेर

---

५. ऐजन..........................................................पृष्ठ ८१

६. पूर्णप्रकाश नेपाल सन्दर्भ अमूख भेरी ने.रा.प्र.प्र.२०४१ पृष्ठ १६

आफ्नो उत्साह प्रदर्शन गरेका थिए । यस जिल्लाका मानसिंह विश्वकर्मा, चन्द्रलाल आचार्य, कर्णदेव भारती, हरिलाल पन्त,गगनसिंह खत्री,बासुदेव भारती, बलदेव भारती, पुष्करदेवगिरी, जगन्नाथ भारती,चन्द्रवीर खाम्चा,अमरबहादुर बारघरे जस्ता योद्धाहरूले यहाँको आन्दोलनमा भाग लिएको चर्चा पाइन्छ । यसैगरी सुर्खेतमा २०२२ सालदेखि ने.क.पा.का गतिविधि प्रारम्भ भए । अन्य क्षेत्रमा प्रकाशन भएको पुस्तक पत्रिका ल्याएर वितरण गर्ने, राजनैतिक कक्षा सञ्चालन गर्ने, कार्यक्रमले जनमानसमा शिक्षा र साहित्य सम्बन्धी चेतना आएको थियो । वि.सं. २०३१ को पोष्टर काण्ड, वि.सं. २०३६ सालको दसरथपुर हत्याकाण्ड यस जिल्लाका चर्चित राजनैतिक घटना मानिन्छन् । वि.सं. २०४६ पछिको जुन आन्दोलन पाश्चात् स्वतन्त्रताको वातावरणले साहित्यिक संघ-संस्थाको स्थापना र प्रकाशनले साहित्यिक यात्राकोबाटो सन्तोषजनक रूपमा अघि बढ्दै गएको पाइन्छ । यी संस्थाहरुले नेपाली साहित्यलाई अग्रगतिमा लैजानको लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

## ३.२ सुर्खेत जिल्लाको भौगोलिक अवस्थाको परिचय :

नेपाल अधिराज्यको पाँच विकास क्षेत्रमध्ये मध्यपश्चिमाञ्चल क्षेत्रअन्तर्गत भेरी अञ्चल पर्दछ । यसका पाँच जिल्ला दैलेख, सुर्खेत, जाजरकोट, बाँके र बर्दिया अन्तर्गत यो जिल्ला भेरी अञ्चलको मध्येभागमा अवस्थित छ । यस जिल्लाको भौगोलिक अवस्थिति २८$^{o}$२२ देखि २८$^{o}$५८" उत्तरी आक्षांश र ८०$^{o}$५९" देखि ८२$^{o}$२" पूर्वि देशान्तरमा अवस्थित छ[७] । तीन ओटा निर्वाचनक्षेत्र रहेको यस जिल्लामा क्षेत्र नं. १ मा १७ गा.वि.स. क्षेत्र नं. २ मा १५ गा.वि.स. र नगरपालिका एवम् क्षेत्र नं. ३ मा १८ गा.वि.स. रहेका छन् । समुद्र सतह देखि १९८-२३६७ मिटरसम्म फैलेको सुर्खेतको क्षेत्रफल २४५१ वर्गकिलो मीटर रहेको छ[८] । नेपालको जनगणना २०३८ अनुसार १६६१९६ रहेको यस जिल्लामा जनगणना २०५८ अनुसार ३५९७४३ अनुमान गरिएको छ । २४९०१६ हेक्टर कृषियोग्य जमीन रहेको यस जिल्लामा ६६५९६ वर्ग कि.मी. आवास क्षेत्र छ[९] । जि.शि.का. को २०६७ को साक्षरताको तथ्याङ्कअनुसार महिला ५७% पुरुष ८३.१०% रहेको संयुक्त ७०.२ साक्षरदर रहेको छ ।

यस जिल्लाको नामाकरणका सम्बन्धमा विभिन्न अवधारणाहरू लिएर विभिन्न

---

७. जि.वि.स. सुर्खेतको स्मारिका २०६६, होम प्रकाश भूषाल र अन्य सम्पादक

८. स्मारिका वीरेन्द्रनगरनगरपालिका सुर्खेत २०५९ पृष्ठ २२

९. ऐजन ................................पृष्ठ २३

विद्वानहरूले आ-आफ्ना तर्क प्रस्तुत गरेका छन् । योगी नरहरि नाथका अनुसार सुरक्षेत्रबाट सुरखेत हुँदै सुर्खेत भएको हो र नेपाली वृहत् कोषमा पनि सुर र क्षेत्र २ शब्द मिली सुर्खेत नाम रहन गएको छ । सुर्खेत जिल्लाको नामाकरणका सम्बन्धमा कृष्णप्रकाश श्रेष्ठले आफ्नो धारणा राखेका छन् । उनका अनुसार सुरक्षेत्र मिलेर प्राचीन संस्कृतबाट अपभ्रंश हुँदै पवित्र देवभूमि बुझाउने अर्थमा यस क्षेत्रको नाम सुर्खेत रहन गएको हो । उनका भनाइका आधारमा वि.सं. १२१४ को मङ्गलगढी स्थित अभिलेख र वि.सं. १३७० को अभिसमयालङ्कार ग्रन्थको पुस्तिकामा रहेको सुरक्षेत्रलाई लिएका छन्[१०] । यी तथ्यका अतिरिक्त सिरु धेरै हुने हुनाले सिरु लेख हुँदै सुर्खेत भएको शीरको खेतबाट शिरखेत हुँदै सुर्खेत भएको, सुर मिलेर खेतबाट सुर्खेत भएको जस्ता तर्कहरू नामाकरणको सन्दर्भमा आएका छन्[११] । अर्कोतिर प्राचीन समयमा सुर्खेत उपत्यका विशाल ताल रहेको र पछि सुर देवताका करुणाबाट तालको पानी बाहिर निकालेर बस्नलायक भएको र उनै देवताको नामबाट यस जिल्लाको नामाकरण भएको जनश्रुति पनि पाइन्छ । सुर्खेत जिल्ला भएर बग्ने कर्णाली र भेरी ठूला नदीहरू हुन् । भेरी नदीले १९ ओटा गा.वि.स.छिचोल्दै बगेको छ । यी नदीबाहेक कालीखोला, लुईखोला, झुप्राखोला इत्राम खोला, सोतखोला, जामुखोला लगायत अन्य साना-साना खोलाहरू पनि यस जिल्लामा बगिरहेका छन् ।

## ३.२.१ धार्मिक स्थलहरू :

धार्मिक तथा साँस्कृतिकक रूपले काँक्रेविहार, लाटिकोइली, बयलकाँडा, गढी, उत्तरगङ्गा, पातालगङ्गा, खानीखोला दह, देउतीबज्यै, सिद्धापाइला आदि प्रमुख छन् । यहाँ आफ्नै भाषिक तथा साँस्कृतिकक लोकसाहित्यको अथाहा भण्डार छ । व्यापाररिक दृष्टिले हेर्दा वीरेन्द्रनगर महत्वपूर्ण स्थल मानिन्छ भने त्यस्तै पश्चिममा गुटु, विद्यापुर, बड्डीचौर र पूर्वमा छिन्चु, मेहलकुना, बोटेचौर प्रसिद्ध छन् । भौगोलिक दृष्टिले, मालिका, गुमीचुली तामचुली, रानीमत्ता, खानीलेक महत्वपूर्ण स्थलका रूपमा मानिन्छन् ।

## ३.२.२ सामाजिक जनजीवन :

मध्यपश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम क्षेत्रको रूपमा विभिन्न क्षेत्रको मिश्रित बसोबास भएको कारणले यहाँ अनेक थरिका जातजातिको बसोबास रहेको पाइन्छ । विभिन्न जातजातिहरूमा भेरी किनारामा स्थित सुर्खेती आदिबासीका रूपमा विशेषगरी थारु,

१०. सुरेन्द्रकुमार पोखेल पूर्ववत .............पृष्ठ १६

११. ऐजन ...................................पृष्ठ १६

राजी र बोटेलाई लिन सकिन्छ । यीबाहेक सुर्खेत जिल्लामा बाहुन, क्षेत्री, ठकुरी, मगर, गुरुङ, गाइने, बादी, सार्की, सुनार, दमाई, कामी, सन्यासी, कसेरा आदिको बसोबास पाइन्छ । मध्यपश्चिमाञ्चल विकास क्षेत्रको पहाडी भेक दैलेख, जाजरकोट र कालिकोटमा घुमन्ते जीवन बिताउने राउटे पनि कहिले काहीँ यहाँ देखा पर्छन् । धार्मिक सहिष्णुतामा हिन्दू र्मावलम्वी अग्रपङ्क्तिमा देखापर्छन भने अन्य इसाई, त्रिश्चियन र केही बौद्धधर्मावलम्वीहरू पनि यहाँ बसोबास गर्दछन् । यहाँ हिन्दूवर्णाश्रमधर्मअनुसार अझैँ शेषरूपमा माथिल्लो, तल्लो जातमा भेद रहेको पाइन्छ । ब्राह्मणमा उपाध्याय र जैसी, क्षेत्रीमा मतवाली र तागादारी र अछूत जातमा कामी, दमाई, गाइने, सार्की र बादीहरूमा केही आन्तरिक भेदभाव पनि विद्यमान छ । यस क्षेत्रमा साँस्कृतिकक परम्परा अनुसार मनाइने चाडपर्वमा दशैँ, तिहार,चैते दशैँ, तीज, जनैपूर्णिमा माघेसक्रान्ति, शिवरात्री, वसन्तपञ्चमी आदि मुख्य रूपमा पर्दछन् । यसै गरी इसाईहरूले क्रिसमस, मुस्लीमहरूले इद, बौद्धहरूले ल्होसार पर्व मनाउछन् । वेशभूषामा पृरुषहरूले दोरा, सुरुवाल, कमिज, कोट इस्टकोट, जुत्ता चप्पल प्वाइन्ट लगाउछन् भने स्त्री जातिले कुर्ता सुरुवाल, सारी, धोती, चोलो, ब्लाउज, लुङ्गी, म्याक्सी आदि लगाउछन् । ग्रामीण भेकका नारहीरूमा विशेष टाउकोमा रुमाल, कम्मरमा पटुका र गलामा घलेक लगाउने चलन छ । आभूषणका रूपमा महिलाहरूले गच्छेअनुसार फुली, बुलाकी, मारावाडी, ढुँङ्ग्री, नौगेडी, तिलहरी, यार्लिङ, टप, पोते लगाउँछन् । जात्रा मेलापर्वमा पहाडी भेकमा लाग्ने मेला माओवादी समस्याका कारणले केही लोप भएको अवस्था छ ।

### ३.२.३ भाषिक संरचना :

साहित्य भाषाभन्दा अलग रहन सक्दैन त्यसैले साहित्यको चर्चा गर्नुअघि सामान्यतया भाषिक संरचनाको चर्चा गरिएको छ । सुर्खेतको भाषिक संरचनालाई हेर्दा यहाँ अहिलेसम्म प्राप्त वि.सं. ११९२ को राम्रीकाँडाको अभिलेख, वि.सं. १३४९ को मङ्गलगढीको अभिलेख वि.सं. १३७० मा यस भूमिमा लेखिएको अभिसमयालङ्कार, वि.सं. १६३९ को लाटिकोइली मन्दिरको शिलालेख आदि विभिन्न प्राप्त सामाग्रीबाट यस क्षेत्रमा प्राचीन कालदेखि नै नेपाली भाषाको प्रयोग भएको पाइन्छ[१२] । खस राजाहरूले राज्य गरेको खस सामाज्यमा सुर्खेत पनि पर्ने हुनाले सुर्खेतमा पहिलेदेखि नै नेपाली भाषाको प्रयोग भएको पाइन्छ । डाँडा-पाखा, पखेरा र दुर्गम एवम् विकाराल भू-बनोटका कारणले अनेत्रझैँ यहाँ पनि प्रयोग हुने

१२. ऐजन .................................................. पृष्ठ १६

भाषामा विविधता पाइन्छ । सुर्खेतको पश्चिमी भाग डाँडादराको नैसर्गिक सम्पर्क कर्णाली क्षेत्रको अछाम र डोटीसँग हुने भएकोले डोटेली भाषिकाको केही प्रभाव परेको पाइन्छ । पूर्वी क्षेत्र सिम्ताद्वराको सर्म्पक जाजरकोट र सल्यानसँग हुने भएको हुनाले सल्यानी भाषाको पनि यहाँ प्रत्यक्ष प्रभाव परेको पाइन्छ । भाषाशास्त्री बालकृष्ण पोखेलले सुर्खेत जिल्लामा बोलिने भाषा पर्वती भाषामा बर्गीकरण गरेको पाइन्छ[१३] । भाषाविद् जीवेन्द्रदेव गिरीले सिम्ता क्षेत्रमा बोलिने भाषालाई सिम्ताली भाषा नामाकरण गरेका छन् । उनकाअनुसार सुर्खेती नेपाली भाषाका भेदलाई विशेष गरी डँडाली, सिम्ताली र उपत्यकाली गरी नेपाली भाषाको सुर्खेती भाषालाई तीन भागमा बर्गीकरण गरेका छन् । यी तीन भेदहरू मध्ये सिम्ताली भाषा भेरीका किनारमा बोलिने भाषासँग सम्बन्ध छ । डँडाली भाषा अछामी डोटेली भाषासँग नजिकिएको छ र सुर्खेत उपत्यकामा बोलिने भाषा स्तरीय नेपाली भाषा मानिन्छ । सुर्खेती भाषिकाका शब्दगत विशेषताको नमूना यसरी प्रस्तुत गर्न सकिन्छ ।

| **पदवर्ग** | **डँडाली** | **सिम्ताली** | **उपत्यकाली** | **मानक नेपाली** |
|---|---|---|---|---|
| सर्वनाम शब्द | तिनरु/तम्री<br>तम्रो/त्यैकि | तिनरु/तम्री<br>तम्रो/त्यैकि | तिनीहरू/तिम्री<br>तिमीहरूको /त्यसकी | तिनीहरूको /तिम्री<br>तिनीहरूको/त्यसकि |
| क्रिया शब्द | बुत्यो<br>राम हेऱ्यो | लिव्यो<br>रम्चायो | निभ्यो<br>रमाइलो हेऱ्यो | निभ्यो<br>रमाइलो हेऱ्यो |
| नाम शब्द | बाउज्यु/आमै/जै<br>आमाज्यु/केटाटी<br>चेली | बा/आमा<br>आमाज्यु/लख्यालखी<br>छोरी | बुबा/ आमा<br>आमाजू/केटाकेटी<br>छोरी | बुबा/ आमा<br>आमाजु/केटाकेटी<br>छोरी |
| विशेषण शब्द | रामडो/दोषी | नाम्रो/दोखी | राम्रो / पिराहा | राम्रा / पिराहा |
| अव्यय शब्द | माथिति<br>पिण्डापरि<br>अखिल्तिर | माथ्याट<br>पछ्याट<br>अग्याट | माथितिर<br>पछितिर<br>अगाडितिर | माथितिर<br>पछितिर<br>अगाडितिर |

१३. बालकृष्ण पोखेल राष्ट्रभाषा (का.स.प्र.२०२२) पृष्ठ ५१

| भाषिक क्षेत्र | वाक्य संरचना |
| --- | --- |
| डँडाली वाक्य | नानै राम हेर्न गई नि ।<br>बाउज्यु तम्रो खर्च ओथायो । |
| सिम्ताली वाक्य | नानै रम्चाउन गै नि ।<br>बा तम्रो खर्च ओथायो । |
| उपत्यकाली वाक्य | दिदी रमाइलो हेर्न जानुभयो ।<br>बुबा तिम्रो खाना सेलायो । |
| मानक नेपाली वाक्य | दिदी रमाइलो हेर्न जानुभयो ।<br>बुबा तपाईको खाना सेलायो । |

वाक्यागत संरचनाका केही भिन्नतालाई उदाहरणका रूपमा यसरी अध्ययन गरिएको छ । यसरी सुर्खेती उपत्यकाको भाषा र मानक नेपाली भाषा मिल्दो छ भने डँडाली र सिम्ताली भाषाको तुलनामा परिमार्जित एवम् स्तरीयता पाइँदैन ।

## ३.३ सुर्खेतका शैक्षिक पृष्ठभूमिका आधारहरू :

सामन्यतय: साहित्यिक पृष्ठभूमिको आधारस्तम्भ शिक्षा नै भएको हुनाले साहित्य शिक्षाभन्दा अलग रहन सक्दैन । खस साम्राज्यको हिउँदे राजधानी र अभिसमयालङ्कारको पूर्व उल्लेख भैसकेको परिप्रेक्ष्यमा यहाँ पुन : उल्लेख गर्न आवश्यक नभएकोले मध्येकाल पछिको मात्र चर्चा गरिन्छ । मध्येकालमा सुर्खेत जिल्लाको पूर्वमा रहेका डाँडादरा, कटकुवा, गठीकाँडा आदि बस्ती हरूमा धर्मकर्महरू सम्बन्धी कर्मकाण्ड, ज्योतिषविद्या, आयुर्वेदविद्या, तन्त्रविद्या आदिको  मूख्य रूपमा पठनपाठन हुन्थ्यो । दैवीप्रकोप आपत्-विपत् र भूतप्रेतबाट मुक्तिका लागि तन्त्रविद्या अध्ययन गरिन्थ्यो । ज्योतिषविद्या जान्नेहरू जन्मपत्रिका, टिप्पन, आदि कार्ने, साइत जुराउने, ग्रहदशा हेर्ने गर्थे विफरबाट मानिसलाई मुक्तपार्न यहाँका वैद्यहरू आयुर्वेद र तन्त्रविद्याको प्रयोग गर्थे ।

समयको परिवर्तनसँगै आधुनिक शिक्षाको महसुस गरी सुर्खेती जनताहरू आधुनिक शिक्षाको अध्ययन गर्नका लागि काठमान्डौं, वनारस, हरिद्वार, अयोध्या, काँशी र गोरखपुर जाने गर्दथे । सुर्खेतमा वि.सं. २००७ सालको परिवर्तन पछि नै औपचारिक शैक्षिक संस्थाहरू खेलेको पाइन्छ । सर्वप्रथम वि.सं. २००८ सालमा पब्लिक मिडिल स्कुल गोठिकाँडामा

स्थापना भयो । उक्त स्कुल वि.सं. २००९ मा तह वृद्धि भई पब्लिक हाइस्कुल भयो[१४] । यस विद्यालयबाट २०२८/०२९ मा सुर्खेत जिल्लाबाट प्रकाशित हुने पहिलो पत्रिका सुर्खेतीको प्रकाशन भएको थियो । हाल जनउच्च मा.वि. को रूपमा यो विद्यालय शिक्षा, व्यवस्थापन, विज्ञान तर्फ B.S.C. कार्यक्रम सञ्चालन भएको छ । वि.सं. २०१३/०१४ मा गोठीकाँडामा कन्या प्रा.वि. खोलिएको थियो । यसकी शिक्षिकामा पूर्णकुमारी भट्ट थिइन् । हाल यो भैरव उ.मा.वि.को रूपमा भैरवस्थानमा सञ्चालन भैरहेको छ । वि.सं.२०२४ सालमा भानु मा.वि. बजेडीचौर र आनन्द मा.वि.गुमी एकै चोटि ग्रामीण क्षेत्रमा विद्यालय खुलेको पाइन्छ । भानु मा.वि. का शिक्षकको सहयोगमा पहिलो पत्रिका 'जूनकीरी' २०२७ प्रकाशित भयो । यसले साहित्यका क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरी जानमानसमा ज्ञानको ज्योति छर्ने काम गऱ्यो । हाल सुर्खेत जिल्लामा प्रा.वि. ३८९, नि.मा.वि. ८१, मा.वि. ८४ र उच्च मा.वि. २६ रहेका छन्[१५] । यसरी यी विद्यालयहरूले एकातिर शैक्षिक विकासको वातारण तयार गरेका छन् भने अर्को तर्फ शैक्षिक चेतनाको विकास गरेका छन् । उच्च शिक्षाका क्रममा वि.सं. २०३८ मा वीरेन्द्रनगरमा बहुमुखी क्याम्पसको स्थापना भयो । यस क्याम्पसबाट 'क्याम्पस बुलेटिन' नामक पत्रिकाको प्रकाशन वि.सं. २०४१ देखि थालियो । वि.सं. २०४० मा सुर्खेत क्याम्पस शिक्षा नेपालगञ्जबाट सुर्खेत सरेपछि यसले पनि साहित्यिक गतिविधिमा महत्वपूर्ण योगदान दिन पुग्यो । ससले वि.सं. २०४५ मा अर्धवार्षिक पत्रिका 'पानस' प्रकाशन भयो । यस क्षेत्रको शैक्षिक एवम् साहित्यिक विकासका लागि २०१४ सालमा विश्वज्योति पुस्तकालय गोठीकाँडामा, वि.सं. २०२४ हिमाली पुस्तकालय भैरवस्थान मा २०१७ सालमा बालपुस्तकालय वीरेन्द्रनगरमा, २०३० मा जनजाग्रिती पुस्तकालय वीरेन्दनगरमा, २०३५ सालमा ज्योति पुस्तकालय ढोडेखालीमा र शिवविहार पुस्तकालय लाटिकोइलीमा एवम् शोभा अध्ययन ग्रह वीरेन्द्रनगरमा स्थापना भएका थिए[१६] । यिनीहरूका साथ साथै शिक्षा र साहित्यका क्षेत्रमा योगदान पुऱ्याउने तथा आफ्नो संस्कृतिलाई जोगाइ राख्ने उद्देश्यले दशैं, तिहार, तीज, शिवरात्री, कृष्णाष्टमी, वसन्तपञ्चमी, माघेसङक्रान्ति, औंशीपूर्णिमा र अन्य धार्मिक पर्वमा पूजा, कीर्तन र भजन गर्ने धार्मिक कार्यप्रति भक्ति राख्ने भावनाले पनि

१४.पिताम्वर ढकाल सुर्खेत जिल्लाको शैक्षिक गतिविधि एकझलक स्मारिका काठमान्डौं(१.१)२०४६पृष्ठ ३०

१५. सुर्खेत, जि.शि.का. शैक्षिक झलक २०६६

१६. अच्युतशरण अर्याल सुर्खेतको साहित्यिक सर्भेक्षण त्रि.वि. कीर्तिपुर अनुसन्धान महाशाखा प्रस्तुत शोध प्रतिवेदन २०५० पृष्ठ १५-१६

धार्मिक साहित्यमा इँटाहरू थप्नेकाम सर्वत्र भएको सत्यतालाई नकार्न सकिँदैन । विशेषत : यस्ता कार्यक्रमहरू पूजाआजामा र घरघरमा परम्परागत एवम् धार्मिक तीर्थस्थल मठ, मन्दिरमा गाइने चलन अझसम्म सुर्खेतमा विद्यमान छ । यसरी सुर्खेती भूमिमा शैक्षिक गतिविधिहरू अघि बढ्दै जाँदा अहिले शिक्षाका क्षेत्रमा ठूलो योगदान पुगी समग्रमा ७०.१ प्रतिशत जनता साक्षात् भैसकेको अवस्था विद्यमान छ । यहाँ औपचारिक तथा अनौपचारिक रूपमा शिक्षाको गतिविधि अघि बढाउन सम्पूर्ण संस्था र अन्य स्वदेशी संस्थाहरू लागि परेको तथ्यलाई नकार्न सकिँदैन ।

## ३.४ सुर्खेतमा साहित्यिक विकासको यात्रा :

सुर्खेत जिल्लामा प्राचीन कालदेखि साहित्यिक लेखन परम्परा धेरै पूरानो नभएपनि यस क्षेत्रमा लेखनकार्य अभिसमयालङ्कार वि.सं. १३७० ले सङ्केत गर्दछ । यसले सिङ्गो कर्णाली प्रदेशलाई प्रतिनिधित्व गर्ने हुनाले सुर्खेत पनि स्वतः पर्दछ । नाटक लेखन/प्रदर्शनको परम्पराको प्रारम्भ र विकास मा वि.सं. २००९ सालदेखि हालसम्म लेखिरहनेमा कालिदास श्रेष्ठ, हरिभक्त गिरी, मदन शर्मा, डि.पि. समदर्शी, प्रेमदेव गिरी, बालकृष्ण मानन्धर, टिकाभक्त गिरी, देविदत्त कोइराला हिरा गिरी, ज्ञानबहादुर जि.सी. टेकदत्त रेग्मी, नरेन्द्र कोइराला, दुर्गाकेशर खनाल, महेन्द्रप्रसाद गिरी, चुडामणि रेग्मी, खगेन्द्र थापा, डा.दिपक गौतमको महत्वपूर्ण भूमिका उल्लेखनीय देखिएको कुरा अध्ययनबाट थाहा पाइन्छ । यसैगरी कविता लेखनमा अमर गिरी, नारायण पुरी, मोति मल्ल, पूर्णमान घले, प्रयागदेव गिरीबाट प्रारम्भ भएको देखिन्छ । पुस्तक लेखनको परम्परा भने हरिभक्त गिरी को सत्यनारायण पूजा कीर्तनबाट सुरु भएपछि, लक्ष्मिनाथ आत्रेयको आरती सङ्ग्रह, दिपक गौतमको मेरो प्रतिविम्व (कविता सङ्ग्रह) बलभद्र भारतीको मुक्ति संघर्ष, क्षितिजपारीको बस्तीबाट प्रारम्भ भएको थियो । यसै क्रममा महेन्द्रप्रसाद गिरीका गीतहरू रेकर्ड भएका छन् र उनका केही रेडियो नाटकका रेकर्ड हुनुका साथै फुटकर कविता र गद्य लेख जनमत, मघुपर्क, तन्नेरी, समकालीन साहित्य, गरिमा र प्रलेसका प्रकाशित साहित्यिक पत्रिका मार्फत प्रकाशित देखिन्छन्[१७] । सुर्खेती कलाकार गङ्गाबहादुर के.सी. को 'सुर्खेत जिल्लाका मगर भाषिका कक्षा ५ का विद्यार्थी हरूको त्रुटिहरूको अध्ययन' आफ्नो शोधपत्रमा प्रस्तुत भएको देखिन्छ । यसै

१७. महेन्द्रप्रसाद गिरी र अच्युतशरण अर्याल वि.न.पा. सुर्खेत स्मारिका २०५९ पृष्ठ ३६

गरी दिपक गौतमको 'भेरी अञ्चलको प्रगतिशील साहित्यको अध्ययन' शोधपत्रको पनि यस क्षेत्रको प्राज्ञिक गतिविधिलाई सहयोग पुगेको देखिन्छ । यसरी समग्ररूपमा राष्ट्रियस्तर प्राप्त गर्ने सुर्खेती व्यक्तित्व र प्रतिभाको संख्यात्मक पक्ष कमै भएतापनि गुणात्मक फड्को मार्ने क्रममा सुर्खेत-काठमान्डौँ र काठमान्डौँ-सुर्खेतको समन्वयले महत्वपूर्ण भूमिका खेलेको मान्न सकिन्छ । यसरी सुर्खेतको साहित्यिक गतिविधिमा साहित्यिक पत्रपत्रिकाको महत्त्वपूर्ण स्थान रहेको छ । यसका साथै आजको सुर्खेती साहित्यिक विकासमा सञ्चारका माध्येमका रुपमा पत्रपत्रिका, रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र सुर्खेत, भेरी एफ.एम., बुलबुले एफ.एम., जागरण एफ.एम., हिमाल एफ.एम. र अन्य संघ-संस्थाहरूले पनि उत्तिकै महत्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

**सुर्खेतबाट प्रकाशित भएका साहित्यिक पुस्तकको विवरण :**

सुर्खेत जिल्लमा पुस्तक प्रकाशनको सुरुवात वि.सं.२०२३ साल देखि व्यक्ति लेखनको प्रयासमा भएको देखिन्छ । सर्वप्रथम सुर्खेत ढोडेखाली निवासी हरिभक्त गिरीको सत्यनारायणको कीर्तन भारतको हरिद्वारबाट प्रकाशित भएको पाइन्छ । त्यसपछि सुर्खेती साहित्यकारहरूद्वारा विभिन्न ठाउँबाट कृतिहरू प्रकाशित गर्ने कार्य भएको पाइन्छ । प्रकाशित कृतिहरूमा सुरुका प्राथमिककालीन कृतिहरू धार्मिक क्रियाकलापसँग सम्बन्धित छन भने त्यसपछि क्रमश : भाषा, राजनीति चिन्तन, साहित्य एवम् नाटक र अन्य समालोचनात्मक खोज अनुसन्धानसँग सम्बन्धित छन् । वि.सं. २०२३ सालदेखि अहिलेसम्म प्राप्त भएका पुस्तक विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

| क्र.सं. | पुस्तकको नाम | लेखकको नाम थर | प्रकाशक | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १ | सत्यनारायणको पूजा कीर्तन | हरिभक्त गिरी | लेखक स्वयम् | वि.सं. २०२३ |
| २ | लक्ष्मी कीर्तन सङ्ग्रह | लक्ष्मीनाथ आत्रेय | लेखक स्वयम् | वि.सं. २०३० |
| ३ | भजनमाला | पुष्करदेव गिरी | लेखक स्वयम् | वि.सं. २०३२ |
| ४ | क्रन्दन (कविता सङ्ग्रह) | नरेन्द्र कोइराला | लेखक स्वयम् | वि.सं. २०३५ |
| ५ | गोजिका (कविता सङ्ग्रह) | विश्वमङ्गल आत्रेय | लेखक स्वयम् | वि.सं. २०३६ |
| ६ | प्रेरणा (कविता सङ्ग्रह) | जीवनकुमार शाक्य | लेखक स्वयम् | वि.सं. २०३६ |
| ७ | नारी कि जारी (उपन्यास) | रामचन्द्र | लेखक स्वयम् | वि.सं. २०३५ |
| ८ | उपाधि (उपन्यास) | प्रेमानन्द श्रेष्ठ | लेखक स्वयम् | वि.सं.२०३६ |

| | | | | |
|---|---|---|---|---|
| ९ | राजनैतिक सुझावमाला | प्रेमानन्द श्रेष्ठ | लेखक स्वयम् | वि.सं. २०३७ |
| १० | राजनीति गीता | प्रेमानन्द श्रेष्ठ | लेखक स्वयम् | वि.सं. २०३९ |
| ११ | म पनि माननियको उमेदवार(१) | प्रेमानन्द श्रेष्ठ | लेखक स्वयम् | वि.सं. २०४३ |
| १२ | शान्तिका पूजारी | शिवनारायण वि.सी. | रमेश गिरी | वि.सं. २०४६ |
| १३ | अधुरो जीवनमा मधुर छाया | वीरेन्द्रजंग राना क्षेत्री | लेखक स्वयम् | वि.सं. २०४६ |
| १४ | बहुला बहुदल पागल प्रजातन्त्र | प्रेमनन्द श्रेष्ठ | लेखक स्वयम् | वि.सं. २०४७ |
| १५ | प्रमाणवाद (सिद्धान्त सिर्जना) | अच्युतशरण अर्याल | प्रमाण प्रकाशन | वि.सं. २०४८ |
| १६ | प्रतिविम्व (कविता सङ्ग्रह) | दिपक गौतम | लेखक स्वयम् | वि.सं. २०४८ |
| १७ | श्रद्धाञ्जली (कविता सङ्ग्रह) | मणिकुमार पोखेल | सुर्खेतीकला परिवार | वि.सं. २०४८ |
| १८ | भक्ति र संघर्ष (कविता सङ्ग्रह) | बलभद्र भारती | लेखक स्वयम् | वि.सं. २०४९ |
| १९ | कथा हो यो मन र जीवनको (खण्डकाव्य) | खडानन्द भट्टराई | चन्द्रकला न्यौपाने | वि.सं. २०४९ |
| २० | क्षितीजभित्रका गाउँहरू,कविता सङ्ग्रह | बलभद्र भारती | लेखक स्वयम् | वि.सं. २०५० |
| २१ | बाँसुरीभित्र रोएको मान्छे(कथा सङ्ग्रह) | चन्द्रमणि गौतम | चक्रपाणी शर्मा | वि.सं. २०५० |
| २२ | ने.बा.सा.का. चुनियको पुस्तकको सूची | जीवेन्द्रदेव गिरी | नेपालबाल साहित्य समाज | वि.सं. २०५० |
| २३ | सङ्कल्प कविता सङ्ग्रह | चन्द्रशर्मा थानी | चक्रपाणी शर्मा | वि.सं. २०५१ |
| २४ | भक्तचालीसा (कविता सङ्ग्रह) | टीकाभक्त गिरी | लेखक+गौरादेवी गिरी | वि.सं. २०५१ |
| २५ | लोकगीत तथा जाग्रिती गान | यदु शर्मा | लेखक स्वयम् | वि.सं. २०५१ |
| २६ | नेपाली साहित्य श्रङ्खला भाग १ | जीवेन्द्रदेव गिरी | एकतावुक्स डिस्टिव्युटर्स | वि.सं. २०५२ |
| २७ | नेपाली साहित्य श्रङ्खला भाग २ | जीवेन्द्रदेव गिरी | एकतावुक्स डिस्टिव्युटर्स | वि.सं. २०५२ |
| २८ | भेरी क्षेत्रीय क्रियाको संरचनात्मक विश्लेषण | जीवेन्द्रदेव गिरी | पार्वती गिरी | वि.सं. २०५३ |
| २९ | सुर्खेत दैलेख सेरोफेरो | स्व. मोती मल्ल | गोविन्द मल्ल | वि.सं. २०५४ |
| ३० | मानव अधिकार (लेख सङ्ग्रह) | भानुभक्त भारती | सहिदस्मृति पुस्तकालय | वि.सं. २०५४ |
| ३१ | मुनाका कोशेलीहरू(कविता सङ्ग्रह) | मिनाकृष्ण खड्का | विष्णुबहादुर खड्का | वि.सं. २०५४ |
| ३२ | यात्रा सुसेलीहरू | घनश्याम रेग्मी | मुकुन्दश्याम गिरी | वि.सं. २०५४ |
| ३३ | पहिलो पाइला (कविता सङ्ग्रह) | दिनेश थानी | शान्ता थानी | वि.सं. २०५५ |

यसरी उपयुक्त उल्लेखित कृतिहरूबाट नेपाली साहित्यिक भूमिमा विभिन्न रचनाहरूले आफ्नो लेखनी अघि बढाई रहेको तथ्यको इतिहास स्पष्ट छ ।

## ३.५ सुर्खेती साहित्यको चरण विभाजन :

सुर्खेती जिल्लाको साहित्य लेखनको सुरुवातको परम्परा वि.सं. १९९८ तिरबाट प्रारम्भ भएपनि प्रकाशनको परम्परा भने वि.सं. २०२३ देखि मात्र थालनी भएको पाइन्छ[१८] । प्रकाशनको प्रारम्भदेखि अहिलेसम्म धेरै परिवर्तनहरू देखा परेका छन् । सुरुमा आध्यात्मिक एवम् धार्मिक विषयका रचनाहरू प्रारम्भ भएर वि.सं. २०२७-२०३२ सम्म प्रत्यक्ष-अप्रत्यक्ष रूपमा शासकहरूप्रतिको विद्रोह, सामाजिक समस्या, जनजीवनका समस्या, यथार्थवाददी दृष्टिको, क्रान्तिकारी विचारधारा तीव्र रूपमा अभिव्यक्त भएको पाइन्छ । यसै बेला 'तातोरगतको प्रतिज्ञा' जस्ता क्रान्तिकारी नाटक, विविध क्रान्तिकारी गीतहरू साँस्कृतिकक कार्यक्रम मार्फत प्रस्तुत गरिएका छन् । वि.सं. २०४६ सालपछि स्वतन्त्र वातावरणमा मनका भावना र विचारहरू खुलारूपमा राख्ने गरेको पाइन्छ । यसरी हेर्दा सुर्खेती साहित्य विकासका चरणलाई निम्न तीन भागमा बिभाजन गरिएको छ ।

३.६.१ प्रथम चरण - विक्रम सम्वत् १९९८-२०३१ सम्म

३.६.२ दोस्रो चरण - विक्रम सम्वत् २०३२-२०४६ सम्म

३.६.३ तेस्रो चरण - विक्रम सम्वत् २०४७- हालसम्म

प्रथम चरण :

सुर्खेतमा साहित्य लेखनको परम्परा १९९८बाट प्रारम्भ भएपनि प्रकाशनमा आउन केही समय लाग्यो । वि.सं. २००८ सालमा पब्लिक स्कुलको स्थापना भएपछि शिक्षाको माध्ययमले चेतनाको लहर फैलियो । वि.सं. २००२ सालको आश्विनमा यस जिल्लाको गठीकाँडामा हरिभक्त गिरीको निर्देशनमा पहिलो पटक नाटक मञ्चन भएको थियो[१९] । त्यसपछि वि.सं. २०११ सालमा सुर्खेतकै मेलपानीमा ध्रुव नाटक मञ्चन भएको थियो । नाटक मञ्चन गर्ने क्रममा विभिन्न साँस्कृतिक कार्यक्रम देखाउने परम्परा भएको हुनाले कार्यक्रममा गीत, कविता, प्रहसन आदिको रचना गर्ने चलन चलेको तथ्य स्पष्ट हुन्छ । यसै

१८. सुरेन्द्रकुमार पोखेल पूर्ववत् .................. पृष्ठ ३१

१९. प्रेमदेव गिरीसुर्खेत नाटक प्रदर्शनको परम्परा सुर्खेती (सुर्खेती १.१) २०४७ पृष्ठ ३५

गरी वि.सं. २०१३ मा भीमनिधि तिवारीद्वारा रचित 'काँशीबास' नाटक हरिभक्त गिरीले बयलकाँडामा मञ्चन गर्नुभएको थियो । त्यसैगरी रामको वनगमन रविलाल सुवेदीद्वारा रचित नाटक बलभद्र भारतीले मूलपानीमा निर्देशन गरी देखाइएको तथ्य पाइन्छ । सुर्खेती नाटककार महेन्द्रप्रसाद गिरीद्वारा लिखित 'तातो रगतको प्रतिज्ञा' नाटक पहिलो पटक २०३१ सालमा महेन्द्रप्रसाद गिरीकै निर्देशनमा ढोडेखालीमा मञ्चन गरिएको थियो । यसैगरी २०२७ सालमा 'निरक्षरताको परिणाम' नाटक रचना गरी आफ्नै निर्देशकत्वमा वीरेन्द्रनगरमा देखाइएको तथ्य प्रमाणित छ ।

यसरी पहिले अरुले लेखेका नाटक मञ्चन गरी देखाउने परम्परा भएपनि २०३१ साल देखि आफै रचनागरी नाटक देखाउने, गीत प्रहसन रचना गरी सुनाउने परम्पराको विकास भएको पाइन्छ । विभिन्न कार्य क्रममा देखाइएका गीत मध्ये एउटा नमूना हेरौं ।

जुत्ता सिउने ए सार्की दाइ
खै त जुत्ता ती तिम्रै जहान लाई ।

गद्य विधातर्फ अध्ययन गर्दा यस चरणका कृतिमा भगवत् भक्तिमा समर्पित कृतिहरू पाइन्छन् । यसमा प्रथम कवि हरिभक्त गिरी नै अग्रपङ्क्तिमा आएको पाइन्छ । उनीद्वारा रचित जागरणकालीन सत्यनारायणको पूजा कीर्तनको एउटा सुन्दर नमुना यस प्रकार छ ।

भगवानको नामैले कस्ती
जंमी छोरी पूर्नेकी जुन जस्ती[२०] ।

यस चरणका कविताहरूमा केवल ईश्वर भक्तिमात्र नभएर क्रान्तिकारी भावना पनि प्रतिकात्मक रूपमा प्रस्तुत भएका छन् । जुनकिरी २०२७ मा प्रकाशित कविताका अंश हेर्दा यो तथ्य पुष्टि हुन्छ ।

परार्थ जीव मौरीलाई दुर्बल ठानी
मन्धाता भै गर्छन मनमानी
आफ्नो कुकर्मको दण्ड पाउलस्
सहायक नपाई साउँ व्याज चुकाउलस्[२१]

---

२०. हरिभक्त गिरी श्री सत्यनारायणको पूजा कीर्तन सुर्खेत २०२३ पृष्ठ ३

२१. रुद्रदेव शास्त्री पितृवियोग क्षत्रकला वारणासी (७.४) २०२७ पृष्ठ ५४

यसरी माकुरालाई शासक र मौरीलाई सामान्य नागरिकका रूपमा चित्रण गर्दै जनतालाई असहाय ठानी मनोमति गर्ने शासनको विरोधमा एक दिन अवश्य आन्दोलन हुनेछ । त्यस्ता कुकर्मीले अवश्य सजाँय पाउनेछन् भन्ने भाव यस कवितामा व्यक्त गरिएको छ । यस्ता कविताहरू 'जूनकिरी' (२०२७) वारणासी, छात्रकला (२०२७) अयोध्या, सुर्खेती (२०२८) सुर्खेत,दियालो (२०२९) महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जबाट विभिन्न कविताहरू प्रकाशित भएको पाइन्छ ।

सुर्खेती साहित्यमा गद्यविधाका रचनाहरू प्रकाशन गर्ने अवसर 'सुर्खेती' वि.सं. (२०२८) पत्रिकाको पहिलो अङ्कले प्राप्त गरेको छ । रत्नबहादुर केसीको 'मनको भूत' सुर्खेत (१.१) चूडामणि रेग्मीको 'सैतेनी आमा', नरेन्द्रराज शर्माको 'छट्टु स्याल', चूडामणिको 'नरेश्वर ग्रामीण कथाहरू' सुर्खेती (२.२) २०२९ मा प्रकाशित भएको पाइन्छ । यसैगरी धिरबहादुर जि.सीको देउती बोल्छिन्, नन्दाराम लम्सालको जेलभित्रको मुर्च्छना के.वि. रेग्मीको आत्मतत्व, लीलाराम गौतमको 'केही छैन केही छैन' निबन्ध सुर्खेती (१.१ २०२८) मा प्रकाशित भएको पाइन्छ । महेन्द्रप्रसाद गिरीको शान्तिको खोज सुर्खेती (२.२) २०२९ मा प्रकाशित लेख प्रसिद्ध मानिन्छ । यसैगरी बालाराम शर्माको 'समस्यै समस्याबीच विद्यार्थी' र कालीप्रसाद पाण्डेको 'नेपाली साहित्यको एक झलक' दियालो (३.४) वि.सं. (२०३०) मा नेपालगज्ज बहुमुखी क्याम्पसबाट प्रकाशित भएको पाइन्छ । यसरी प्रथम चरणमा नै कथा, निबन्ध, लेख र रचनाका क्षेत्रमा गद्य साहित्यले आफ्ना सैद्धान्तिक लक्षणहरू देखाउने कोशिस गरी तत्कालीन सामाजिक विषयवस्तुलाई लिएर तत्कालीन सामाजिक, आर्थिक, अवस्थाको चित्रण गर्ने जमर्को गरिएको थियो ।

दोस्रो चरण : वि.सं. २०३२-२०४६ सम्म

विक्रम सम्वत् २०३२ देखि पोष्टर काण्डको कारणले सुर्खेतमा दमन बढ्यो र साहित्यिक क्षेत्र पनि त्यसबाट अछुत रहन सकेन । फलत : आध्यात्मिक भक्तिधारा क्रमश : मालिन हुँदै गयो । प्रारम्भिक चरणमा पुष्करदेव गिरीको भजनमाला प्रकाशित भएपनि फल्न-फुल्न पाएन । त्यसै क्रममा जीवेन्द्रदेव गिरीबाट 'एउटा कथा' (२०३३) को वर्षातिर मातृभूमिमा प्रकाशित भयो । सुर्खेतमा पहिलो पटक २०३६ सालमा किसान आन्दोलन भयो । किसान आन्दोलनमा कर्णबहादुर खत्री, इन्द्रबहादुर वि.सी., न्याउले सार्की, ब्रहमदत्त तिवारी हस्तबहादुर सार्की सहिद भए । वि.सं. २०४१ देखि वीरेन्द्रनगर बहुमुखी क्याम्पसले बुलेटिन प्रकाशन गऱ्यो । दोस्रो अङ्कलाई 'लेखनाथ विशेषाङ्क' नाम दिइयो । वि.सं. २०४६ मा नै

गद्यतर्फ शिवनारायण वि.सी.को शान्तिका पूजारी लेख सङ्ग्रह प्रकाशित भयो । पद्यतर्फ वीरेन्द्रजङ्ग रानाश्रेत्रीको 'अघुरो जीवनको मघुर छाया' खण्डकाव्य प्रकाशन भयो । वि.सं. २०३४ को अठोट पछि वि.सं. २०३५ मा नरेन्द्र कोइरालाको 'क्रन्दन' कविता सङ्ग्रह, विश्वमङ्गल आत्रेयको गोजिकाहरू सुर्खेतबाट प्रकाशित भए । यस चरणको पहिलो प्रकाशित पद्य पुष्करदेव गिरीको भजनमाला हो । यसमा बाह्रमासा, तीजको गीत, नारी जीवन सहित २६ रचना रहेका छन् । यस कृतिको एउटा भजन नमूना यस प्रकार छ ।

श्री गणेशका हजुरका चरणमा
पर्छौं हामी लिनुहोस शरणमा
माता तिम्री पार्वती पिता पिनाक धारी
लामो सुढ एकदन्त पेट अति भारी[२२]

यस्तै वीरेन्द्रजङ्ग रानाक्षेत्रीको वि.सं. २०४६ मा सुर्खेतबाट पहिलो पटक निस्केको 'अधुरो जीवनको मधुर छाया' खण्डकाव्यले देवकोटाको मुना मदनलाई सम्झाउँदै विदेशको मेवा भन्दा स्वदेशको सिस्नो मिठो भन्ने चरितार्थलाई सङ्केत गरेको छ । विदेशिने नेपालीहरुलाई साङ्केतिक रूपमा सम्झाउँदै लेखिएको उनको खण्डकाव्यको एउटा श्लोकको नमूना यस प्रकार छ ।

म पनि लाग्छु त्यो आफ्नोबाटो वृहस्पति हुनलाई
म कहिल्यै जान्न विदेश घुम्न लाहुरे हुनलाई
यो भूमि प्यारो यो नेपाल हाम्रै यै स्वर्ग जस्तो छ ।
चाहिन्न मलाई विदेशमेवा यै सिस्नो सस्तो छ[२३] ।

यसरी यस खण्डकाव्यले सुर्खेती साहित्यमा पहिलो मौलिक खण्डकाव्य हुने सु-अवसर प्राप्त गरेको छ । कथा र कविताबाहेक यस चरणमा सामाजिक कुसंस्कारका विरुद्ध मुक्तक र गजलबाट पनि आफ्ना विचार उद्घोष गरेको छ ।

यस चरणको गद्य साहित्य विशेष गरी भाषा, समालोचना, लोक साहित्य, संस्कृति कथा निबन्ध र संस्मरणबाट अघि बढेको देखिन्छ । साहित्यकार जीवेन्द्रदेव गिरीको मातृभूमि २०३३ मा प्रकाशित कथा 'मुटुले ढ्याङ्गो ठोक्दै छ' मा यथास्थितिप्रति असन्तुष्टि व्यक्त गरेको पाइन्छ । २०३४ मा अठोट पत्रिका प्रकाशित भएपछि यसमा २ ओटा निबन्ध र ५ ओटा

२२. पुष्करदेव गिरी भजनमाला (सुर्खेत लेखक स्वयम) २०३२ पृष्ठ १

२३. वीरेन्द्रजङ्ग क्षेत्रीराना अधुरो जीवनको मधु र छाया लेखक स्वयम सुर्खेत २०४६ पृ. २७

घटनाप्रधान कथाहरू प्रकाशित भएका छन्[२४] । त्यसपछि 'पञ्चायत रजत जयन्ति विशेषाङ्क' मा गोविन्द भट्ट, आनन्ददेव भट्ट र अच्युत शरण अर्यालका समालोचनाहरू प्रकाशित भएका छन् । यस चरणका निबन्धहरू वस्तुपरक विवरणात्मक र अनुसन्धानात्मक छन् भने कथाहरू सामाजिक घटनामा आधारित घटनाप्रधान छन् ।

नाटकका सन्दर्भमा अध्ययन गर्दा २०२६ सालसम्म हरिभक्त गिरीबाट मञ्चन सुरु भएको पाइन्छ । त्यस्तै बालकृष्ण मानन्धर, बलभद्रभारती, कालीप्रसाद पाण्डेले भीमानिधि तिवारी, रविलाल, सुवेदी, विजयमल्लका काँशीबास, रामको वनगमन बौलाहकाजीको सपना जस्ता नाटकहरू वयलकाँडा र गोठिकाँडा र दशरथपुरमा क्रमशः मञ्चन गरेको पाइए ता पनि महेन्द्रप्रसाद गिरीद्वारा लिखित 'तातोरगत' को प्रतिज्ञा नाटक स्वयम् लेखकले पहिलो पटक ढोडेखालीमा २०३२ सालमा मञ्चन गरेको पाइन्छ । यी विभिन्न प्रकारका नाटकमा भागलिने पात्रहरूमा मुख्यरूपमा चुडामणि रेग्मी, राजु के.सी. नवीन के.सी., गङ्गा पाण्डे, कुलमान नेपाली, खडानन्द भट्टराई प्रमुख मानिन्छन् । यिनीहरूले नाटक मञ्चन क्षेत्रमा आफ्नो असाधारण प्रतिभा प्रदर्शन गरी जनमानसमा ज्ञान र मानोरञ्जन प्रदान गर्न सफल भएको यहाँका बूढापाकाबाट जानकारी पाइन्छ ।

यसैगरी साहित्यकै सन्दर्भमा अच्युत शरण अर्यालले नेतृत्व गरेको प्रमाणवादको स्मरण गर्न सान्दर्भिक छ । प्रमाणवादको विशेष गरी कृतिको मूल्याङ्कन कृतिलेखनमा परेको प्रभावको उल्लेख नयाँ पुस्ताको प्रतिवद्धता, साहित्यकारहरूप्रति जिउँदै सम्मान, साहित्यिक पुस्ताको स्थलगत अध्ययन, साहित्यिक कृतिको कानुनी संरक्षण, बौद्धिक शोषणको अन्त्य आदि सिद्धान्त अघि सारेको पाइन्छ[२५] । प्रमाणवादले लेख साक्षी, श्रोता साक्षी र सन्दर्भ साक्षी राखेर कविता वा लेख प्रकाशन गरेको पाइन्छ । यसरी सुर्खेती साहित्यले दोश्रो चरणमा जति उचाइ प्राप्त गर्न सकेको छ त्यसको आफ्नै पहिचान र सहित्यिक क्षेत्रमा पुऱ्याएको योगदानको आफ्नै किसिमको महत्व छ । यस चरणका विभिन्न प्राप्त गद्य र पद्य रचनालाई निम्न अनुसार सूचिकृत गरिएको छ ।

---

२४. अच्युतशरण अर्याल सुर्खेती साहित्य एक सर्वेक्षण त्रि.वि. अनुसन्धान महाशाखा शोध प्रतिवेदन २०५० पृष्ठ ४६

२५. सुरेन्द्रकुमार पोखेल पूर्ववत् ..............................................................पृष्ठ ४९

| क्र.सं | रचनाकारको नाम थर | शीर्षक | विधा | पत्रिका वर्ष, अङ्क सम्वत् प्रकाशन विवरण |
|---|---|---|---|---|
| १ | शम्भुपन्त विपना | अठोट | कविता | अठोट (१.१) वि.सं. २०३४ सुर्खेत |
| २ | घनश्याम गिरी | शुभकामना | कविता | अठोट (१.१) वि.सं. २०३४ सुर्खेत |
| ३ | विमला शर्मा | शुभवन्दना | कविता | अठोट (१.१) वि.सं. २०३४ सुर्खेत |
| ४ | महेन्द्रप्रसाद गिरी | लेखनाथप्रति | कविता | क्याम्पस बुलेटिन लेखनाथ विशेषाङ्क २०४६ सुर्खेत |
| ५ | चक्रपाणी सापकोटा | लेखनाथप्रति | कविता | क्याम्पस बुलेटिन लेखनाथ विशेषाङ्क २०४६ सुर्खेत |
| ६ | पिताम्वर ढकाल | चालक | कविता | क्याम्पस बुलेटिन लेखनाथ विशेषाङ्क २०४६ सुर्खेत |
| ७ | जीवनकुमार शाक्य | श्रद्धाञ्जलि | कविता | क्याम्पस बुलेटिन लेखनाथ विशेषाङ्क २०४६ सुर्खेत |
| ८ | वीरेन्द्रजङ्ग राना | कवि शिरोमाणि लेखनाथप्रति | कविता | क्याम्पस बुलेटिन लेखनाथ विशेषाङ्क २०४६ सुर्खेत |
| ९ | धर्मराज सापकोटा | अभिव्यक्ति | कविता | क्याम्पस बुलेटिन लेखनाथ विशेषाङ्क २०४६ सुर्खेत |
| १० | चन्द्रा भारती | हामी नारी | कविता | पानस (१.१) २०४५ सुर्खेत |
| ११ | एकदेव गिरी | सुर्खेत क्याम्पस | कविता | पानस (१.१) २०४५ सुर्खेत |
| १२ | धर्मेन्द्र बस्तोला | मेरो मातृभूमि | कविता | पानस (१.१) २०४५ सुर्खेत |
| १३ | चन्द्रप्रसाद सापकोटा | बुलबुले ताल | कविता | पानस (१.१) २०४५ सुर्खेत |
| १४ | महेन्द्रप्रसाद गिरी | सुर्खेत जिल्लाको गतिविधि | समालोचना | स्मारिका (१.१) २०४७ काठमान्डौं |
| १५ | विष्णुबहादुर के.सी. | सुर्खेतमा प्रचलित गाउँखाने कथा | लोक साहित्य | स्मारिका (१.१) २०४७ काठमान्डौं |
| १६ | जीवेन्द्रदेव गिरी | मुटुले ढेङ्ग्रो ठोक्दैछ | कथा | मातृभूमि वि.सं. २०३० सुर्खेत |

| | | | | |
|---|---|---|---|---|
| १७ | डिल्लीराम आचार्य | सादृश्य प्रेम बाटिका | कविता | स्मारिका (१.१) २०४६ काठमान्डौं |
| १८ | किर्तिराज जोशी | गम्केरा छाँगो | कविता | स्मारिका (१.१) २०४६ काठमान्डौं |
| १९ | चन्द्रप्रसाद सापकोटा | बुलबुले ताल | कविता | स्मारिका (१.१) २०४६ काठमान्डौं |
| २० | बलभद्र भारती | मानव | कविता | स्मारिका (१.१) २०४६ काठमान्डौं |

तृतीय चरण : वि.सं. २०४७ देखि हालसम्म

नेपाली साहित्य जगतमा वि.सं. २०४६ को परिवर्तन पछि सुर्खेती साहित्यमा तेस्रो चरणले प्रवेश गरेको पाइन्छ । राष्ट्रमा बहुदलीय प्रजातन्त्रले खुला वातावरणको सिर्जना गऱ्यो । लेखन स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता र संघ-संस्था खोल्ने स्वतन्त्रता मौलिक हक आदि नेपाल अधिराज्यको संविधान २०४७ ले व्यवस्था गरे अनुरूप सुर्खेती साहित्यिक क्षेत्रमा पनि नयाँ जोस, जागँर फैलिएको छ । वि.सं २०२९ मा गठन भएको सुर्खेती कला परिवार वि.सं. २०४७ मा दर्ता भई सक्रिय रूपमा देखा परेको छ । वि.सं. २०४७ मा नै सुर्खेती साहित्यिक पत्रिकाको प्रकाशन भएको थियो । यसका अतिरिक्त कवि गोष्ठी, साहित्यिक प्रतियोगिता लगाएतका विविध साहित्यिक कार्यक्रम सञ्चालन भएका छन् । यसै क्रममा २०४७ मा प्रगतिशील लेखक संघको स्थापना भएको छ । यस संघले आफ्नो मुखपत्रको रूपमा चौमासिक साहित्यिक पत्रिका रातोथुँगा प्रकाशन सुरु गऱ्यो । रातोथुँगा नै सुर्खेतको बुद्धिजीवी समूहको सक्रियतामा भएको हुनाले यो अत्यन्त लोकप्रिय भयो । अहिलेसम्म पनि यो साहित्यिक पत्रिकाले निरन्तरता पाएको छ । वि.सं. २०५० सालमा वागीना समूहको स्थापना भएर सुर्खेती नाटक लोक साँस्कृतिक र साहित्यिक क्षेत्रमा महत्वपूर्ण विकास भएको थियो । वि.सं. २०३९ देखि प्रारम्भ भएको समाचारमूलक पत्रिका वि.सं.२०४९ मा सुसेली वि.सं. २०५० मा जनअधिकार र सुर्खेत पोष्ट तथा वि.सं. २०५२ को चासो जस्ता पत्रपत्रिकाहरूमा मुख्यतया समाचारमूलक भएपनि विभिन्न साहित्यिक रचना पनि प्रकाशित भएका थिए । वि.सं. २०४७ मा ‘सुर्खेती’ कला साहित्य परिवारको चौमासिक साहित्यिक प्रकाशन सुर्खेतीको प्रकाशन भयो । २०४७ मा नै सुर्खेती कल्याण समाज काठमान्डौंले आफ्नो वार्षिक प्रकाशनलाई कविता ‘कोसेली’ का रूपमा प्रकाशन गरेको थियो[२६] । वि.सं. २०४८ मा प्रगतिशील लेखक संघसँग सम्बन्धित सुर्खेतको मुखपत्रका रूपमा ‘रातोथुँगा’

२६. ऐजन ...........................................................पृष्ठ ४९ (सुर्खेत)

साहित्यिक चौमासिक पत्रिका प्रकाशन भएको थियो । 'रातोथुँगा' को यस अङ्कमा वरिष्ठ प्रगतिवादी साहित्यकारहरू श्यामप्रसाद शर्मा, मोदनाथ प्रश्रित, जनकप्रसाद हुमागाइँ, लगाएत सुर्खेत जिल्लाका देवेन्द्र वि.सी. कमला नेपाली, जगतबहादुर बस्नेत, बालकुमारी कोइराला डिल्लीप्रसाद उपाध्याप, महेन्द्रप्रसाद गिरी, दिपक गौतम र खगेन्द्र थापा जस्ता साहित्यकारहरूका कविता, मुक्तक, गीत, नियात्रा, समालोचनात्मक कृतिहरू प्रकाशित भएका छन् । यी विविध रचनाहरूमा नारीको वर्तमान अवस्थाप्रति क्रान्तिकारी स्वर दिँदै प्रगतिवादी चिन्तन र शोषण दमनका विरुद्धमा विद्रोहात्मक स्वरहरू घन्काउँदै नजमानसमा चेतनाको लहर छाउने भावना झल्केका कवितात्मक प्रवृत्ति रहेका थिए । रातोथुँगाका अहिलेसम्म बाह्रौं अंक प्रकाशित भैसकेका छन् । रातोथुँथा साहित्यिक पत्रिका मार्फत नारी कवयित्रीद्वारा पुरूप्रधान समाजको विरोध गर्दै नारी अवलाको रूपमा नभएर सवलाको रूपमा अगाडि बढीरहेको र विविध क्रान्तिमा भाग लिन सक्षम भएको आवाज उठाइएको छ । यसै गरी सुर्खेत क्याम्पस शिक्षाको स्व.वि.यु.बाट वि.सं. २०५३ मा 'नवज्योति' साहित्यिक पत्रिकाको प्रकाशन भएको थियो । कर्मचारी मिलन केन्द्र सुर्खेतबाट वि.सं. २०५४ मा 'सुर्खेत सुमन' पत्रिका पहिलो अङ्क प्रकाशित भएको थियो । वि.सं. २०५४ मा मोतीमल्लको 'सुर्खेत दैलेखको सेरोफेरो' कविता सङ्ग्रह प्रकाशित भएको थियो । यसैगरी २०५४ मा नै कवयित्री मीनाकृष्ण खड्काको कविता सङ्ग्रह 'मुनाका कोशेली'हरू प्रकाशित भएको छ । ४१ कविताको सङ्कलन भएको कविता सङ्ग्रहमा राष्ट्रियता, सदाचार, आदिका पक्षमा उभिदै मजदूरका समस्याप्रति सचेत हुँदै उनका कविता सिर्जना भएका छन । यसैगरी उनका रचनमा तस्करी, भष्टाचारी र देश बिगार्ने नेता तथा व्यापारीको अनैतिक आचरणप्रति व्यङ्ग्य गरिएको छ । वि.सं. २०५५ असारमा दिनेश थानीको 'पहिलो पाइला' कविता सङ्ग्रह प्रकाशित भएको थियो । यसरी सुर्खेतमा गद्य साहित्य सम्बन्धी अनेक रचनाहरू प्रकाशित भएर सुर्खेती साहित्य लगाएत नेपाली साहित्यको विकासमा महत्वपूर्ण योगदान पुग्न गएको छ । यस रातोथुँगा साहित्यिक पत्रिकाले वि.सं. २०६८ सम्म आइपुग्दा यथार्थवादी दृष्टिकोण, विद्रोहात्मक अन्धविश्वास तथा रुढी ग्रस्त परम्पराको विरोध र स्वच्छन्दवादी भावनात्मक उडान गर्दै प्रमुख रूपमा सामाजिक अन्धविश्वसप्रति विद्रोहत्मक विषयवस्तुको उठान गरिएको छ ।

सुर्खेती साहित्यमा २०४६ देखि प्रारम्भ भएको गद्य विधामा पनि वि.सं. २०४६ को राजनैतिक परिवर्तनले ठूलो प्रभाव पारेको छ । सुर्खेतमा प्रकाशित र बाहिरबाट सुर्खेती

साहित्यकारका रचनाहरू विभिन्न, कथा, निबन्ध संस्मरणात्मक लेख लगाएत गद्यविधाका रचनाहरू प्रकाशन भएका छन् । खास गरेर नेपालीहरूको आर्थिक दरिद्रता, सामाजिक अन्धविश्वास, रुढीवादी परम्परा बेरोजगारका बाबजुद विदेशिनु पर्ने बाध्यतालाई महत्व दिएर वि.सं. २०४६ मा प्रगतिशील लेखक संघको स्थापना भई २०४८ सालमा प्रकाशित रातोथुँगा मुखपत्र साहित्यिक पत्रिकाका माध्यमबाट सुर्खेतमा मार्क्सवादी द्वन्द्वात्मक भौतिकबाद र प्रगतिवादी साहित्यिक चिन्तन फस्टाउने अवसर पाएको थियो । विशेष गरी यस साहित्यिक पत्रिकामा सुरुदेखि अहिलेसम्म तेरौ अङ्कका गद्यविधाका साहित्यिक रचनामा रचनाहरूले निम्नबर्गीय किसान, मजदूर र श्रमिक आदिको पक्षमा कलम चलाएका छन् । यस पत्रिकाका विभिन्न अङ्कहरूमा राष्ट्रिय स्तरका साहित्यकार जस्तैः गोविन्द भट्ट, निनु चापागाईं, खगेन्द्र सँङ्ग्रौला, गोकुल जोशी, युद्धप्रसाद मिश्र, श्यामप्रसाद शर्मा, मोदनाथ प्रश्रित, मञ्जुल जस्ता वरिष्ट प्रगतिवादी साहित्यकारका लेख रचना, निबन्ध, समालोचना, स्मरण र अन्तरवार्ताप्रकाशित भएका छन् । रातोथुँगाका अहिले सम्म बाह्रौ अङ्कमा प्रकाशित भएका गद्य रचनाहरू विवरणात्मक, वस्तुपरक घटना प्रधान, आत्मपरक, विभिन्न विशेषताले उपयुक्त हुन गएका छन् । सर्वहारा श्रमिक र निम्नवर्गका किसानहरूको पक्षमा लेखिएका प्रस्तुत रचनाकारहरूले शोषक र सामन्तवादको विरोध गर्दै समाजमा समानतावादी समातामूलक समाजको स्थापनामा जोड दिएको छ । वि.सं. २०५३ मा 'सुर्खेती प्रजातान्त्रिक विद्यार्थी समाज काठमान्डौं' बाट साहित्यिक रचनाले युक्त समाचार प्रधान पत्रिका काँक्रेविहार पत्रिका प्रकाशन भएको थियो । यस पत्रिकामा प्रकाशित लेखहरूको सुर्खेत जिल्लाको वस्तुगत स्थिति चिनारी गराउने कोशिष गरेको पाइन्छ । यसमा पनि निबन्धात्मक लेख रचना र कथाहरू प्रकाशित भएका छन् ।

यसरी तृतीय चरणमा सुर्खेती साहित्यकारहरूद्वारा सुर्खेतमा र नेपालका विभिन्न स्थापना रही गद्य एवम् गद्य रचनाहरूको आँखाले भ्याएसम्मका कृतिहरूलाई निम्न अनुसारको तालिकामा सुचिबद्ध गरिएको छ ।

| क्र.सं. | रचनाकारको नाम | शीर्षक | विधा | पत्रिकाको वर्ष अङ्क सम्वत स्थान |
|---|---|---|---|---|
| १ | पिताम्वर ढकाल | दिन-मातृत्व | कविता | सुर्खेती १.१ वि.सं. २०४७ सुर्खेत |
| २ | धर्मराज गिरी | उनको सिउँदो | कविता | सुर्खेती १.१ वि.सं. २०४७ सुर्खेत |
| ३ | गोकर्णनाथ योगी | परिस्थिति र वाध्यता | कविता | सुर्खेती १.१ वि.सं. २०४७ सुर्खेत |
| ४ | महेशकुमार गिरी | सहिदको सम्झना | कविता | सुर्खेती १.१ वि.सं. २०४७ सुर्खेत |

| | | | | |
|---|---|---|---|---|
| ५ | जीवेन्द्रदेव गिरी | उठ न किसान | कविता | सुर्खेती १.१ वि.सं. २०४७ सुर्खेत |
| ६ | प्रेमानन्द श्रेष्ठ | थारु | कविता | सुर्खेती १.१ वि.सं. २०४७ सुर्खेत |
| ७ | बलभद्र भारती | आजादिको त्यो दिन | कविता | सुर्खेती १.१ वि.सं. २०४७ सुर्खेत |
| ८ | श्रीमती उर्मिला खरेल | नारी जीवन | कविता | सुर्खेती १.१ वि.सं. २०४७ सुर्खेत |
| ९ | भुपेन्द्रप्रसाद गिरी | केही मुक्तकहरू | कविता | सुर्खेती १.१ वि.सं. २०४७ सुर्खेत |
| १० | ऋषिप्रसाद थानी | जीवन जगेर्ना | कविता | सुर्खेती १.१ वि.सं. २०४७ सुर्खेत |
| ११ | अमरबहादुर कार्की | हामी बालक | कविता | सुर्खेती १.१ वि.सं. २०४७ सुर्खेत |
| १२ | जीवनकुमार शाक्य | सिदात्माको आह्वान | कविता | सुर्खेती १.१ वि.सं. २०४७ सुर्खेत |
| १३ | खोपिराम लम्साल | जुम्रा | कविता | सुर्खेती १.१ वि.सं. २०४७ सुर्खेत |
| १४ | महेन्द्रप्रसाद गिरी | सुर्खेती कामना | कविता | सुर्खेती १.१ वि.सं. २०४७ सुर्खेत |
| १५ | हरिभक्त गिरी | श्री भक्त वर्णमाला . | कविता | सुर्खेती १.१ वि.सं. २०४७ सुर्खेत |
| १६ | भानुभक्त भारती | वीर सहिद | कविता | कविता कोशेली२.२वि.सं.२०४७ काठमान्डौं |
| १७ | काशिनाथ योगी | धर्म | कविता | कविता कोशेली२.२ वि.सं. २०४७ काठमान्डौं |
| १८ | दिपक गौतम | खोइ प्रजातन्त्र ? | कविता | कविता कोशेली२.२ वि.सं. २०४७ काठमान्डौं |
| १९ | भूपति अधिकारी | मेरी मायालु देश | कविता | कविता कोशेली२.२ वि.सं. २०४७ काठमान्डौं |
| २० | बलभद्र भारती | श्रमिक दाइलाई चिठी | कविता | कविता कोशेली२.२ वि.सं. २०४७ काठमान्डौं |
| २१ | महेन्द्रप्रसाद गिरी | आज बिहानै काग कराएकोछ | कविता | कविता कोशेली२.२ वि.सं. २०४७ काठमान्डौं |
| २२ | बुद्धिप्रसाद सापकोटा | फरक | कविता | कविता कोशेली२.२ वि.सं. २०४७ काठमान्डौं |
| २३ | बलभद्र भारती | योद्धाहरूलाई सन्देश | कविता | सुर्खेती २.१ वि.सं. २०४८ सुर्खेत |
| २४ | मणिकुमार पोखेल | केही टुक्रा | कविता | सुर्खेती २.१ वि.सं. २०४८ सुर्खेत |
| २५ | जीवेन्द्रदेव गिरी | दुई गीत | कविता | सुर्खेती २.१ वि.सं. २०४८ सुर्खेत |
अन्य विविध सामग्री भन्नाले नेपाली साहित्यले अंगालेको साहित्यिक विधा र साहित्येत्तर सामग्रीहरूलाई भन्ने बुझिन्छ । 'रातोथुँगा' साहित्यिक पत्रिकाले प्रकाशनको प्रारम्भदेखि 'सहिद विशेषाङ्क २०३६' सहित बाह्रौं अङ्क सम्म ३४ जना लेखकका ३४ ओटा अन्य विविध सामग्रीहरू प्रकाशित गरेको छ । अन्य विधाको तुलनामा यस पत्रिकामा यी सामग्रीहरूको स्थान पनि महत्वपूर्ण देखिन्छ । सामग्री प्रकाशन गर्ने साहित्यकारकाहरूमा जिल्लामा चर्चित र नवोदीत साहित्यकारहरू रहेका छन् साहित्यबाहेक अन्य सामग्रीहरूमध्ये शिक्षा, स्वास्थ्य, इतिहास, राजनीति र राष्ट्रिय भावना आदिमा केन्द्रित रहेका छन् । यसरी रातोथुँगा साहित्यिक पत्रिकाले अन्य विविध सामग्रीहरू प्रकाशित गरी बालसाहित्य लगाएत अन्य क्षेत्रसम्म पुग्न यो पत्रिका सक्षम रहेको छ । 'रातोथुँगा' सहित्यिक पत्रिकामा समाहित अन्य सामग्रीलाई निम्न अनुसारको तालिका सुचीकृत गरिएको छ ।

| क.सं | शीर्षक | लेखक | वर्ष अङ्क सम्वत् | पृष्ठ |
|---|---|---|---|---|
| १ | सुर्खेत उपत्यकाको दर्शनीय स्थल | दधिराम शर्मा | १.१ २०४८ | ७२ |
| २ | दशरथपुरको गोलिकाण्ड | सुरेश भट्ट | १.१ २०४८ | ६३ |
| ३ | पार्टी देश चलाउने मेसिन हो (विचार) | नारायणमान विजुक्छे | १४.९ (२०६१) वैशाख | १७७ |
| ४ | हाजिरीजवाफ प्रतियोगिता | प्रलेस (प्रश्नकर्ता र संञ्चालनक) | १४.९ (२०६१) वैशाख | १८५ |
| ५ | प्रलेस कार्यक्रमको झलक | सम्पादक मण्डल | १३.८ (२०६०) जेठ | ११२ |
| ६ | सुर्खेती साहित्यिक पृष्ठभूमि | प्रलेस सुर्खेत | १२.७ २०५९) मंसिर | १०८ |
| ७ | प्रलेस गतिविधि/संस्थापरिचय हाजिरीजवाफ प्रतियोगिता/सदस्याता विवरण | दिपक गौतम | १६.१०(२०६३) असोज | ५५-५६ |
| ८ | साहित्यिक यात्राको झलक | सम्पादक मण्डल | १४.९ (२०६०) जेठ | १८६ |
| ९ | सिम्ताक्षेत्रको आन्दोलन | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ३-६ |
| १० | प्रहरीको गोलिद्वारा हत्या गरिएका व्यक्तिहरू | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | २७-४१ |

| | | | | |
|---|---|---|---|---|
| ११ | अङ्गभङ्ग भई यातना पाउन बाध्य पारिएका व्यक्तिहरू | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ४२ |
| १२ | यातना पाउन बाध्य पारिएका व्यक्तिहरू | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ४३-४५ |
| १३ | घर छोडी स्वदेश तथा विदेश जान बाध्य पारिएका व्यक्तिहरू | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ४५-५७ |
| १४ | कठोर यातना सहित बन्दी जीवन बिताउन बाध्य पारिएका व्यक्तिहरू | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ४८-४९ |
| १५ | गोली चलेपछि वातावरण यसरी अघि बढ्यो | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ५०-० |
| १६ | गोलिकाण्ड घटाउन संलग्न व्यक्तिहरू | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ (२०५७) | ५१ |
| १७ | जेल विवरण | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ५२-५३ |
| १८ | विद्युतीय सञ्चार माध्यम | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ५४ |
| १९ | पत्रपत्रिका तथ्य अपिल | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ५७-७६ |
| २० | विभिन्न संघसंस्था | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ७७-७८ |
| २१ | नेपाली काँग्रेस | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ७७ |
| २२ | गा.वि.स. रामघाट | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ७७ |
| २३ | जि.वि.स. सुर्खेत | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ७७ |
| २४ | जि.प्र.का. सुर्खेत | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ७७ |
| २५ | जि. पञ्चायत सुर्खेत २०३६ | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ७७-७८ |
| २६ | जेतमुक्तपछिको शिक्षक आन्दोलन | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ८१ |
| २७ | व्यक्ति तथा पत्रपत्रिका | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ८२ |
| २८ | विभिन्न पार्टीका आम सभा र नेताहरू | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ८३ |
| २९ | दशरथपुर शहिद स्तम्भ २०४८ | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ८३ |
| ३० | गोलिकाण्ड प्रति विविध प्रतिक्रिया | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ८७ |
| ३१ | निष्कर्ष | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ९४ |
| ३२ | प्रलेस सुर्खेतको गतिविधि | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ९५ |
| ३३ | प्रलेस नेपाल (२००९) जिल्ला कार्य समिति सुर्खेतको संक्षिप्त परिचय र यात्रा विवरण | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | ९५-१०६ |
| ३४ | सदस्यता विवरण | सम्पादक मण्डल | सहिद विशेषाङ्क २०३६ | १०७ |

### ३.१६.१८ निष्कर्ष :

यसरी समग्रमा हेर्दा मानव समाजको सम्पूर्ण इतिहास नै वर्गसंघर्षको इतिहास हो भन्ने भनाइ अनुसार द्वन्द्वात्मक भौतिकवादी समाज विज्ञानअनुसार यो सम्पूर्ण विश्वमा जे जति प्रकारका घटना हुन्छन् ती सबैमा वर्ग संघर्षको भूमिका रहेको हुन्छ । यी सबै संरचना द्वन्द्वको कारणबाट भएका हुन् । अर्थात अझैं संक्षेपमा भन्नुपर्दा जहाँ वर्गसंघर्ष छैन त्यहाँ क्यै पनि हुँदैन । यसै कारण वर्तमान संसारको कला र साहित्य यति दुई वर्गमा विभाजित छ । त्यस्तै राजनीति र दर्शन पनि विभाजित छ तर रातोथुँगाले दुबैतिरको विचारलाई स्वीकार्दै समन्वयवादी साहित्यधारा प्रवाहित गरेको छ ।

यसरी यस पत्रिकामा विभिन्न लेखकहरूले आफ्ना विभिन्न विचार अनुसारका लेखहरू प्रकाशित गरेका छन् । अन्य विधाका तुलनामा रातोथुँगा साहित्यिक पत्रिकामा कथा, कविता, समालोचना, निबन्ध, नाटक इत्यादि विभिन्न विधागत साहित्यको कुनै कमी छैन । विभिन्न विषयवस्तुसँग सम्बद्ध भई लेखकहरूले आ-आफ्ना लेखहरूको प्रकाशन गरी नेपाली लेख साहित्यको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । निष्कर्षका रूपमा भन्नुपर्दा र उद्देश्यको विस्तार गरी जिल्ला अञ्चल हुँदै राष्ट्रिय स्तरसम्म रचनात्मक साहित्यिक क्रियाकलापमा 'रातोथुँगा' साहित्यिक पत्रिकाले पुऱ्याएको योगदान महत्वपूर्ण छ । राजधानीभन्दा बाहिर दुर्गम स्थलका स्थानीय स्तरमा स्थापित भएर यो संस्था समयको मागसँगै अगाडी बढेर नेपाली साहित्यको श्रीवृद्धिमा टेवा पुऱ्याउन सफल रहेको छ ।

यसका साथै अञ्चल स्तर र राष्ट्रिय स्तरका साहित्यकारहरूसँग भेटघाट गरी साहित्यिक गतिविधि बारे यस संस्थाले जानकारी लिने काम गरेको छ । यसरी नेपाली साहित्यका क्षेत्रमा रातोथुँगा साहित्यिक पत्रिकाले महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

## परिच्छेद : चार

## रातोथुँगा साहित्यिक पत्रिकाको विधागत विश्लेषण तथा मूल्याङ्कन

### ४.१ विधागत विश्लेषण :

पाठकले कुनै कृति वा रचनालाई पढिसकेपछि त्यसको लेखाजोखा गरी छुट्याउने कार्यलाई विश्लेषण भनिन्छ । जोडिएको वा संयोजन भएको कुनै वस्तुमा रहेका विभिन्न तत्वलाई छुट्याउने तथा अलग्याउने प्रक्रियालाई विश्लेषण भनिन्छ[१] । यो मौखिक र लिखित गरी दुई प्रकारको विधिबाट गर्न सकिन्छ । विश्लेषण तार्किक र सत्य हुनुपर्दछ ।

### ४.१.१ कविता साहित्य :

रातोथुँगा साहित्यिक पत्रिकामा समग्र कवितालाई हेर्दा मुक्तछन्दमा लेखिएका गद्य कविताहरू र वेष्टिमा शास्त्रीय छन्दमा लेखिएका कविता अभिव्यक्तिहरू पनि यसमा प्रकाशित कविताहरू जीवन जगतको विस्तृत फाँटलाई ओगटेका छन् । कविका वैयक्तिक तथा नीजि समस्याहरूदेखि समाज राष्ट्र र अन्तराष्ट्रिय जगतका विकृति विसङ्गतिहरूलाई पहिल्याई तिनमा काव्यात्मक वाणी भर्ने काम कविहरूले गरेका छन् ।

अधिकांश नेपालीहरूको स्वदेशप्रतिको भक्तिभावना एवम् कर्तव्य परायणता र आमनेपालीहरूले भोग्नु परेका सामाजिक पीडा, गरिवी, निराशापूर्ण वाणी दिने कविहरू यस पत्रिकामा पर्याप्त छन् । उदाहरणका रूपमा नाम लिनुपर्दा सुर्खेतकै प्रथम कवि हरिभक्त गिरीको 'हाम्री आमा' (अङ्क ८) बलभद्र भारतीको 'त्यो मृत्यु झुपडीबाट जिन्दगी भै आउँछ' (अङ्क १) हरिलाल महतराको 'ऊ कस्तो समाजवादी' (अङ्क ११) महेन्द्रप्रसाद गिरीको 'मान्छे' ( अङ्क १२) र लीलाधर गौतमको 'सत्यमेव जयते' (अङ्क ७) आदिलाई लिन सकिन्छ ।

हरिभक्त गिरीको 'हाम्री आमा' कवितामा हामीलाई लालन-पालन गरी नशा-नशामा जोस जाँगर भरिदिने आमालाई छोडी हामी कतै जान सक्दैनौं । हाम्रो कर्तव्य नै आफ्नी आमालाई स्वागत गरेर मातृभूमिलाई सिँगार्नु हो । उनलाई खुसी पार्नु नै हाम्रो परम् कर्तव्य हो भन्ने अभिव्यक्ति यसरी गरेका छन् ।

---

१. हेमङ्गराज अधिकारी र अन्य सम्पा. प्रयोगात्मक नेपाली शब्द कोष काठमान्डौं विद्यार्थी प्रकाशन प्रा.लि. कमल पोखरी २०६१ पृष्ठ ९२०

हाम्री आमा नेपाल हुन् पृथ्वीमा जुन मातृभूमि महाँ
हाम्रो लालनपालन जसरी भो त्यो छोडि जानु कहा
आमालाई गरेर स्वागत बरु सिँगार्नु कर्तव्य हो
उन्मा हर्ष वृद्धि गराउनु सके त्यै मात्र एक धर्म हो ।

रातोथुँगा अङ्क ८ पृष्ठ ४१

यसरी नेपालीहरूले आफ्नो आर्जित धनसम्पति र सन्तानहरूको संरक्षण गर्न असमर्थ भएको पीडादायी अनुभूति र हजाराँ झुपडीभित्र हाँसो खुसी छाउनु पर्नेमा आँसुले भरिएको निम्नवर्ग र उच्च सम्भ्रान्त वर्गको बीचको दुरी बढ्दै गएको विषयवस्तुलाई त्यो मृत्यु झोपडिबाट जिन्दगी उदाउछ कवितामा जिई-जिई मर्नु परेको पीडादायी वेदनालाई बलभद्र भारतीले आफ्नो कवितामा यसरी व्यक्त गरेका छन् ।

आधा सन्तान आमाका कोषबाट हराउँछन्
साह्रै निसम्भ पारेर बस्ती मुग्लान हिड्ँछन् ।
हजारौं झोपडी भित्र आँसुका इतिहास छन्
अँध्यारो धर्तीका माथि उज्याला दरवार छन् ।

रातोथुँगा अङ्क १ पृष्ठ ६१

यसैगरी ऊ कस्तो साम्यवादी कवितामा कवि हरिलाल महतराले समानताको नारा लिएर अघि बढ्यौं भने नेतृत्व वर्गले मौकामा चौका हानी भ्रष्टाचारीमा मौरीझैं डुवी उत्रिन नसकेको र केही दिनअघि फुटपाथमा हिँड्ने प्रोप्राइटर बनी नोकर चाकरले सुसज्जित भएका भ्रष्टाचारीप्रति व्याङग्यात्मक छड्के हान्दै आफ्नो कविताका माध्ययमबाट यसरी आफ्ना भावना पोख्ने काम गरेका छन् ।

ऊ कस्तो साम्यवादी
पद पैसा र भ्रष्टाचारमा
ऊ हुरुक्क हुन्छ
मौकामा उसले चौका हान्यो
आखिर ऊ फुटपाथमा हिँडेकै हो
आजभोलि एक प्रोप्राइटर बनेको छ
नोकर चाकरका बीचमा
ऊ कस्तो समाजवादी ।

रातोथुँगा अङ्क ११ पृष्ठ १७

लामो समयदेखि पत्रकारिता एवम् साहित्य सिर्जनामा सक्रिय लीलाधर गौतमले आफ्नो सत्यमेव जयते कवितामा सत्यता नै सबैभन्दा अमूल्य एवम् कहिल्यै नाश नहुने दिव्य सौन्दर्य हो । सत्यताका आधारमा जनताले विजय खोज्दछ । हातले सिर्जना, निराशाले निद्रा, विनाशले इर्ष्या, सत्यले चाँदनीको खोजी गर्दछ भन्ने भाव आफ्ना कवितामा यसरी व्यक्त गरेका छन् ।

सत्य सौन्दर्यले खोज्छ
लाली खाज्छ प्रभातले
विजय जनताले खोज्छ
सिर्जना खोज्छ हातले
निद्रा निराशाले खोज्छ
इर्ष्या खोज्छ विनाशले
मुक्ति समग्रले खोज्छ
चाँदनी खोज्छ रातले
निद्रा थकानले................ ।

रातोथुँगा ७ पृष्ठ ३

यसैगरी सुर्खेती भूमिका वरिष्ठ साहित्यकार महेन्द्रप्रसाद गिरीले आफ्नो कविता मान्छेमा नेपालीकहरूले पुष्ट ताजा खानेकुरा खान नपाएको, अनेक व्यथाका जलनले सुक्नु परेको उज्यालो लक्ष्यमा पुग्न असफल भइ अँध्यारो गुफामा लुक्न वाध्य भएको र अनेकौं वेदना र पिडाले छटपटाइरहेको अवस्थामाको चित्रण आफ्नो कवितामा यसरी गरेका छन् ।

न त पुष्ट खाना न त स्वच्छ पानी
व्यथाको जलनले सुकेको छ मान्छे
न भो लक्ष्य पूरा न पायो उज्यालो
अँध्यारो गुफामा लुकेको छ मान्छे ।

रातोथुँगा अङ्क १२ पृष्ठ ६७

प्रगतिशील लेखक तथा साहित्यकार कृष्णसेन इच्छुकले आफ्नो हितकोबाटो आफै जनताले रोज्छ भन्ने कवितामा राष्ट्रवाद र प्रजातन्त्रको जति नाम जपे पनि मुट्ठी भरको

भारदारी तन्त्रलाई जनताले कहिल्यै पनि छोड्ने छैनन् । आफ्नो हितको लागि रगतको बदला लिन पछि पर्ने छैनन् भन्ने भावना कविताका मध्यमबाट यसरी व्यक्त गरेका छन् ।

जपे पनि प्रजातन्त्र र राष्ट्रवादको मन्त्र
चल्ने छैन यो मुट्ठीभरको भारदारी तन्त्र
उठ्छ जनता रगतको बदला दिइछोड्छ
आफ्नो हितकोबाटो आफै जनताले रोज्छ ।

रातोथुँगा अङ्क ४ पृष्ठ ७५

यी विभिन्न विषयवस्तुका अतिरिक्त सामाजिक, आर्थिक, प्रेम आदि विषयमा कविताहरू रचिएका छन् । समग्रमा भन्नुपर्दा रातोथुँगा साहित्यिक पत्रिकामा प्रकाशित कविताहरूले जीवन र जगतका विस्तृत फाँटलाई विषयवस्तुका रूपमा ग्रहण गरेका छन् । बहुसङ्ख्यक कविहरू मुक्त छन्दका कविता र रचनातर्फ आकर्षित छन् तापनि पद्यमा कविता लेख्ने कविहरू पनि पर्याप्त रहेका छन् । भावका दृष्टिले गद्य कविता बढी सशक्त भएता पनि सम्प्रेषणीयता र कवित्व भावका नीजी अनुभूतिको स्वच्छन्द अभिव्यक्ति पाइन्छ भने कतिपयमा परिष्कृत कवित्व कलाको पनि प्रदर्शन भएको छ । केन्द्रिय कविदेखि स्थानीय कविका कवितालाई एउटै वाक्यमा भन्नुपर्दा 'रातोथुँगा' साहित्यिक पत्रिकामा कविता साहित्यमा देखा परेका आधुनिक समसामयिक प्रवृत्तिहरूको आत्मसाथ गर्दै कविताको विधागत विस्तारमा प्रकाशनले प्रारम्भदेखि अहिलेसम्म पनि निरन्तर योगदान पुऱ्याउँदै आएको कुरा तथ्य आधारबाट नै सर्वविदितै छ ।

## ४.१.२ कथा साहित्य :

कथाको विकास र विस्तारमा पत्रपत्रिकाको भूमिका महत्वपूर्ण रहन्छ । रातोथुँगा साहित्यिक पत्रिकामा कथाविधा प्रारम्भदेखि अहिलेसम्म नियमित रूपले समावेश भएको पाइन्छ । बाह्रैं अङ्कसम्म ३४ जना कथाकारका ३४ ओटा कथा प्रकाशित भई चौथो स्थान ओगट्न सफल भएको छ । स्थानीय स्तरका उदीयमान कथाकारदेखि लिएर खगेन्द्र सँग्रौला जस्ता राष्ट्रियस्तरका कथाकारका कथाहरू यस पत्रिकामा प्रकाशित भएका छन् । अधिकांश कथाहरू सामाजिक विसङ्गति, बालबालिकामा आधारित विषयवस्तु लिएर उपस्थित भएका छन् । उदाहरणका रूपमा खगेन्द्र सङ्ग्रौलाको 'मगरमहिला भीख माग्दै छन्' (अ.३ पृ.९४) ( सरस्वती गौतमको 'पण्डित र दाउरे' (अ.१२.पृ.७५) मणिकुमार पोखेलको 'राष्ट्र सेवा' दिपक

गौतमको 'कालनाकाको सयपत्री फूलहरू' (अङ्क १ पृष्ठ १३) अशोक सुवेदीको 'धैर्यको बाँध फुटेपछि' (अङ्क ५ पृष्ठ ६७) भक्तबहादुर सुनारको 'साँढेको लाडाँइ पाडाको मिचाइँ' (अङ्क ११ पृष्ठ ४८) आदिलाई मख्खरुपमा लिन सकिन्छ ।

खगेन्द्र सङ्ग्रौलाको 'मगर माहिला भीख माग्दैछ' कथामा श्यामे र मगर महिलाको तुलना गरी परिश्रम गर्नेले दुःख गरेपनि भोकै बस्नु पर्दैन खाउँ त ठूला ठूला डल्ला काम गरौँ त हातखुट्टा गल्दा भन्ने भावना भएका अल्छीहरूको श्यामेको जस्तै हरिगति भई मृत्युको मुखमा पर्नुपर्छ भन्ने भावना झल्किएको छ । सरस्वती गौतमको पण्डित र दाउरे कथामा विवेकविनाको ज्ञानले आफूलाई नै नोक्सान गर्दछ वा हानी पुऱ्याउँछ भन्ने सारवस्तुको दिशानिर्देश गरेको छ । विवेकको कमिले गर्दा ४ जना पण्डितको अवसान र एउटा दाउरे बाँच्न सफल भएको कथावस्तु यसमा उद्धत गरिएको छ । दिपक गौतमद्वारा रचित 'कल्नाका सयपत्री फूलहरूमा' गरिवले स्वदेश तथा विदेश जहाँ भएपनि दुःख झेल्नु पर्दो रहेछ । नौ वर्षसम्म विदेशमा बसेर काम गर्दा पनि घरमा भडा आउनेसम्म नपाई दिदीले काल्नामा सजाएको भाइको लागि साँचेको फूलहरू काममा उपयोगी हुन नसकेर त्यसै खेर गई झरेको मार्मिक एवम् कारुणिक वेदनालाई कथावस्तु बनाइ रचना गरिएकोछ । यसैगरी अशोक सुवेदीको धैर्यको बाध फुटेपछि कथामा गरिव ढाकेहरूको खान, लाउँन र बाँच्नका लागि गरेको दुःखको अवस्थाको चित्रण गर्दै जुनेलीका सपनालाई उल्लेख गर्नुका साथै गरिवलाई भऱ्याङ बनाएर साहुहरू मोज गर्ने क्रियाकलापको पर्दा फास गरिएको छ । प्रस्तुत सामाजिक यथार्थवादी कथामा समसामयिक धनी-गरिव बीचको खाल्टो विकराल रूपले विकास भएको घटनालाई चित्रण गरिएको छ । भक्तबहादुर सुनारको 'साँढेको लडाइ पाडाको मिचाई' (अङ्क ११ पृष्ठ ४८) मा सामान्य जनतालाई दुःख दिने तीन वर्गका सामन्तीवादी साँढेहरू कमजोर हुँदै गई जनविश्वासबाट टाढा रहेको अवस्थामा अब पाडा ( जनता) नै सर्वेसर्वा हुने कुरामा विश्वस्त रहेको कथावस्तुको चित्रण गरिएको छ । पृथ्वीबहादुर सिंहको 'लल्लुरामको वायक' (अङ्क १२ पृष्ठ ७७) मा अरुदेशको विज्ञान प्रविधिको विकास भैरहेको अवस्थामा हाम्रो देशले वाइक दुर्घटना, रक्सीपसल, गाँजे, गुण्डागर्दिको रेकर्ड गिनिज बुकमा नाम लेखाउन सफल भएको घर, घडेरी बेचेर रक्सी र सुकुटी खाई जूवा तासले टाट पल्टेको अवस्था र विशेष गरी ठूला जमिनदारका सन्ततिहरू कुलतमा फसेर भोग्नुपरेका समस्या एवम् अव्यवस्थित यातायातका साधन अनियन्त्रित रूपले चलाउँदा दुर्घटनाको सिकार हुनुपरेका यथार्थ घटनालाई चित्रण गरेका छन् ।

यसरी समग्र कथाहरूलाई अध्ययन गर्दा सामजिक विसङ्गती, गरिवी, मनोवैज्ञानिक र सामाजिक यथार्थवादी तथ्यलाई विषयवस्तु बनाई रातोथुँगा साहित्यिक पत्रिकामा समावेश गरिएका कथाहरूले  साहित्यका फाँटमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् ।

## ४.१.३ गजल साहित्य :

रातोथुँगा साहित्यिक पत्रिकामा दोस्रो अङ्कसम्म गजलको रचना गरिएको पाइएन तेस्रो अङ्कबाट गजल प्रकाशित भएका छन् । नेपाली साहित्यमा स्थापित गजलकारदेखि लिएर जिल्लामा स्थापित एवम् उदीयमान गजलकारलाई स्थान दिने नाममा स्तर नभएका गजललाई भने यसमा स्थान दिइएको छैन । तेस्रो अङ्कदेखि बाह्रौं अङ्कसम्म १६ ओटा मात्र गजल रचना भएको पाइएको छ । अधिकांश गजलहरू प्रणयमूलक, प्रशासनिक विकृति, विसङ्ति, गरिवी, युद्ध, क्रान्ति र सामाजिक वेतिथिका बारेमा जानकारी दिई जनसमुदायलाई सजग बनाउने खालका छन् । यस पत्रिकामा गजल प्रकाशित गर्ने केही स्थापित गजलकारहरूको नाम लिनुपर्दा निर्मल पन्त, 'हरिगौतम दोषी', शङ्करध्वज शाह, रविकिरण अधिकारी, एल.के.शाह लालजङ्ग भण्डारी, कर्णबहादुर बोहोरा, धर्मेन्द्र महतरा सँगम, कुँवर सिजाली मगर, रामबहादुर सिंजापति, ऋषिप्रसाद थानी, हिमालय बम, आदि रहेका छन् ।

निर्मल पन्तको (अङ्क ३ पृष्ठ ९०) मा राम्रो काम गर्नेलाई सजाए र नराम्रो काम गर्नेलाई पुरस्कार दिने परिपाटिको व्यङ्ग्यात्मक तरिकाले चौतारो छ, झटारो छ, प्यारो छ, उधारो छ, तगारो छ जस्ता काफियाद्वारा जिन्दगीलाई उन्मुक्त दिन सर्वत्र बाधाव्यवधान रहेको तथ्यको उल्लेख गरेका छन् । समाजका विकृतिलाई उनले उदाहरणका रूपमा यसरी प्रस्तुत गरेका छन् ।

साधुलाई सुली यहाँ चोरलाई चौतारो छ
इमानले सधैँ यहाँ खाएको झटारो छ ।

हरि गौतम दोषिको (अङ्क ५ पृष्ठ ६५) जाऊ घर छैन शीर्षकको गजल गरिवीको चपेटोमा परी बस्ने झुप्रो र खाने गुन्द्रुक ढिडो नभएर दुःख पाइरहेको विषयवस्तु उल्लेख गरिएको छ । प्रत्येक शेरका भावुक श्रृङ्खला मिलेको, शेरको अन्त्यमा घर छैन, खर छैन, वर छैन, स्वर छैन, भर छैन जस्ता रदिफ साहितका आंशिक काफियाहरूको अनुप्रास मिलेको

देखिन्छ । यसरी हरि गौतम दोषीले गजलका माध्ययमबाट यथार्थ  अवस्था चित्रण गरेका छन् ।

यसैगरी रविकिरण अधिकारीको (अङ्क १० पृष्ठ ९) गजलमा देशका हुनेखाने र नेतृत्व लिने वर्गले साँढे बनेर सोझा र निमुखा जनतामाथि दाइँ हालिरहेका छन् । कोही लड्न तयार छन् भने कोही पार्टी फुटाल्न प्रयास गर्दछन् । ती सबैको अवसर सामान्य जनतालाई पर्छ भन्ने भाव झल्किएको छ । माटो हजुर टाटो हजुर, पाटो हजुर, खोटो हजुर र बोटो हजुर जस्ता काफियाहरू प्रयोग भएका छन् भने फरक फरक प्रकृत्तिका शब्द हुँदा काफिया आंशिक रूपमा नदोहोरीएकै कारण गजलको सबल एवम् सफल बन्न पुगेको छ ।

त्यस्तै कर्णबहादुर बोहोराको (अङ्क १२ पृष्ठ ११) गजलमा कालापानी, दाङ, सुस्तामा भारतीय विस्तारवादका दलालहरूले मिचेको तथ्य समुद्रको नुन दिएर जुम्ला, हुम्ला, कालिकोटको अमूल्य जडिवुटी खिचेको कुरा टनकपुर र लक्ष्मण पुरको बाँधले नेपाली भूमिलाई डुवानानमा पारिरहेका कारुणिक वेदनालाई उद्धृत गर्दै नेपाल आमालाई फेरि बलभद्र तथा भक्तिथापा जस्ता वीरहरू जन्माउने आग्रह गरेको पाइन्छ । शेरको अन्यमा किच्यो, मिच्यो, घिच्यो र थिच्यो जस्ता काफियाको प्रयोगभएको यो गजल अन्यन्त उत्कृष्ट भएको छ । मानवीय दुःख र वेदना प्रकट गर्दै आफ्ना अन्तहृदयकाभावलाई यहाँ प्रस्तुत गरिएको छ ।

'धर्मेन्द्र महतरा सँगमको' (अङ्क १२ पृष्ठ १२) गजल आफ्नी प्रियसीले आफूलाई सत्य कुरा नदीएर छक्याएको भाव व्यक्त गर्दै स्वतन्त्र हुन पाइन्छ भने अमृत पिउनु पर्दैन र राम ! राम !! भन्दा पनि लड्न लागे बोकी हिँड्न त अवश्य सकिँदैन माया प्रीतिमा दुबै पक्षको भावना र विचार समान हुनुपर्छ भन्ने भाव व्यक्त भएको छ । सिउनु, जिउनु , पिउनु जस्ता शेरको अन्त्यमा प्रयोग भएका काफियाले सुनमा सुगन्ध थप्ने काम गरेको छ यो गजलले फरक-फरक प्रकारका शब्दहरूको प्रयोग र गम्भीर भाव झल्किनु यस गजलको सवल पक्ष हो ।

यसरी यस रातोथुँगा साहित्यिक पत्रिकामा विभिन्न गजलकारका गजलहरू प्रकाशित भएका छन् । समय-समयमा सुन्दर लयात्मक गजलहरू पनि प्रकाशित भएका छन् । यस पत्रिकामा प्रमुख विषयका रूपमा सोझा-साझा जनताले भोग्नु परेका समस्या, मानव जीवनका पीडा, मानवीय स्वार्थ, राष्ट्रिय जीवनका विकृतिहरू आदिलाई विषयवस्तुका रूपमा लिइएको छ ।

## ४.१.४ गीत साहित्य :

रातोथुँगा साहित्यिक पत्रिकामा प्ररम्भदेखि अहिले (बाह्रौं अङ्क) सम्म १, २ र ६ अङ्कबाहेक अन्य अङ्कमा ६० जना गीतकारका ६० ओटा गीतहरू प्रकाशित भएका छन् । यस पत्रिकामा युजेपोतरका नेपालीमा अनुवादीत अन्तराष्ट्रिय गीतदेखि लिएर जिल्लामा उदीयमान गीतकारका गीतहरू रहेका छन् । युजेपोत्तरका बालगीत पटक-पटक अङ्क ८, १० र १२ मा उही गीत दोहोरिएको छ ।

अधिकांश गीतहरू प्रेम, राष्ट्रियता, गरिवी र जीवनका निराशापूर्ण व्यथालाई वाणी दिने गीतहरू यस पत्रिकामा पर्याप्त छन् । उदाहरणका रूपमा केही नाम उल्लेख गर्नुपर्दा, खड्गबहादुर ठाडा (अङ्क १ पृष्ठ ३४), टिका पोखेल (अङ्क ३ पृष्ठ ८३) महेन्द्रप्रसाद गिरी दुई गीत (अङ्क ३ पृष्ठ ११७) प्रेमदेव गिरी सम्झना (अङ्क ५ पेज १८), हरिलाल महतरा नआऊ तिमी (अङ्क ८ पृष्ठ ९०) कलन्दिरी अधिकारी 'ऐसेलु पोकका वन' (अङ्क ११ पेष्ठ ४०) भोजेन्द्र कुँवर देउडा गीत (अङ्क ११ पृष्ठ ४३) रत्न बुढा+लक्ष्मण बुढा दोहोरी गीत ( अङ्क १२ पृष्ठ ८) आदिलाई लिन सकिन्छ ।

खड्कबहादुर राना मगरको भाषाको गीतमा प्रजातन्त्र आएपनि नेपालीहरूको हरिगति उस्तै छ । प्रजातन्त्र नाममात्रको भयो । हामीलाई त पञ्चायतकालभन्दा पनि निकै गाह्रो भयो भन्ने भावना छताछुल्ल पाइन्छ ।

प्रजातन्त्र रानेङ्रा होतानाले
पञ्चायती कालाङ भन्दा झन सारै ले ।

रातोथुँगा (अङ्क १ पृष्ठ ३४)

टिका पोखेलको लोकगीतमा पनि काम गर्ने कालु मकै खाने भालु भनेझैं दुःख एउटाले गर्छ त्यसको फल उही पूरानै जमीनदार, ठालु भलादमीले लिन्छन् । समय परिवर्तन भएपनि सामाजिक कुरीति, अन्याय, भ्रष्टाचारको निर्मूल अझैं हुन सकेको छैन भन्ने भाव पाइन्छ । फलत : हामीले यिनीहरूलाई दाईं हाल्न दिन हुँदैन हामी अब लड्नैपर्छ भन्ने भाव उनका लोकगीतमा पाइन्छ । उदाहरणका रूपमा एउटा टुक्का यसरी प्रस्तुत गरिएको छ ।

लाटा जनता बाढा भयाँ यी कति हाल्नन् दाईं
त्यसै आसन फेरिन्छ क्या नलडि हुन्याँ नाइँ ।

रातोथुँगा (अङ्क ३ पृष्ठ ८६)

महेन्द्रप्रसाद गिरीले दुई गीतमा पनि गरिवी, पीडा र उत्पीडनको चक्रले निमुखालाई सताइरहेको तथ्य प्रस्तुत गरिएको छ । गरीवहरू दिनभर पसिनामा पौडी खेल्न बाध्य छन् । उनीहरूको जीवन आँसुका भेलमा किनारा लागी नसक्नु छ । हातभरि ठेला र पिठ्युभरि डाम हुँदा पनि एक गास खानसमेत गरिवले पाएका छैनन् भन्ने भाव निम्न गीतका टुक्राबाट स्पष्ट हुन्छ ।

दिनरात पिल्सिएर पसिनामा पौडी खेल्छन्
जीवन तरी नसक्नु आँका भेल बग्छन्
ठेला छ हत्केलामा पिठ्युभरी छ डाम
पाइरहेको हुन्न ऊ भरि पेट माम ।

रातोथुँगा (अङ्क ३ पृष्ठ ११७)

यसैगरी प्रेमदेव गिरीको 'सम्झना' लोकगीतमा "जननी जन्मभूमिश्च स्वर्गादपि गरायसी" भन्ने राष्ट्रियताको भावनाले ओतप्रोत भएका भाव पाइन्छ । उनले आफ्नी जन्म भूमिको प्राकृतिक वर्णन गर्ने क्रममा आफ्ना विचार र भावनाहरू यसरी पोखेका छन् ।

राम्री काँडा रामचौतारी बयलकाँडा गढी
कहाँ बसीको फल खान्छ भन्दै मैनाचरी
पूर्व डाँडा जर्वूटाको पश्चिम फिनीकाँडा
आफ्नै देश रमाइलो हुन्छ नजाऊ मैना टाढा ।

रातोथुँगा (अङ्क ४ पृष्ठ १८)

आफ्नी प्रियसीलाई टाढा नजाने सल्लाह दिँदै उनी भन्छन् ।

त्यस्तै कलन्दरी अधिकारीको गीतमा सबैले नयाँ नेपाल बन्यो भने तापनि नयाँ संविधान नबन्ने हो कि भन्ने आशङ्काले मुटु छियाछिया पारेको अन्तवेदनालाई पोख्ने गरेकी छन् । नारामा परिर्वतन ल्याएपनि जनताका इच्छा आकांक्षा र माग कहिल्यै पूरा हुन सकेनन् भन्ने उनको गीतको बोल यसरी प्रस्तुत भएको छ ।

नयाँ नेपाल बन्यो भन्छन्
ऐसेलु पोकका वन
नीति बनिदैन कठै
शान्ति र दुःखीका मन
गरिव जनता जस्ताका तस्तै

ऐसेलु पाकेका वन
माग मागेको भइन कठै
शान्ति र दु:खीका मन ।

रातोथुँगा (अङ्क ११ पृष्ठ ४०)

निष्कर्षमा भन्नुपर्दा संसारमै गीतको महत्वपूर्ण स्थान रहेको छ । गीतलाई सङ्गितको आवश्यकता पर्दछ । यो मानवको दु:ख-सुख, रमाइलो गर्ने एउटा महत्वपूर्ण साधनका रूपमा रहेको छ । साहित्यमा कवितासँग गीतको नजिकको सम्बन्ध रहेको छ । साहित्यबाट गीतलाई अलग राख्न सकिँदैन रातोथुँगा प्रकाशनको प्रारम्भसँगै गीतले महत्वपूर्ण स्थान राख्दै अहिलेसम्म पनि निरन्तर योगदान पुऱ्याउँदै आएको छ ।

### ४.१.५ नाटक साहित्य :

रातोथुँगा साहित्यिक पत्रिकामा साहित्यका, कथा, कविता, गजल, गीत आदिले जुन रूपमा स्थान पाएका छन् त्यो स्थान नाटकले पाउन सकेको छैन । यस पत्रिकाको अङ्क ९ को पृष्ठ ५७ मा गणेश गौतमद्वारा रचित 'अंश कि वंश' नाटक प्रकाशित भएको छ । नारी चेतनामूलक उक्त नाटक वि.सं. २०५३ सालमा सडक नाटकको रूपमा सुर्खेतका विभिन्न ठाउँ लगायत काठमान्डौं र महेन्द्रनगरमा समेत मञ्चन भएको थियो ।

प्रस्तुत नाटकमा मूल रूपमा नारी शिक्षाबाट पिल्सिएको छ । संस्कारमा नारी हेपिएकी छे, धर्ममा देखिएकी छे, अंशमा शोषित भएकी छे । सिर्जनाकी प्रतिक हुँदा हुँदै पनि नारी राष्ट्र, समाज र अझैं सत्य तथ्यलाई स्वीकार गर्ने हो भने घरकै महिलाबाट पनि ऊ पीडित छ । राष्ट्रले प्रजातन्त्रसँगै चोरी डकैति भित्र्यायो । कालाबजारी भित्र्यायो, मनपरि तन्त्र भित्र्यायो । जनतालाई राहतका नाममा एउटा अस्पताल खोल्यो, आम्दानीका नाममा १० ओटा चुरोट र रक्सी फ्याट्री खोल्यो तर न व्यवस्थित बजारीकरण गर्न सक्यो ? घूसका लोभमा हात अगाडि बढायो महिला र पीछडिएका वर्गका लागि सिन्को भाँची दुईटा समेत बनाउन सकेन भन्ने भावना र विचार यस नाटकका विषयवस्तु छन् ।

आजभोलि मानिस पैसामा बेचिएको छ । पैसा नै सर्वस्व हो भन्ने भावना राखेर आफ्ना नाता कुल कुटुम्ब, आदर सत्कार मानमर्यादा मानिसले बिर्सी सक्यो । श्रीमतीभन्दा पैसा ठूलो, भन्ने भावना भएको छ भने आमा बाबुले पनि छोरा समान छोरीलाई नहेरेको गुनासो यहाँ भेट्न पाइन्छ । वास्तवमा अंश दिएर मात्र छोरीलाई सम्मान गरेको मानिदैन अहिले छोरीलाई अंश होइन शिक्षाको जरुरत छ । त्यसकारणले राष्ट्रका कुना-कुनासम्म

छोरीलाई शिक्षाबाट वञ्चित गरिनु हुँदैन भनेर सबैलाई सचेत गराउनुपर्छ भन्ने प्रस्तुत नाटकको मूल मर्म रहेको छ ।

यसरी 'रातोथुँगा' साहित्यिक पत्रिकामा एउटामात्र नाटक रहेपनि सडक नाटकमा रूपमा अभिनय गर्नका लागि अत्यन्त उपयोगी र शिक्षाप्रद छ । जिल्लामा स्थापित नाटककार गणेश गौतमले समाजमा नारी पुरुषबीचको भेदभावको समस्या परम्परागत रुपमा रहेको विकृति र विसङ्गतिको चिरफार गर्नुका साथै नेपाली नाट्यजगतको विस्तारमा महत्वपूर्ण योगदान पुर्‍याएका छन् ।

### ४.१.६ निबन्ध साहित्य :

रातोथुँगा साहित्यिक पत्रिकामा अङ्क ६, १० र ११ मा नभएपनि अन्य अङ्कमा क्षीणरूपमा निबन्ध विधाको समावेश छ । यस पत्रिकामा अन्य रचनाको तुलनामा निबन्ध विधा न्यून रहेको छ । २० वर्षको प्रकाशन यात्रामा २१ जना निबन्धकारका २१ ओटा निबन्ध प्रकाशित भएका छन् ।

यस पत्रिकामा प्रकाशित निबन्धमा विषय र शैलीगत विविधता पाइन्छ । लक्ष्मीप्रसाद देवकोटा को पहाडी जीवन (अङ्क ५ पृष्ठ ५) र जनकप्रसाद हुमागाईंको 'पढ्नु' बालनिबन्ध ( अङ्क ३ पृष्ठ ३९) राष्ट्रिय स्तरका निबन्धकारका निबन्धका साथै जिल्लामा स्थापित लेखकहरूका निबन्धहरू र नवोदीत लेखहरूका निबन्धलाई पनि स्थान दिइएको छ । लेखकका नीजि विचारले यस विधामा स्थान पाएका छन् । यहाँ एक दुई ओटा निबन्धको बारेमा संक्षिप्त वर्णन गर्ने प्रयास गरिएको छ ।

हेमराज गौतमको 'नारी जाति र उनका व्यथाहरू' (अङ्क १ पृष्ठ २१-१२) मा नारहीरूले समाजमा भोग्नु परेका समस्या, सधैँ पुरुषकै पञ्जाभित्र बाँचिरहनु पर्ने अवस्था ठूला महाराजाहरू मर्दा धनसम्पतिसँगै सती जानुपर्ने कारुणिक वेदनाको चित्रण गरिएको छ । प्रजातन्त्रको युग भनिए तापनि नारहीरूको हक अधिकारको कुनै जिम्मेवारी (ग्यारेण्टी) नहुँदा भित्रभित्रै मुर्मुरिएर मुक्तिकोबाटो खोजिरहेको अवस्थाको उल्लेख गरिएको छ ।

जनकप्रसाद हुमागाईको 'पढ्नु' बालनिबन्ध (अङ्क ३ पृष्ठ ३९-४१) मा पढ्नुको अर्थ ज्ञान आर्जन गर्नु हो । नपढ्नेलाई मुर्ख र पढ्नेलाई ज्ञानी विद्वान भनिन्छ । विद्यादान नै सबैभन्दा ठूलो दान हो । मानव सभ्यताको इतिहासमा अध्ययनले नै मानव समाज आधुनिक र वैज्ञानिक बन्दै गएको छ । पढ्नुको अर्थ जागिर खाने मात्र नभई राष्ट्र

र समाजमा धेरै हित र उन्नति हुने विषयमा आफूलाई योग्य वा कुशल बनाउन सक्नु हो भन्ने आदर्शवादी भाव रहेको छ ।

यसैगरी मदन भट्टको 'हिजो आज र भोलि' (अङ्क ७ पृष्ठ ३-४) मा हिजोका अन्धकारपूर्ण २००७, तानाशाही पञ्चायत १०१७ ले आज नेपालीलाई हुस्सूवीर बनाइरहेको छ । सबैले होसियार हुनुपर्ने अवस्था छ । हामी ठगिँदा राष्ट्र शाधुलाई शूली चोरलाई चौतरो हुन पुग्यो । कृपावाद, दलीयवाद, माफियावाद, असुरक्षावाद जस्ता मपाइँत्व झल्काउने वादैवाद नजन्माएर म र मेरो भन्ने ठाउँमा हामी र हाम्रो भन्ने भावना सिक्नुपर्छ भन्ने ताना शाहीप्रति व्याङ्ग्यात्मक चोटिलो प्रहार गर्न खोजिएको छ ।

यस्तै देवेन्द्र बि.सी. को 'हाम्रा परम्परा रीतिरिवाजहरू स्थिर राख्न सकिन्छ ?' (अङ्क नौ पृष्ठ ७३-७७) मा हाम्रा परम्परा रीतिरिवाज, संस्कृतिहरू कालान्तरमा जतिसुकै थाम्न प्रयास गरे पनि मिथ्यामा सवित हुन्छन् । प्रकृति परिवर्तनशील छ । जति चेतनाको विकास हुँदै जान्छ त्यति नै विगतको सत्य मिथ्यामा सावित हुँदै जान्छ । अतः तिनको संरक्षण गर्नका लागि प्रमाणका रूपमा सङ्ग्रहालयमा राखेर संरक्षण गर्नुपर्छ अन्यथा पूरानोलाई ताजा बनाई स्थिर राख्ने सामर्थ्य कसैको छैन  भन्ने विविध दार्शनिक मतहरू चित्रण गरिएको छ ।

यीबाहेक भीमबहादुर भण्डारीको 'चेतना' (अङ्क ८ पृष्ठ ७७) मा प्रकाशित भएको छ । महेन्द्रप्रसाद गिरीको 'पीपलको पात' (अङ्क २) मा प्रकाशित भएको छ । यसरी अन्य विधाको तुलनामा निबन्ध विधाको प्रकाशन न्यून देखिएतापनि रातोथुँगा साहित्यिक पत्रिकाले निबन्ध विधाका क्षेत्रमा योगदान नपुऱ्याएको भन्न मिल्दैन । निष्कर्षका रूपमा विषयवस्तु ठमिन सक्ने शैली नीजि विचार भाव प्रतिपादन कला प्रवल रहेको स्वतन्त्र लेखन एवम् छोटो छरितो गद्यात्मक संरचनामा सिर्जित निबन्ध रचना अन्यन्त चित्ताकर्षक रूपले प्रस्तुत गरिएका छन् ।

## ४.१.७ लेख साहित्य :

लेख एउटा स्वतन्त्र विधा भएको हुनाले साहित्यिक र साहित्येतर व्यक्तिहरूले पनि लेख्न सक्छन् । ज्ञान, विज्ञान, कला, साहित्य, इतिहास, भूगोल, दर्शन आदि कुनै पनि विषयमा लेख्ने लेखकको लेखाजोखा सम्भव छैन् । आफूले जाने बुझेका विषय छोटो मिठो गद्य रचनामा कलात्मक रूपले व्यक्त गर्ने काम लेखमा हुन्छ । कुनै पनि विषय बुझ्नुपरेमा लेख माध्यम बनेको हुन्छ ।

लेख विधाको विकासमा रातोथुँगा साहित्यिक पत्रिकाले प्रकाशनको प्रारम्भदेखि बाह्रौं अङ्कसम्म ३६ जना लेखकका ३६ लेख प्रकाशित भएका छन् । यस पत्रिकामा विभिन्न विषय, साहित्यिक, सामाजिक, सञ्चार र साहित्यिक संस्थाहरूमा आधारित भएर लेखहरू प्रकाशित भएका छन् । राष्ट्रिय पत्रिकामा स्तम्भ लेख्ने प्रगतिवादी लेखकदेखि लिएर जिल्लामा स्थापित साहित्यकारहरू र नवोदीत साहित्यकारका लेखहरू यस 'रातोथुँगा' पत्रिकामा प्रकाशित भएका छन् । यहाँ केही लेखकका लेखहरूको उदाहरणका रूपमा चर्चा गरिएको छ ।

पवित्रा सुवेदीले '८ मार्च र नारी मुक्तिको प्रश्न' (अङ्क १ पृष्ठ ४१-४५) मा पाश्चात्य मुलुक युरोप, अमेरीका र ल्याटिन अमेरिकामा औधोगिक क्रान्तिका सँगसँगै महिलाहरूले आफ्नो दासत्वलाई स्वीकार्न बाध्य बनाएको र एउटा अवला महिलाले १२-१४ घण्टा सम्म काम गर्नुपर्ने सुत्केरी हुँदा समेत विदा नपाउने अवस्थादेखि पिरोलिनु परेको कारुणिक वेदना चित्रण गर्दै अन्तरराीष्ट्रय स्तरदेखि नेपालमा यसको स्थापना गर्नुपरेका संघर्षको उल्लेख गरेको पाइन्छ । दधिराम शर्माले 'सुर्खेत उपत्यकाका दर्शनीय ऐतिहासिक स्थल' (अङ्क २) मा सुर्खेत उपत्यकामा रहेका काँक्रेविहार देउती बज्यै, मङ्गलगढी, बुलबुले ताल इत्यादिको ऐतिहासिक पूरातत्व तथा प्राकृतिक सम्पदाको बारेमा चर्चा गरिएको छ ।

यसैगरी राहुल सांस्कृत्यापनको 'मानसिक दासता' (अङ्क ५ पृष्ठ १) मा दिमागी गुलामी पुस्तकबाट नेपालीमा अनुवाद गरिएको एक अंशमा मानव सभ्यता जतिकै मानसिक दासता पनि प्राचीन कालदेखि मौलाउँदै आएको हो । मानसिक दासता नै प्रगतिका निम्ति सबैभन्दा बढी भयानक हुन्छ । हामीले आँख चिम्लेर समयको प्रतिक्षा गर्नु हुँदैन । बाहिरी क्रान्तिभन्दा आत्मसुधार गर्न मानसिक क्रान्तिको खाँचो पर्दछ भन्ने भाव उनको लेखमा उल्लेख भएको छ ।

यस्तै विष्णुप्रसाद खनालको 'भाव कला र सम्बन्ध तथा दृष्टिकोण' (अङ्क ८ पृष्ठ ८३) मा भाव तथा कला बीचको सम्बन्धलाई जब दार्शनिक दृष्टिले लेखिन्छ त्यसबेला यी दुई बीचको सम्बन्धलाई अन्तवस्तु र आकृतिको बीचमा हेर्न सकिन्छ । साहित्यमा भाव तथा कलाको अर्न्तसम्बन्ध झनै महत्वपूर्ण हुन्छ भन्ने दार्शनिकतथ्यलाई प्रस्तुत गरेका छन् । शिवनारायण वि.सीको 'जनयुद्ध चर्कियो सारा विश्व चर्कियो' मा माओवादी सामस्या र नेपाललाई भ्यागुतो सम्झी भारत, चीन र अमेरिकाले बीचछी, सर्प र अमेरिकाले चिलको रूप लिई हेरिरहेको अवस्थाको चित्रण गरेका छन् ।

यसरी रातोथुँगा साहित्यिक पत्रिकामा विभिन्न लेखकहरूले आफ्ना लेखहरू प्रकाशित गरेका छन् । अन्य विधाका तुलनामा लेख साहित्य सङ्ख्यात्मक कमी देखिएतापनि गुणात्मक दृष्टिले कुनै कमी छैन । विभिन्न विषयवस्तुसँग सम्वद्ध भई लेखकहरूले आ-आफ्ना लेखहरूको प्रकाशन गरी नेपाली लेख साहित्यको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । निष्कर्षका रूपमा भन्नुपर्दा लेख भनेको लेखकका नीजि विचारको कमी निबन्ध, प्रबन्धगत पूर्ण गुण नभएपनि प्रबन्धकै पारामा लेखिएका गद्यरचना (लेख)रातोथुँगा साहित्यिक पत्रिकामा उत्कृष्ट देखिन्छन् ।

### ४.१.८ समालोचना साहित्य :

'रातोथुँगा' साहित्यिक कृति वा रचनाको आफ्नै किसिमले मूल्य निर्धारण गरेको छ । वस्तु समालोचनाले साहित्यिक कृतिका गुणदोष केलाएर वास्तविक मूल्य निर्धारण गर्ने काम गर्दछ । यस पत्रिकामा समालोचकले कृतिका सबल पक्षमा मात्र केन्द्रित नरही सबल तथा दुर्वल पक्षको समानुपातिक मूल्याङ्कन गरेको पाइन्छ । रातोथुँगाको प्रारम्भ कालदेखि बाह्रैं अङ्कसम्म अङ्क १, २, ६, ७, १२, १० बाहेक १२ जना समालोचकका १२ ओटा समालोचना कृति प्रकाशित भएका छन् । संख्यात्मक दृष्टिले हेर्दा अन्य विधाको तुलनामा समालोचनाको प्रकाशन न्यून नै रहेको छ । प्रकाशित समालोचना मध्ये २/३ ओटाको समालोचना उदाहरणका रूपमा यहाँ उल्लेख गरिएको छ ।

राजेन्द्र सुवेदीको प्रगतिवादी साहित्यका दिवंगत त्रिमूर्तिहरू(अङ्क ३पृ.१२७) समालोचनामा युद्धप्रसाद मिश्र (१९६४-२०४७) गोकुलप्रसाद जोशी (१९८७-२०१६) र पारिजात (१९९४-२०५०)को जीवन र उनीहरूका कृतिहरूका आधारमा कृतिपरक अध्ययनमा आंशिक कृतिहरूको वर्णन गरेको पाइन्छ । यसमा प्रभाव परक  समालोचनाको आंशिक प्रभाव पनि परेको पाइन्छ ।

मोदनाथ प्रश्रितको 'महापण्डित राहुल सांस्कृत्यायन' (अङ्क ५ पृष्ठ १७)मा महापण्डित सांस्कृत्यानको जीवनी, विद्वता व्यक्तित्व र कृतित्व सङ्क्षिप्त चर्चामा राहुल सांस्कृत्यायनको व्यक्तित्वमा अतुलनीय विद्वान, अकल्पनीय स्रष्टा, विचारका बेजोड योद्धा, अद्भूत विशेषताका मानवीय व्यक्तित्वका रूपमा चर्चा गर्दै उनले साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानको व्याख्यानमा प्रभाव परक समालोचनाको अधिक्य रहेको छ । त्यस्तै निनु चापागाईंको 'सर्वहारा वर्गका दाँते र गोर्की' (अङ्क ४ पृष्ठ २४-५३) मा जीवनीपरक समालोचनाका आधारमा माक्सिम गोर्की र मध्ययुगका पाश्चिमी

एकल साहित्यकार दाँतेको औँसीका एक तारा र गोर्कीलाई मजदूरको स्थानबाट पुँजीवादीतन्त्र विरुद्धमा गरेको लाडाइँको चर्चा गरिएको छ ।

दिपक गौतमको देवकोटाको 'पागल कवितामा प्रगतिवादी स्वर'(अङ्क ११ पृष्ठ ५५-६१) मा पागल कविताको भाव संरचना, शीर्षक सार्थकता, व्यङ्ग्य चेतना, शीर्षक र सार्थकता कृतिपरक समालोचनाको आधारमा विवेचना गरिएको छ । त्यस्तै उनकै 'सङ्ग्रौलाको मगर महिला भीख माग्दैछ कथा विश्लेषण' (अङ्क ९ पृष्ठ १०८-११६) मा रूप विन्यास, द्वित्व वाक्य गठनको प्रभावपरक समालोचनाका आधारमा विश्लेषण गरेको पाइन्छ ।

समग्रमा अध्ययन गर्दा प्रायः सबै समालोचनाहरू प्रभाववादबाट प्रभावित भएपनि समालोचनाको विधामा उत्कृष्ट विचारहरू प्रकाशन गरेका छन् । प्रकाशित ती सामग्रीहरूले एकातिर कृतिको मर्म बुझ्न खोज्ने पाठकहरूलाई पाठ्यसामग्रीको काम गरेका छन् भने अर्को तर्फ साहित्यिक गतिविधिलाई सजग गराउने चेष्ट थापेका छन् । निष्कर्षमा भन्नुपर्दा समालोचनाले कृतिमा पसेर भाव ग्रहण गर्न र व्याख्यान गर्न सफल भएको तथ्य नकार्न सकिँदैन । यही नै यसको सबल पक्ष हो ।

### ४.१.९ अनुसन्धान :

सुर्खेत जिल्लामा प्रलेसद्वारा प्रकाशित हालसम्म डा.दिपक गौतमको सुर्खेती समकालीन प्रगतिवादी साहित्यिक अभियान (अङ्क ७ पृष्ठ ३६-४९) मा सुर्खेती साहित्यको क्षेत्रमा देखापरेको विकास क्रमको चर्चा गरेका छन् । खोजका क्रममा सर्वप्रथम फेला परेको गीतको नमूना गौतम यसरी प्रस्तुत गर्छन् ।

जुत्ता सिउने ए सर्की दाइ
खै त जुत्ता ती तिम्रै जहानलाई ।

सुर्खेतकै मूर्धन्य साहित्यकार जीवेन्द्रदेव गिरीको एक गीत अखिल नेपाल किसान संगठनमा सँगठित भागिराम थारुद्वारा थारु भाषामा पनि अनुवाद गरिएको एउटा नमूनालाई गौतम यसरी प्रस्तुत गर्नुहुन्छ ।

हाहा कहो ना गोची हाहा कहो न ।
कमैयाक मुरी चिलर्‍या लेगइन हाहा कहो न ॥
जोतन हम्र निमैना हम्र मोज सै बठैना व ।
गाली व धम्की, चुटइ व पिटइ पैना हम्र पो ॥

यस्तै खोजका क्रममा प्रेलसको स्थापना र साहित्यिक गतिविधि, रातोथुँगाको प्रकाशन, साहित्यिक यात्रा, लेख रचनातत्मक पुस्तक विमोचन, साहित्य कोशेलीमा देखिएका प्रतिभाहरू, पत्रपत्रिकासँग सम्बन्धित गतिविधि, प्रलेसका केन्द्रिय कार्य क्रमहरू, पुस्तककार कृतिहरूको प्रकाशन र अन्य विविध साहित्यिक क्रियाकलापको अनुसन्धान गरी खोज एवम अनुसन्धानात्मक लेख तयार पारेका छन् । यसरी हेर्दा रातोथुँगा साहित्यिक पत्रिकामा अङ्क (१-१२) सम्म एउटा मात्र अनुसन्धानात्मक लेख प्रकाशित भएपनि दिपक गौतमले सुर्खेती साहित्यको कुना-कुनाका प्रारम्भदेखि अहिलेसम्मका साहित्यिक गतिविधिलाई क्रमबद्ध तरिकाले अनुसन्धान गरी प्रकाशन गरेका छन् ।

### ४.१.१० संस्मरण :

विशेषगरी आफ्नो जीवनका स्मरणीय घटनाहरूका माध्ययमबाट विभिन्न महत्वपूर्ण ऐतिहासिक तथा साहित्यिक प्रसंङ्गहरूलाई यहाँ व्यक्त गरिएको छ । त्यसैले संस्मरणकारका अनुभूतिका माध्यमबाट विभिन्न ऐतिहासिक महत्वका घटना र साहित्यकारहरूका बारेमा जान्न यी सामग्रीहरूले सहयोग भूमिका निर्वाह गरी साहित्यका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । पूराना घटना महत्व आदिलाई ताजा राख्ने क्रममा आफ्ना कथन वा रचनाका माध्यमबाट संस्मरणकार खगेन्द्र थापाले निरङ्कुश पञ्चायतका 'क्रुर नङ्ग्रले चिथोर्दा' (वर्ष ५ अङ्क ३ पृष्ठ ८२-८५) मा वि.सं. २०४३-२०४५ साल सम्मको आफ्नो महत्वपूर्ण राजनीतिक यात्रामा पटक-पटक प्रहरीले अमानवीय किसिमले दुःख र यातना दिएको कुरा उल्लेख गर्दै विनाप्रमाण जेलमा बस्नु परेको दुःखदायीक कारुणिक संझनालाई लिपिवद्ध गरेका छन् ।

बालाराम शर्माले 'अतीतको स्मृति जेलडाइरीको पानाबाट' (अङ्क ३ पृष्ठ १६-१९) मा आफूलाई आफैले १४वर्षसम्म भेटाउन नसकेका १२ पाना भएको त्यसै १२-१३ कविताहरू लेखेको एउटा पातलो कपी पुलिसले फेलापारी यिनै कविताका केही अंशलाई आधार बनाएर राजद्रोहको आरोप लगाई ३ वर्ष कैद र ३००० जरिवाना गरिएको थियो । ती कविताका केही अंश यस प्रकार छन् ।

आऊ दाजुभाइ काँधमा काँध मिलाई माग तिम्रो हक
एक एक थोपा मिलेर समद्र बनेझै गरी
एक एक नेपाली मिलेर आँधीबेहरी उठाऔँ
आगोको झिल्को बनेर सामन्ती महल जलाऔँ

त्यस्तै खगेन्द्र सङ्ग्रौलाको मनका पत्रमा 'देवकोटा पदचापहरू सुन्दै जाँदा' (अङ्क ५पृष्ठ २५-२८) मा महाकवि लक्ष्मीप्रसाद देवकोटाको सुरुदेखि अन्त्य सम्मका कृतिका आधारमा देवकोटाको साहित्यिक चर्चा गरेको पाइन्छ । त्यसैगरी बुद्धिप्रसाद सापकोटाको 'प्राकृतिक साँस्कृतिकक सम्पदाको श्रोत दुल्लू दैलेख' (अङ्क पृष्ठ १४२-४७) मा ऐतिहासिक स्थल दुल्लूका पातीकाल्ना, वाणस्थली, सिद्धस्थली दुल्लुको ऐतिहासिक दरवार, कीर्तिखम्बा, भैरवीकुण्ड, ज्वाला मन्दिर, सिद्धगुफा, कपिलमुनि कुण्ड, वीरखम्बा, अखण्ड धुनि, इन्द्र ज्वाला मन्दिर, नाभीस्थन, धुलेस्वर लगायत धार्मिक तथा ऐतिहासिक सम्पदाको भरिपूर्ण दुल्लू क्षेत्रको वर्णन पाइन्छ ।

यसैगरी गोविन्द भट्टको 'एउटा अँध्यारो सहर र केही जूनकीरीहरू' (अङ्क ४ पृष्ठ १३५-१४८) मा रूसका गोर्की, चीनका लुसुनका वैचारिक दृष्टिकोण, कलात्मक र आकर्षण शैलीका बारेमा चर्चा गर्दै यसको तुलनामा नेपाल निकै पिछडिएको तथ्य उल्लेख गरेका छन् ।

यसरी विभिन्न संस्मरणकारहरूले आफ्नो स्मरण र अनुभूतिका माध्ययमबाट विभिन्न ऐतिहासिक महत्वका घटना र साहित्यकारहरूका बारेमा विभिन्न घटना, वस्तुस्थिति लाई विषयवस्तु बनाई आफ्ना जीवनको स्मरणीय क्षणहरू सम्झना गराएका छन् ।

### ४.१.११ समीक्षा :

समीक्षा पनि समालोचना विधासँगै सह-सम्बन्धित विधा हो । यसले पनि कृतिकार र कृतिका बारेमा गुणदोष छुट्याइ समीक्षा गर्दछ । 'रातोथुँगा' साहित्यिक पत्रिकामा अन्य विधाको तुलनामा समीक्षाको संख्या कम रहेको छ । 'रातोथुँगा' साहित्यिक पत्रिकामा समीक्षा नियमित रहेका छैनन् । प्रारम्भदेखि बाह्रौं अङ्कसम्म दईओटा मात्र समीक्षा प्रकाशित भएका छन् । चन्द्रबहादुर उलकको 'रातोथुँगा अध्ययन गर्दा' (अङ्क ९ पृष्ठ ३-५) मा समसामयिक नेपाली साहित्यका सन्दर्भमा रातोथुँगा साहित्यिक पत्रिकामा 'गुँरास सरी फुलै छैन नेपाल सरि देशै' भन्ने गीत साह्रै उत्साहवर्द्धक भएको तथ्यको उल्लेख छ । त्यसैगरी बलभद्र भारतीको 'ओ सौन्दर्य' देवीराम भण्डारीको 'राष्ट्रभक्ति' हरिभक्त गिरीको 'हाम्री आमा', टिकाभक्त गिरीको 'भावी दृष्टि', महेन्द्रप्रसाद गिरीको 'मानिस मानिस र मानिस' कविताको भाव सशक्त रहेको कुरा उल्लेख गर्दै प्रजातन्त्रको फल तीतो सत्य भएको तथ्यलाई स्पष्ट पार्दै महेश सुरदासको गीतद्वारा उलुक भन्दछन् ।

दुखियाको प्रजातन्त्र आयो सबै भन्छन्

फुटपाथमा बेसहारा दःखी दिन गन्छन् ।  (रातोथुँगा अङ्क ९ पृष्ठ ५)

यस्तै गोमा गिरीको 'समका दुई एकाङ्कीको छोटो समीक्षा' (अङ्क १२ पृष्ठ १५२-१५४)मा नाट्य सम्राट बालकृष्ण समद्वारा लिखित नालापानी (२०५१) सङ्गीत नाटकमा वि.सं. १८७१ को नेपाल-अङ्ग्रेज युद्धमा नेपालीहरूको वीरताको बयान गरिएको छ भने समद्वारा नै रचित बुहार्तन एकाङ्की (२०२०) मा सामाजिक जनजीवनमा सासुहरूद्वारा बुहारीमाथि गरिने अभद्र व्यवहारको चर्चा गरिएको छ ।

यसरी रातोथुँगा साहित्यिक पत्रिकामा दुई ओटै समीक्षा कृतिका बारेमामात्र कलम चलाउने साहित्यकारहरूद्वारा रचनाहरू प्रस्तुत गरिएका छन् ।

## ४.१.१२ व्यङ्ग्य :

व्यङ्ग्यका क्षेत्रमा पनि व्यापकता हुन्छ । सामाजिक, आर्थिक, राजनैतिक आदि खरावी र विकृतिलाई व्यङ्ग्यकारले विषयवस्तु बनाउन सक्छ । व्यङ्ग्यमा व्यङ्ग्यकारले कुनै पनि कुरालाई सिधै नभनी घुमाउरो तरिकाले चोटिल प्रहार गर्दछ । रातोथुँगा साहित्यिक पत्रिकामा प्रारम्भदेखि बाह्रौं अङ्कसम्म व्यङ्ग्यको नियमितता छैन । प्रकाशन कालभरमा दुईओटा मात्र व्यङ्ग्यात्मक रचना भएका छन् । ती मध्ये विष्णु प्रभातको कविहरूको 'आत्म स्वीकृति' (अङ्क ४ पृष्ठ ८०-८४) मा आदिकवि भानुभक्तदेखि बालकृष्ण समसम्मका कविहरूको रचनात्मक लवजलाई व्यङ्ग्यात्मक तरिकाले स्वच्छ र शिष्ट भाषामा उतारिएको छ । त्यस्तै रुदरा खरेलको 'सुनको चुराले' (अङ्क ५ पृष्ठ ९८-९९) मा नेपालीहरू मरिहत्ते गरेर गरिबदेखि धनीसम्म, पियनदेखि सचिवसम्म, सबै ज्ञानको भन्दा धनको पछि लागी धनकै गुणगान गरेको र विद्यार्थीदेखि मन्त्रीसम्म विदेशबाट स्वदेश आउँदा एउटा ज्ञानवर्धक किताव ल्याउनुभन्दा सुनको चुरा र औँठीको पछि लागेको सत्य तथ्य विषयवस्तुको व्यङ्ग्य गरिएको छ ।

यसरी रातोथुँगाको रचनाकालमा २ ओटामात्र व्यङ्ग्यात्मक रचना प्रकाशित भएपनि रोचक हास्य र कलात्मक रहेका छन् । निष्कर्ष रूपमा भन्नुपर्दा समाजका विभिन्न क्षेत्रमा देखिने खरावी र व्यष्टि विकृतिलाई समष्टिरूपमा प्रस्तुत गरेर साधारणिकृतका रूपमा तिनको निराकरणका निम्ति सचेत गराउन यी व्यङ्ग्यको महत्वपूर्ण भूमिका रहेको छ ।

### ४.१.१३ अन्तरवार्ता

प्रसङ्गवस अन्तरवार्ता शब्दले विशिष्ट व्यक्ति र पत्रकारबीच हुने सवाल जवाफ भन्ने बुझिन्छ । यसबाहेक अन्तार्वार्ता शब्दले व्यक्ति-व्यक्तिका बीच अपासमा भएको गोप्य कुराकानी भन्ने पनि बुझिन्छ । रातोथुँगा पत्रिकामा समावेश भएका विभिन्न व्यक्तित्वहरूको अन्तरवार्तालाई सक्षेपीकरणमा यहाँ प्रस्तुत गरिएको छ ।

### ४.१.१३.१ बरिष्ठ प्रगतिबादी सहित्यकार खगेन्द्र सङ्ग्रौलासँगको अन्तरवार्ता

अन्तरवार्ताकारः- बलभद्र भारती

- कर्णबहादुर शाही

स्थानः- चावहिलस्थित निवास

समयः- २०५३ असोज दोस्रो हप्तातिर

(वरिष्ठ प्रगतिवादी साहित्यकार आनन्ददेव भट्टको जन्म २००३ मङ्सिर महिनामा मेची अञ्चल पाँचथर जिल्लाको सुभाङ्मा भएको थियो । २०३८ सालको शिक्षक आन्दोलमा वीरगञ्जाको जेलजीवन बिताईसक्नु भएका सङ्गौलालाई २०५२ मा महाराजगञ्ज दङ्गा सुरुङ् र हनुमान ढोकाका खोरमा बन्दी बनाइएको थियो । नेपाली प्रगतिवादी साहित्यले उहाँबाट ११ ओटा साहित्यिक कृति प्राप्त गरिसकेको छ भने ३ ओटा अप्रकाशित कृतिले प्रकाशनको प्रतिक्षा गरिरहेका छन् । सङ्गौलाले प्रतिक्रियावादीको मुटु चस्कने गरी गद्य विधामा धारिलो कलम चलाइरहनु भएको छ । मैनाली कथा पुरस्कारले विभूषित सङ्गौलासँग 'रातोथुँगा' का सम्पादक बलभद्र भारती र सहयोगी कर्णबहादुर शाहीले लिएको अन्तरवार्ता)

रातोथुँगा :

सङ्गौलाज्यू, यहाँको बारेमा हाम्रा धेरै पाठकहरूले एउटा जिज्ञासा राख्ने गरेको पाइयो । हाम्रो कुराकानीको सुरुवात पनि पाठक वर्गकै जिज्ञासाबाट गरौं, जस्तो कि यहाँको साहित्यिक यात्राको सुरुवात कसरी भयो होला ?

सङ्गौला :

जिउँदो मानिसलाई तपाई सोध्नोस् - भाइ, तँ कसरी बाँचिरहेको छस् ? उसलाई उत्तर दिन सजिलो हुने छैन । बाँच्नुको पछिल्तिर रहेका जीव वैज्ञानिक, मनोवैज्ञानिक तथा बौद्धिक

प्रक्रियाहरूले मानिसभित्र के कसरी काम गरिरहेको होलान् तिनलाई सचेतना साथ वस्तुगत र सूक्ष्म ढङ्गले बोध गर्न सजिलो हुँदैन । मानिसका शिरमा गिरि खेलेका दृश्यहरू र यो सारा कुराहरूले मभित्र जगाएको द्वन्द्व र पीडालाई प्रकट गर्ने खोजिको माध्यम नै मेरो साहित्यिक यात्राको सुरुवात भएको हुनुपर्छ । मेरा बालककालमा आदरणीय गुरु लीला शिवाकोटी र युवावस्थाका गुरु कवि भानुभक्त पोखेलले मेरो भावुक मानसमा पारेको गाढा छाप सचेत रुपले म अझसम्म सम्झन्छु ।

रातोथुँगा :

मार्क्सवादी साहित्यको शिविरसम्म आइपुग्न के कस्ता परिवेशहरूले यहाँको जीवनमा भूमिका खेले होलान् जस्तो लाग्छ ?

सङ्गौला :

मेरो बालककाल अभाव र हैँलाहोचोको वातावरणमा बित्यो । त्यसबाट उतपन्न भएको क्रोध, वेदना र हीन भावना त मभित्र छँदै थियो । जसको चर्चा भैसक्यो । यसै आन्तरिक वर्गीय कारणबाट पैदा भएको निराशाको निकास खोज्ने क्रममा म मार्क्सवादी साहित्यको सिविर सम्म आइपुगें ।

रातोथुँगा :

नेपालको सन्दर्भमा प्रगतिवादी साहित्यका मौलिक विशेषता के हुन सम्छन् भन्ने लाग्छ ?

सङ्ग्रौला :

प्रगतिवादी साहित्य मा द्वन्द्वरत र गतिशील यथार्थ उद्घाउिटत हुन्छ । प्रगतिवादी साहित्य जीवन र समाजलाई बुझ्ने, शोषण, असामनता तथा अमानवीकरणमा आधारित अन्यायी सामाजिक संरचनामा क्रान्तिकारी रूपान्तरण ल्याउन भावनात्मक रूपबाट शोषित पीडित जनतालाई मनोरञ्चन र ज्ञानको माध्यमले प्रेरित र प्रोत्साहित गर्ने प्रभावकारी साधन हो । ............ हाल मेची महाकालीमा नेपाली सम्पदा र अस्मितामा ठूला-ठूला चोट लागिरहेको चिन्ताजनक अवस्थामा साहित्यमा राष्ट्रियताको झन प्रखर रूपले उठ्न पर्ने देखिएको छ । (.........)

रातोथुँगा :

तपाईको विचारमा यस्तो वातावरणको सिर्जना गर्नमा मुख्यत : को जिम्मेवारी थियो त ?

सङ्गौला : प्रलेसको हालको नेतृत्व पक्षका उत्साही लडाकाहरू ।

रातोथुँगा : महाकाली सन्धिबारे प्रलेस आजसम्म पनि मौन रहनुको रहस्य के होला ?

सङ्गौला : हैन, प्रलेसले विस्मयकारी ढङ्गले आज आफ्नो मौनता भङ्ग गऱ्यो । 'प्रकाश' र 'जन एकता' मा महाकाली सन्धिसम्बन्धी वक्तव्य आएको छ ।

रातोथुँगा : यति ठूलो राष्ट्रघाती सन्धि पारित भएको हप्ता दिन भन्दा बढी समयसम्म प्रलेस मुखमा दही जमाएर बस्नुको के कारण होला ?

सङ्गौला : थाहा छैन, सके प्रलेस नेतृत्वसँग स्वनिर्णयको अधिकार नभएको पो हो कि ? कसैलाई सोध्नुपर्ने वाध्यताका कारणले पो वक्तव्य जारी गर्न ढिलो भएको हो कि

रातोथुँगा : प्रगतिवादीमा त साहित्य कर्मलाई स्वयम् सेवा जस्तो मानिएको छ छैन र ?

सङ्गौला : लेखकको श्रमको मूल्य नचुकाउनको लागि हामीकहाँ लुसुनको एउटा भनाइलाई दुरूपयोग गर्ने गरिएको छ । कविताको त्यो भाई यस्तो छ :

गाँथा पारी आँखी भौं
म गर्छ सामना शुत्रका दशहजार कटाक्षहरूको
शिर झुकाई गोरु झैँ
गर्छु म सेवा नारहीरूको

गोरुझैँ बफादार भएर लेखकले जनताको सेवा गर्नुपर्छ भन्ने सन्देश सम्वाहित गर्ने कविताका यी हरफमा जनताका लेखकरूपी गोरुले दानपानी र भुस नखाइकन सेवामात्र गरिरहनु पर्छ भन्ने सन्देश लुसुनले जारी गरेका छैनन् । लुसुन स्वयम्ले शब्दको ज्याला उठाएर लामो समयसमम गुजारा चलाएको कुरा इतिहासले हामीलाई भनेको छ । त्यसैले साहित्य लेखन निःशुल्क कर्म होइन ...............।

रातोथुँगाः जे होस् तपाईले नयाँ समस्या उठाउनु भयो । साहित्यको स्तर उकास्नका लागि पनि यो विचारणीय कुरा हो भन्ने लाग्छ ?

सङ्गौला : विचारणीय मात्र हो्इन, यो त हामीले कार्यान्वयन गर्न गराउन थाल्नुपर्ने कुरा पनि हो ।

रातोथुँगा : अन्तमा रातोथुँगालाई केही सल्लाह सुझाव........... ?

सङ्गौला : राजधानदीखि धेरै टाढा सुर्खेतबाट गरिएको यो प्रयास ज्यादै सराहनीय छ । यो प्रदान निरन्तर चलिरहोस् - मैले भन्न सक्ने कुरा यति मात्र हो ................।

(रातोथुँगा अङ्क ४ पृष्ठ १११-१३२)

यसरी रातोथुँगाका सम्पादक बलभद्रभारती र सहयोगी कर्णबहादुर शाहीले वरिष्ठ प्रगतिवादी साहित्यकार खगेन्द्र सङ्गौलासँग लिइएको अन्तरवार्तामा व्यक्तिगत जनजीवनदेखि लिएर राज्यले खुट्टा बिराएको समयमा राज्यलाई सजग गराउन प्रगतिशील साहित्यले गरेको मार्ग निर्देशन र प्रगतिशील विचार धारणाका बारेमा उत्कृष्ट विचारहरू उल्लेख गरिएको छ

### ४.१.१३.२ प्रगतिशील लेखक संघका तत्कालीन सभापति श्यामप्रसाद शर्मासँग रातोथुँगाका लागि लिइएको अन्तरवार्ता

अन्तरवार्ताकार :- जीवेन्द्रदेव गरी

समय :-

स्थान :-

(प्रगतिशील लेख संघका तत्कालीन सभापति एवम् दुई दशक लामो भूमिगत जीवनको अनुभव बटुलन सफल तथा प्रलेसलाई पच्चीस वटाभन्दा बढी कृतिहरू प्रदान गरिसक्नु भएका वरिष्ठ प्रगपिवादी साहित्यकार श्यामप्रसाद शर्मासँग रातोथुँगाका पत्रकार प्रतिनिधि साहित्यकार जीवेन्द्रदेव गिरीद्वारा लिइएको अन्तरवार्ता)

जीवेन्द्रवेद :- तपाई लामो भूमिगत जीवनपछि खुलारूपमा प्रगतिशील साहित्यको उत्थानमा सक्रिय हुनुभएको छ । तपाई भूमिगत हुनको कारण र भूमिगत अवधिका गतिविधिबारे केही थाहा पाउन सकिन्छ कि ?

श्यामप्रसाद :- प्रजातान्त्रिक वातावरणको अभाव रहेका बेलामा निकै जना वामपन्थीहरूले भूमिगत जीवन बिताउन बाध्य हुनु परेको कुरा त तपाई जस्ता मित्रहरूलाई विदितै छ । मैले भूमिगत हुनु पर्नाको कारण पनि अर्को केही भएजस्तो लाग्दैन । त्यस अवधिमा पनि मैले जनताका घर दैलोमा पुग्ने र उनीहरूको हकहितलाई ध्यानमा राखेर प्रगतिशील साहित्यको जो सकेको सेवा गर्ने काममा नै आफूलाई लगाई रहेँ ।

जीवेन्द्रदेव गिरी :- तपाई प्रगतिशील लेखकको फाँटमा कहिलेदेखि लाग्नुभयो र यस तिर डोरिने प्रेरणा कुन अवस्थाबाट प्राप्त भएको थियो ।

श्यामप्रसाद :- आफू तल्लो वर्गको हुनु र माध्यकि विद्यालयको विद्यार्थीकालदेखि नै देशको जनपक्षीय राजनीति जीवनमा भाग लिने गरे वापत् पटक-पटक जेले पुर्न जस्तो पृष्ठभूमिबाट नै मैले प्रगतिशील फाँटतिर सोझिने प्रेरणा प्राप्त गरेको हुनुपर्छ ।

जीवेन्द्रदेव गिरी :- तपाईले आफ्नो जीवन नै प्रगतिशील लेखनमा समर्पण गर्नुभयो तर प्रगतिशील लेखन सौन्दर्य रहित हुन्छ र राजनीतिक नारावाजीमा मात्र सीमित हुन्छ भन्ने

एक थरीको भनाई छ । यसमा तपाईको विचार के छ ? र प्रगतिशील लेखन कस्तो हुनुपर्छ भन्ने ठान्नुहुन्छ ?

श्यामप्रसाद : प्रगतिशील लेखन सौन्दर्य रहीत हुन्छ र राजनीति नारावाजीमा मात्र सीमित हुन्छ भन्ने धारणा सही होइन भनेर मैले आफ्ना रचनाहरूमा (जस्तै :- लेखक कसरी बन्ने ?र साहित्य सम्बन्धी दुई चार कुरा नाउँका पुस्तकहरमा) अघि देखि नै भन्दै आएको छु । मेरो विचार के छ भने प्रगतिशील रचना सौन्दर्यका दृष्टिकोणबाट समेत स्तरीय नै हुनु पर्छ

जीवेन्द्रदेव गिरी :- प्रलेसको संस्थापकलाई नै सो संघले अहिलेसम्म आफ्नो समापतिको रूपमा पाउनु ठूलो सौभाग्य हो । सो संघको एक मर्मज्ञको नाताले यसमा विगत, वर्तमान र भविष्यबारे केही प्रकाश पारिदिनु हुन्छ कि ?

श्यामप्रसाद :- मुलुकको परिस्थितिको प्रभाव प्रत्येक संस्थामा पर्ने हुन्छ । प्रलेस पनि यस परिस्थितिबाट प्रसस्त प्रभावित हुँदै आएको छ । २००७ साल पछिको स्थितिमा प्रलेसले आफ्नो पाइला अघि सार्न थालेको थियो भने २०१७ खुम्चिएर बस्नुपऱ्यो । २०३६ पछि फेरि अलि अलि गरेर चलमलाउन थाल्यो । २०४६ को जन आन्दोलनले ल्याएको आजको अवस्थामा यो संघले फेरी प्रगति गर्न खोजिरहेछ । आपसमा अझ बढी एकबद्ध भई प्रयत्न बढाउँदै जाने हो भने भविष्य अझैं झन झन उज्यालो हुँदै जानेछ । ........।

(रातोथुँगा (१.१) २०४८ भास्कर प्रिन्टिङ्ग प्रेस सुर्खेत)

(यसरी साहित्यकार जीवेन्द्रदेव गिरीले वरिष्ठ प्रगतिशील साहित्यकार एवम् प्रलेस नेपालका तत्कालीन समापति श्यामप्रसाद शर्मासँग लिएको अन्तरवार्तामा आफ्नो साहित्यप्रतिको आकर्षण र समसामयिक प्रगतिशील साहित्यको धरातलीय अवस्थाको चित्रण गरिएको छ ।)

## ४.१.१३.३ वरिष्ठ प्रगतिवादी साहित्यकार आनन्ददेव भट्टसँगको अन्तरवार्ता

अन्तरवार्ता :- जीवेन्द्रदेव गिरी

:- बलभद्र भारती

स्थान :- कालिका स्थानस्थित निवास

समय :- २०५४ फागुन २ गते

(आनन्ददेव भट्ट २००७ सालको परिवर्तन पछि नेपाली साहित्यमा लागि वाइस ओटा कृति नेपाली बाङ्मयको पोल्टामा पुऱ्याइ सक्नुभएको छ । त्रि.वि. अङ्ग्रेजी केन्द्रीय विभागको सह

प्राध्यापक र त्रि.वि. पाठ्यक्रम विकासकेन्द्रको उपनिर्देशकको रूपमा क्रियाशील रहनु भएका भट्टसँग रातोथुँगाका अन्तरवार्ताकारद्वय जीवेन्द्रदेव गिरी बलभद्र भारतले लिएको अन्तरवार्ता)

रातोथुँगा :

भट्ट सर, साहित्यिक क्षेत्रतर्फ तपाई कहिलेदेखि नजिकिनु भएको हो र तपाईको पहिलो प्रकाशित रचना कुन हो ?

आनन्ददेव :

म वि.सं. २००६ सालमा काठमाडौं पढ्न आएँ र २००७ सालदेखि साहित्य रचनातर्फ आकर्षित भएँ । सम्भवता मेरो पहिलो कविता २०१०/०११ तिर"नौलो पाइलो"मा छापियो । त्यस कविताको शीर्षक भने अहिले मलाई याद भएन । पल्पाको साहित्यिक वातावरण, पद्मोदय पब्लिक हाइस्कुल पाल्पाका शिक्षक कविकर माधवप्रसाद देवकोटा तथा उहाँका छोरा कुलमणि देवकोटाद्वय मलाई साहित्यलेखन तर्फ डोऱ्याउने प्रेरणाका स्रोत हुन् । म जुम्लामा जन्मे बुबाको जागिर पाल्पामा सरुवा भए पछि त्यहाँ आएँ । त्यहीँ मैले व्यक्तिगत रूपमा रक्षरारम्भ गर्ने तानिन पनि बल पुग्यो ।

रातोथुँगा

तपाईका अहिलेसम्म के कस्ता कृतिहरू प्रकाशित छन् ? तिनको विवरण पाउन सकिएला ?

अनान्ददेव भट्ट

मैले नेपाली साहितयमा मूलतः कविता, काव्य, निबन्ध र समीक्षा विधामा कलम चलाएको छु । 'अब हिमाल बोल्छ' (२०१५), 'गुराँस' (२०१५), 'आमा बोलाउँछिन' (२०१६) मेरा कविता सङ्ग्रह हुन् 'जीवनकै थुम्काबाट' (२०१६) 'तिमीलाई देख्दा' (२०१७) 'साहिँली मैयाँ' (२०१८) खण्डकाव्यका रूपमा प्रकाशित छन् 'समालोचनाको बाटोतिर' (२०१९), हाम्रा प्रतिभाहरू (२०१९), 'प्रतिभा पहिचान' (२०४७) 'जनताको साहत्यि' (२०४८), 'व्यवहारिक समालोचना' (२०४८) । सामीक्षात्मक कृति प्रकाशित छन् ।

रातोथुँगा

तपाईका विचारमा प्रगतिशील लेखन के हो ? र त्यो कस्तो हुनुपर्छ ?

अनान्ददेव भट्ट

प्रगतिशील लेखनमा सर्वहारा वर्ग, किसान वर्ग र अन्य श्रमजीवी वर्गहरूप्रति सद्भाव आमूल परिवर्तनको चेतना प्रकट भएको हुनुपर्छ । त्यसमा शोषणको जरोका रूपमा

रहेको अतिव्यक्तिवादी भावनामा लगाम लगाइएको हुनुपर्छ । जीवनको शोषण, दमन र कटुताबारे सजग हरी प्रगतिशील साहित्यकारहरूले विषयवस्तु र कलापक्षको संयोजन सहित मुक्ति र परिर्वतनका निम्ति कलम चलाउनुपर्छ भन्ने मेरो विचार छ ।

रातोथुँगा

वि.सं.२०४६ को परिवर्तन पछि पनि विद्यालय र विश्वविद्यालयका पाठ्यक्रममा प्रगतिशील साहित्यकारले खास स्थान नपाएको चर्चा छ । तपाई जस्ता २३ ओटा कृतिका रचनाकारले पनि उपेक्षित हुनुपरेको छ कि ?

अनान्ददेव भट्ट

मेरा रचना कतै कतै सन्दर्भ सामग्रीका रूपमा परेका भए पनि पाठ्क्रममा खासै पठनपाठनका विषय बनाइएको मलाई थाहा छैन । अरु कैयौँ विशिष्ट प्रगतिशील साहित्यकारहरूलाई पनि पाठ्यक्रममा स्थान नदिइनु दुखद कुरा हो । यसतर्फ सम्बन्धित निकायलाई सजग गराउन आवश्यक छ ।

रातोथुँगा

वर्तमान नेपाली साहित्यका विकृति मेट्न के सुझाव दिनुहुन्छ ?

अनान्ददेव भट्ट

वर्तमान नेपाली साहित्यले विभिन्न प्रकारका माध्यमबाट भित्रिएका विकृति प्रदुषणबाट सचेत र सजग रहनु पर्छ तिनको सामना गर्न व्यवहारिक उपायहरू खोजी गर्दै तिनलाई प्रयोग गर्नु अत्यावश्यक छ । वर्गीय र राष्ट्रोन्मुख चिन्तनलाई निरन्तर रूपले व्यापक गराउँदै लगेमा पनि तिनको सामना गर्न सकिन्छ । साथै प्रगतिशील लेखकहरूको एकताबद्ध र सक्रिय प्रयासमा विकृतिहरूको उन्मुलनमा निकै प्रभावकारी हुनसक्छ । त्यसैले हामीले एक्लो दोक्लो प्रयासमा बल गर्ने भन्दा पनि साझा सहमतिका विन्दुहरूलाई प्रयोग गर्न अग्रसर हुनुपर्छ । साथै साहित्यकाहरूले जनजीवनसित घनिष्टता राख्नु पनि धेरै जरुरी छ । ...........

रातोथुँगा वर्ष ७ पूर्णङ्क ५ (पृ. ४२-४४)

(यसरी वरिष्ठ साहित्यका आनन्द भट्टले आफ्नो जनजीवन र प्रगतिशील साहित्यमा साहित्यकारहरूले पिछडिनु परेका कारण एवम् समस्या समाधानका अनुसन्धानात्मक प्रक्रियामा अन्तरवार्ताकारद्वय जीवेन्द्रदेव गिरी र बलभद्र भारतीलाई दिएको साहित्य सम्बन्धी सुझाव र सल्लाहलाई शिष्ट तरिकाले प्रस्तुत गरिएको छ । )

### ४.१.१४ अन्य विविध सामग्रीहरू :

रातोथुँगा साहित्यिक पत्रिकाले अन्य विधाका तुलनामा विविध साहित्येत्तर सामग्रीहरू पनि प्रकाशन गरेको छ । यस पत्रिकामा प्रकाशित यी सामग्रीहरू रोचक तथा ज्ञानबर्धक रहेका छन् । सामग्री प्रकाशन गर्ने साहित्यकारहरूमा नारायणमान विजुच्छेदेखि जिल्लामा चर्चित र नवोदित साहित्यकारहरू रहेका छन् । अधिकांश सामग्रीहरू खोज-अध्ययन अनुसन्धान र श्रमिक किसानका सम्बन्धमा छन् । उदाहरणका लागि दधिराम शर्माको 'सुर्खेत उपत्यकाको दर्शनीय स्थल' (अङ्क १ पृष्ठ ७२) मा सुर्खेत उपत्यकामा पर्ने, देउती बज्यै, बुलबुले ताल, काँक्रेविहार इत्यादिको जानकारी दिएको पाइन्छ । नारायणमान बिजुक्छेको 'पार्टी देश चलाउने मेसिन हो' मा पनि पार्टीलाई राष्ट्रनिर्माण संवाहकका रूपमा परिचित गराइएको छ । यस पत्रिकाका सम्पादक मण्डलद्वारा साहित्यिक यात्राको झलक प्रकाशित गरिएको छ । त्यस्तै 'सहिद विशेषाङ्क २०३६' मा दशरथपुरको गोलीकाण्डमा गरिव किसानका परिवारलाई हत्या एवम् केहीलाई जेल र घर छोडी बाहिर तथा विदेश जान बाध्य पारिएका व्यक्तिहरू विवरणका साथै दशरथपुर सहिस्तरम्भको २०४८ मा स्थापना भएको र गोलीकाण्ड प्रतिको विभिन्न प्रतिक्रियाहरू प्रकाशित गरिएको छ ।

## ४.२ प्रगतिशील लेखक संघका रचनात्मक एवम् साहित्यिक गतिविधि :

प्रगतिशील लेखक संघ सुर्खेतले सहित्यिक, सिर्जनात्मक गतिविधिको विकास गर्न निम्नानुसारका क्रियाकलाप गरेको छ ।

### ४.२.१ साहित्य यात्रा :

प्रलेस सुर्खेतले वि.सं. २०४७ जेठ ४ गते शुक्रवारका दिन बहुमुखी क्याम्पसको सानो कोठाबाट पहिलो साहित्यिक यात्रा थालनी गरेको थियो । वि.सं. २०५० साल माघ १६ गते राष्ट्रिय सहित दिवसको अवसर पारेर वीरेन्द्रनगरको पीपल चौतारीमा १९ औं साहित्यिक यात्राका क्रममा कवितावाचन प्रतियोगिता आयोजना गरी सम्पन्न गरेको थियो । सोही फाल्गुन ७ गते युद्धप्रसाद मिश्रको स्मृतिदिवस पारेर वीरेन्द्रनगर बहुमुखी क्याम्पसमा कविता वाचन प्रतियोगीता सञ्चालन भएको थियो । वि.सं. २०५१ पौष २३ गते जि.वि.स. सुर्खेतको हलमा नियमित साहित्य यात्राअन्तर्गत राष्ट्रिय साहित्यकार एवम् कलाकारहरूलाई सम्मान गर्ने कार्यक्रमको आयोजना गरी लोकगीत र कविता वाचन प्रतियोगीता सञ्चालन गरि २९ औं साहित्यिक यात्रा भव्यताका साथ सम्पन्न भएको थियो । यसैगरी (मार्च १९९५)

वि.सं. २०५१ चैत्र २४ गते ८५ औं विश्व महिला दिवसको सुअवसरमा भैरव मा.वि. वीरेन्द्रनगरमा कवितावाचन प्रतियोगिता सम्पन्न भएको थियो । वि.सं. २०५२ वैशाख १गते ३३ औं राहुल स्मृति दिवसको अवसरमा आत्महत्या एक भयावह समस्या र यसका निरकरणका उपायहरू शीर्षकमा वीरेन्द्रनगर बहुमुखी क्याम्पसमा सुर्खेतमा विभिन्न विद्धान, सहित्यकार र समाजसेवीहरूका उपस्थितिमा विचार गोष्ठी सञ्चालन भएको थियो । नारीहरू पनि समाजका सम्वाहक हुन् भनी नारी वर्गमाथि सहानुभूति एवम् सम्मान प्रकट गर्दै तृतीय पारिजात स्मृति दिवसको अवसरमा त्रि.नि.मा.वि. ढोडेखाली सुर्खेतमा प्रलेसले लघु कवितावाचन प्रतियोगिता सम्पन्न गरेको थियो । २०५२ वैशाख २२ गते का दिन १७८ औं मार्क्सजयन्तीको सुअवसर पारेर मार्क्सवादका प्रेरकतत्व र जीवन दर्शन विषयमा अमरज्योति मा.वि. नेवारेमा विचार गोष्ठी सम्पन्न गर्नुका साथै वि.सं. २०५२ कार्तिक २९ गते ८७ औं देवकोटा जयन्तीका अवसरमा नियमित साहित्यिक यात्रा कार्यक्रमअन्तर्गत भैरव मा.वि. भैरवस्थानमा कथा, कविता र लोकगीत प्रतियोगिता सम्पन्न गरेको थियो । वि.सं. २०५२/१२-१३ गते लेनिन स्मृति दिवसको अवसर पारेर सिद्धबहिरा बालस्कुल खजुरामा 'वर्तमान विश्वमा सम्राज्यवादी हस्तक्षेप', विषयक विचार गोष्ठी एवम् प्रवोचन कार्यक्रम सम्पन्न भएको थियो । वि.सं. २०५३/२/११ गते वीरेन्द्रनगर बहुमुखी क्याम्पसमा दशरथपुरका किसानहरूको स्मृति दिवसको अवसरमा प्रगतिशील विद्यार्थी समूहबीच हाजिरी जवाफ प्रतियोगिता आयोजना गरिएको थियो २०५३/१२/१६ गते शिक्षा क्याम्पस सुर्खेतमा लोकसाहित्य विचार गोष्ठीको आयोजना गरिएको थियो । यसरी सबै साहित्यिक यात्रालाई व्याख्यात्मक रूपले कठिन भएको हुनाले बाँकि साहित्यिक यात्रालाई निम्न तालिकामा समेट्न प्रयास गरिएको छ ।

| क्र.सं | यात्रा नं. | मिति | स्थान | विधा/विषय | सन्दर्भ |
|---|---|---|---|---|---|
| १ | ४७ | 2054.1.6 | सुर्खेत पीपल चौतारी | कविता प्रतियोगिता | ५औं परिजात स्मृति दिवस |
| २ | 48 | 2054.1.19 | सुर्खेत पीपल चौतारी | कविता प्रतियोगिता | १०८ औं अन्तराष्ट्रिय श्रमिक दिवस |
| ३ | 49 | 2054.5.24 | जी.वि.स. सभा कक्ष | लोकगीत प्रतियोगिता | प्रलेस स्थापना दिवस |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | 51 | 2054.10.16 | सु.पीपल चौतारी | कविता प्रतियोगिता | सहीद दिवस |
| ५ | 52 | 2054.11.6 | छवि प्रा.वि. वीरेन्द्रनगर | कविता प्रतियोगिता | ८ औं मिश्र स्मृति दिवस |
| ६ | 54 | 2055.1.12 | ने.रा.प्रा.वि. वीरेन्द्रनगर | विविध | लेनिन स्मृति दिवस |
| ७ | 55 | 2055.1.22 | भैरव मा.वि. भैरवस्थान | प्रवोचन गोष्ठी | मार्क्स जयन्ति |
| ८ | 56 | 2055.1.26 | वी.न.पा. १देखि १२ सम्म | विरोध यात्रा | कालो विधेयक विरुद्ध |
| ९ | 59 | 2055.4.4 | जन उ.मा.वि. वीरेन्द्रनगर | अन्तरक्रिया | अनुसन्धानात्मक |
| १० | 61 | 2055.2.15 | सुर्खेत पीपल चौतारी | मन्तव्य/गीत | कृषक आन्दोल दिवस |
| ११ | 62 | 2055.11.6 | सुर्खेत पीपल चौतारी | प्रगतिशील गीत | ९औं मिश्र स्मृति दिवस |
| १२ | 70 | 2058.5.23 | वीरेन्द्रनगर ब.क्या. | कविता | बालदिवस |
| १३ | 71 | 2058.6.6 | सुर्खेत क्याम्पस शिक्षा | गजल विषयक गोष्ठी | दशैं तिहार शुभकामना |
| १४ | 72 | 2058.6.27 | सुर्खेत पीपल चौतारी | गीत प्रतियोगिता | - |
| १५ | 73 | 2058.7.29 | भैरव मा.वि. भैरवस्थान | कविता प्रतियोगिता | लक्ष्मी जयन्ति |
| १६ | 74 | 2058.8.23 | श्री कृष्ण मा.वि. इत्राम | कविता प्रतियोगिता | - |
| १७ | 75 | 2058.9.21 | नगरपालिका कक्ष | प्रवोचन गोष्ठी | लेखनाथ जयन्ती |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | 78 | 2058.11.24 | नगरपालिका कक्ष | कविता प्रतियोगिता | ९२ औं अन्तराष्ट्रिय श्रमिक दिवस |
| १९ | 81 | 2059.1.28 | सुर्खेत जि.वि.स. कक्ष | विचार गोष्ठी | प्रलेस १३ औं दिवस स्थापना |
| २० | 82 | 2059.1.22 | जन उ.मा.वि. वीरेन्द्रनगर | विचार गोष्ठी | २४ औं मजदूर दिवस |
| २१ | 83 | 2059.5.22 | नि.मा.वि. वीरेन्द्रनगर | तीज गीत प्रतियोगिता | हरितालिका तीज |
| २२ | 95 | 2060.4.17 | नगरपालिका (सुर्खेत) | अन्तराष्ट्रिय गोष्ठी | - |
| २३ | 96 | 2060.5.6 | जन उ.मा.वि. वीरेन्द्रनगर | अन्तराष्ट्रिय गोष्ठी | मासिक साहित्यक यात्रा |
| २४ | 98 | 2060.7.8 | भैरव मा.वि. भैरवस्थान | कविता गोष्ठी | ९५औं लक्ष्मी जयन्ती |
| २५ | 99 | 2060.8.19 | वीरेन्द्रनगर नगरपालिका | विचार गोष्ठी | मासिक साहित्यिक यात्रा |
| २६ | 101 | 2060.11.6 | सुर्खेत पीपल चौतारी | कथा प्रतियोगिता | १४ औं मिश्र स्मृति |
| २७ | 102 | 2060.12.27 | श्री कृष्ण मा.वि. इत्राम | हाजिरीजवाफ | १११ राहुल जयन्तीको अवसर |
| २८ | 103 | 2061.1.5 | जनप्रिय मा.वि. कालागाउँ | लघु निबन्ध | १२ औं पारिजात स्मृति दिवस |
| २९ | 128 | 2066.1.5 | जन.उ.मा.वि. सुर्खेत | विचार गोष्ठी | पारिजत स्मृति दिवस |
| ३० | 130 | 2066.3.5 | वीरेन्द्रनगर चोक | विचार गोष्ठी | मासिक साहित्यिक दिवस |
| ३१ | 132 | 2066.6.7 | मा.वि. डाँडा स्कुल | कविता बाचन | निरन्तर साहित्यिक यात्रा |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२ | 133 | 2066.6.11 | उत्तरगङ्गा कोलडाँडा | साहित्यिक गोष्ठी | विजय दशमीको अवसर |
| ३३ | 134 | – | वीरेन्द्रनगर बहुमुखी क्याम्पस | विचार गोष्ठी | मासिक घुम्ती साहित्यिक यात्रा |
| ३४ | 135 | 2066.10.11 | सुर्खेत क्याम्पस शिक्षा | गजल प्रतियोगिता | सहीद दिवसको अवसर |
| ३५ | 136 | 2067.1.5 | सुर्खेत पीपल चौतारी | पारिजतको व्यक्तित्व | पारिजात स्मृति दिवस |
| ३६ | 137 | 2067.4.29 | सुर्खेत क्याम्पस शिक्षा | नियात्रा विमोचन | साहित्यिक यात्रा |
| ३७ | 138 | 2067.5.29 | जन उ.मा.वि. वीरेन्द्रनगर | बालकविता | बालदिवस |

यसरी वि.सं. २०४८ देखी सुर्खेती भूमिमा स्थापना भई विभिन्न साहित्यिक क्षेत्रमा विविध कथा, कविता, लघु निबन्ध, बालकविता लगाएत लेख रचना र अनेक साहित्यिक अन्तरक्रिया, विचार गोष्ठीको आयोजना गरेर सुर्खेती स्रष्टाहरूलाई साहित्यिक चिन्तनको धारमा समावेशी गराउने काम प्रलेस सुर्खेतले गरेको छ । रातोथुँगा साहित्यिक पत्रिका मार्फत आफ्ना साहित्यिक विचारहरू प्रस्तुत गर्ने काममा परिश्रमी स्रष्टाहरू मौरीझैँ आफ्नो कर्तव्य सम्झी लागिरहेका छन् । सामाजिक जीवनका हरेक पक्षलाई साहित्यले प्रतिविम्वित गरेको हुन्छ । सुर्खेतका सिम्ता दरादेखि डाँडादरासम्म भेरीको छाल हुँदै उपत्यका र पहाडी भूभागहरू सबैलाई प्रलेस सुर्खेतको रातोथुँगाका माध्ययमबाट घचघच्याउने काम गरेको छ । केन्द्रिय स्तरका विचार गोष्ठीहरू आयोजना गरेर केन्द्रसँग विचार साटासाट गर्ने अनेकौ साहित्यिक यात्राहरूको आयोजनाहरूद्वारा वैचारिक चेतना फैलाउने काम रातोथुँगा साहित्यिक पत्रिकाले गरेको छ । यस पत्रिकाका लेख रचना मार्फत गरिव किसान, मजदूर, सुकुम्बासी र सर्वहारा वर्गको पक्षमा एकिकृत र केन्द्रिकृत हुँदै एउटा छुट्टै साहित्यिक कित्ताको निर्माण गरेको छ । नेपाली साहित्यका सन्दर्भमा सुर्खेती साहित्यमा यस रातोथुँगा साहित्यिक पत्रिकाले प्रगतिशील र अन्य यथास्थितिवाद, समन्वयवाद पलायनवाद र दक्षिणपन्थी बीचलनका बीचमा भिन्नता र वैचारिक दृष्टिकोणलाई बुझ्न सकेको छ । साहित्यिक यात्राको अध्ययन गर्दा कुनै पनि कवि कथाकार लेखक र समालोचकले राजनीति आग्रह-पूर्वाग्रह राखेको पाइँदैन । सामान्यतयः जीवन र जगतलाई

हेर्दा चिन्ने, जान्ने र प्रयोगमा ल्याउने मार्क्सवादी दृष्टिकोणका मान्यताहरू प्रायः कृतिमा झिल्काहरूका रूपमा पाइन्छन् । जीवन र जगत्लाई प्रत्यक्ष देख्न सकिने, भोग्न सकिने प्रयोग गर्न सकिने र जसअनुसार एउटा दृष्टिकोण बनाउन सकिने वस्तुवादी वैज्ञानिक आधार यस पत्रिकामा देख्न सकिन्छ । जीवनवादी साहित्य मृत्युसँग अगाडि बढ्ने साहित्य हो । कर्तव्यप्रतिको परायणता, निम्नवर्ग, दलित, महिला, अशक्तहरूका लागि लड्ने प्रतिवद्धता र अनुशासनप्रति केन्द्रित रहेको पाइन्छ । नेपाली साहित्यसंसारमा विहानी पख मिर्मिरेको जूनकीरीले झैं थोरैबाटो देखाउन सफल भएपनि यसको महत्व दीर्घकालीन रहीरहने छ । नेपाली साहित्यमा ठूलो योगदान दिन सक्नेछ भन्नेपूर्ण आशा गरिएको छ ।

## ४.३ रातोथुँगा प्रकाशनका सम्बन्धमा विभिन्न साहित्यकारहरूको मन्तव्य

रातोथुँगा सहित्यिक पात्रिका प्रति विभिन्न सहित्यकरहरूको विचारलाई जस्ताको त्यस्तै यहाँ प्रस्तुत गरिएको छ ।

### ४.३.१ श्यामप्रसाद शर्मा :

'रातोथुँगा साहित्यिक पत्रिकाले राष्ट्रियता जोगाउन,जनजागृति ल्याउन दुःखरूपी समुद्र तर्न नसकेकालाई साँगु, अन्धकारमा छटपटाइ रहेकालाई प्रकाश, जनताका शोषकहरूलाई सँहार गर्ने वाण, लुकेको प्रतिभालाई देखाउने गारेटो बनाउने आकांक्षाले जनवादी साहित्यको सङ्गालो मुखपत्रको रूपमा रातोथुँगा (१.१,२०४८) एक साहित्यरागीहरूको पथप्रदर्शन बन्ने छ' भनी तत्कालिन केन्द्रिय प्रलेसका अध्यक्ष श्यामप्रसाद शर्माले प्रथम अङ्कमा अन्तरवार्तामा आफ्नै शब्दद्धारा बताएका छन् । रातोथुँगा (१.१, २०४८)

### ४.३.२ गोविन्द भट्ट :

रातोथुँगाको बारेमा प्रसिद्ध प्रगतिवादी समालोचक गोविन्द भट्टको सुर्खेतको बगैचामा रातोथुँकाको बासना शीर्षकको गम्भीर विवेचनात्मक लेख सुर्खेती कल्याण समाजको पाँचौं साहित्यिक सङ्गालो स्वरूप प्रकाशित साहित्य सुमन (२०५२) मा प्रकाशित छ । सो लेखमा भट्ट भन्छन् रातोथुँगाको यस अङ्कमा सुर्खेती माटाको सुगन्ध छ, त्यहाँका चराचुरुङ्गीहरूको सङगीत छ । मध्यपश्चिमाञ्चल क्षेत्रका जनताको सपना छ, सो भेकका कवि लेखक तथा कलाकर्मीहरूको आँसु पसिना र रगत छ, (१.१, २०४८) यही त्यसको मौलिकता वा अस्मिता हो ।

### ४.३.३ खगेन्द्र सँग्रौला :

रातोथुँगा (१.२, २०४९) को प्रकाशनमा प्रसन्नता व्यक्त गर्दै प्रलेसका तत्कालीन महासचिव खगेन्द्र सँग्रौला हार्दिक शुभकामना व्यक्त गर्दै भन्दछन् शोषणमुक्त र समुन्नत जनवादी संस्कृतिको निर्माण प्रकृयामा यस्ता प्रयासको ठूलो महत्व छ । जनसमूह माझ जागृतिकारी चेतना फिँजाउँदै प्रगतिवादी कलाकर्मीहरू र मुक्तिप्रेमी जनतामाझ घनिष्ट सम्बन्ध बढाउँदै जानमा प्रलेस सुर्खेत शाखा सधैँ रचनात्मक क्रियाकलापमा जुटिरहोस् । रातोथुँगा अङ्क ७ पृष्ठ ४१

### ४.३.४ वरिष्ठ साहित्यकार गोविन्द भट्ट :

यस रातोथुँगा (५.३,२०५२) मा गोविन्द भट्टको अन्तरवार्ता छापिएको छ । समीक्षक भट्टले मोफसलबाट प्रकाशित पत्रिका रातोथुँगाको प्रशंसा गरेका छन् । यसले स्थानीय पत्रिकाहरूलाई समेटेर स्वस्थ प्रगतिशील विचारप्रति डोऱ्याएर अनुभूति प्रकट गरेका छन् ।

### ४.३.५ हेमनाथ पौडेल :

रातोथुँगा (५.३,२०५२) का समीक्षक हेमनाथ पौडेलले राष्ट्रियस्तरकै साहित्यकर्मीलाई स्थान दिइएको स्थानीय प्रतिभाहरूको विषयवस्तुहरू पनि राष्ट्रिय स्तरकै आफ्नो समीक्षका क्रममा आफ्ना अनुभूति प्रकट गरेका छन् । (रातोथुँगा अङ्क ७ पृष्ठ ४२)

### ४.३.६ सम्पादक मण्डल :

रातोथुँगा (६.४,२०५३) ले प्रगतिवादी विश्व साहित्यमा ख्याति प्राप्त व्यक्तित्व माक्सिम गोर्की र लुसुन जस्ता साहित्यकारहरूको साहित्यिक योगदानका सन्दर्भमा विशेषखुराक पाठकबीच पस्किएको छ । भनी यसै अङ्कका सम्पादकको भनाइ स्पष्ट छ ।

### ४.३.७ निनु चापागाईं :

प्रगतिशील लेखक संघ सुर्खेत शाखाले जनताका साहित्यकार र तिनका सिर्जनामा व्यक्त असल विचार युक्त रातोथुँगा (११.७, २०४९)लाई जनताका माझमा पुऱ्याउने काम गरेको छ । यसले जनसाँस्कृतिकक क्षेत्रमा उत्प्रेरणा एवम् आशाको सञ्चार गर्दै अँध्यारो मास्ने र उज्यालो भित्र्याउने कार्यमा आफ्नो क्षेत्रबाट गरेको योगदान स्मरणीय रहनेछ भनी वरिष्ठ साहित्यकार निनु चापागाईले आफ्नो शुभकामना मन्तव्यमा स्पष्ट धारणा राखेका छन् ।

रातोथुँगा (११.७, २०४९) शुभकामना मन्तव्य

### ४.३.८ चन्द्रबहादुर उलक :

रातोथुँगामा प्रकाशित सबै सर्जकहरूमा सिर्जना गहकिला छन् । आवरणले यो अङ्क झनै राम्रो देखियो । प्रलेस सुर्खेतबाट भएका विभिन्न साहित्यिक गतिविधिका फोटाहरूले यो अङ्क झन् बोझिलो बनाएको छ । राम्रो कागत सुन्दर छपाई आकर्षण गाताका हिसाबले पत्रिकाको मूल्य ठीकै छ । अगाडि अङ्कमा यो भन्दपनि उत्कृष्ट साहित्य बोकेर आउने कामना पाठकहरूले गर्नु स्वभाविक छ । रातोथुँगा अङ्क ९ पृष्ठ ५

## ४.४ नेपाली साहित्यमा सुर्खेतका संघ संस्थाहरूको योगदान

नेपाली सहित्यको संरक्षण एवम् सम्बर्द्धनमा विभिन्न संघ-संस्थाको अविष्मरणीय योगदन रहेको छ ।

## ४.४.१ साहित्यिक संघ संस्थाको योगदान

वि.सं. २००७ सालको परिवर्तनपछि २००८ सालमा सुर्खेतको गोठीकाँडामा मिडिल स्कुल खुल्यो । सोही शैक्षिक संस्था विकासकालागि संस्थागत क्रियाशीलता देखापर्न थाल्यो । यस क्रममा विभिन्न नाट्यमण्डलीहरूले स्थानीय स्तरमा नाटक प्रदर्शन गर्न थाले । नाटकलाई प्रभावकारी पार्न गीत र प्रहसनपनि प्रस्तुत गरिन्थे । नाट्यमण्डलीहरू स्थायी संस्थाकारूपमा विकसित हुन नसके पनि यिनलाई संस्थाहरूका महत्वपूर्ण आधार मान्न सकिन्छ । यसपछि केही साहित्यिक गतिविधिहरू हुँदै गए पनि तिनले साहित्यिक संस्थाको संरक्षण पाउँन वि.सं. २०३९ सम्म पर्खिनु पऱ्यो ।

### ४.४.१.१ सुर्खेती कला साहित्य परिवार :

साहित्यकार महेन्द्रप्रसाद गिरीको सक्रियतामा यस परिवारको स्थापनाका लागि २०३९ मा एउटा तदर्थ समिति गठन गरियो । यस समितिले आदिकवि भानुभक्त आचार्यको प्रतिमा निर्माण गऱ्यो । यस प्रतिभालाई भानुभक्तको १६९ औँ जन्मजयन्ती पारेर प्रा.वि. वीरेन्द्रनगरको प्राङ्गणमा राखियो । यसै दिन भानुजयन्तीको अवसर पारेर एक वृहत कवि गोष्ठीको आयोजना गरियो । गोष्ठीमा ४० जनाभन्दा बढी कविहरूले भाग लिएका थिए । यो संस्था २०४७ साल भाद्र ५ गतेमात्र महेन्द्रप्रसाद गिरीकै अध्यक्षतामा विधिवत् दर्ता भयो । वि.सं. २०४८ मा मणिकुमार पोखेलको श्रद्धाञ्जलि कवितासङ्ग्रह यसै संस्थाबाट प्रकाशित भयो । यस कला साहित्य परिवारले उत्साहपूर्ण कामले गर्दा सुर्खेतमा अनेकौँ नवोदीत कविहरूको जन्म भएको छ ।

### ४.४.१.२ देउती बज्यै साँस्कृतिकक क्लव परिवार :

कलाकारहरूको संस्थागत विकास नभएको अवस्थामा संस्थागत विकासलाई अघि बढाउनका लागि भीमबहादुर कार्कीको अध्यक्षतामा यस परिवारको स्थापना वि.सं. २०४४ माघ ८ गते गठन भई फाल्गुन १४ गते दर्ता भएको थियो । यस समितिमा प्रजातन्त्रवादी वामपन्थी र पञ्चायती व्यवस्थाका हिमायती सबै खालको व्यक्तिको समावेश छ । यस परिवारले 'गङ्गालालको चिता','पचास रूपैयाको तमसुक','विवाह','दिवास्वप्न' आदि नाटकहरू र अनेकौँ सास्कृतिक कार्यक्रमहरू प्रस्तुत गरेको थियो । यसका सङ्गीत तथा वाद्यवादन, मञ्च र वेषभूषा र प्रचारप्रसार उपसमिति कार्यरत रहेका थिए । वि.सं. २०४६ को जनआन्दोलन पश्चात् वि.सं.२०४७ पछि यस संस्थाका कार्यहरू त्यति सक्रिय थिएनन् ।

**४.४.१.३ साहित्यिक पत्रकार संघ क्षेत्रीय सम्पर्क समिति :**

साहित्यिक पत्रकार संघको विधान (वि.सं.२०४४) अनुसार वि.सं.२०४५ फागुनमा तत्कालीन केन्द्रिय सभापति विश्वमोहन श्रेष्ठ अन्य पदाधिकारहीरू केशव सुवेदी, रमेश खकुरेल धनध्याम लेकालिको उपस्थितिमा भव्य समारोहका बीच पत्रकार संघ क्षेत्रीय सम्पर्क समितिको उद्घाटन गरिएको थियो । यसको संयोजकमा महेन्द्रप्रसाद गिरी र सचिवमा अच्युतशरण अर्याल रहेका थिए । यस समितिले बुलबुले उद्यानमा वृहत कवि गोष्ठीको आयोजना गरेको थियो । त्यपछि यसले विभिन्न साहित्यकारहरूको जन्मजयन्ती मनाउने काम गरेको छ ।

**४.४.१.४ प्रगतिशील लेखक संघ सुर्खेत :**

वि.सं. २०४७ वैशाख २९ गते यसको स्थापना प्रगतिशील लेखक संघ सुर्खेत शाखाको रूपमा भएको हो । यसको उद्घाटन तत्कालीन प्रगतिवादी साहित्यकार मोदनाथ प्रश्रितले गरेका थिए । यस संघले वि.सं. २०४८ मा आफ्नो मुखपत्रको रूपमा रातोथुँगा ( चौमासिक) पत्रिकाको प्रकाशन गर्‍यो । यस पत्रिकाका माध्यमबाट सुर्खेतका अनेकौँ श्रष्टाहरू साहित्यसिर्जनामा जुर्मुराएका छन् । यस संघको सो रातोथुँगा पत्रिकालाई चौमासिक भनिएतापनि विगत २० वर्षमा १२ अङ्कमात्र प्रकाशित भएका छन् । यो पत्रिका हालसम्म निरन्तर प्रकाशित भैरहेको छ । यसका अतिरिक्त यस संघले प्रत्येक महिनाको पहिलो शुक्रवार साहित्यिक यात्रा गर्दै आएको छ । यसका अतिरिक्त यसले विभिन्न कवि, लेखक आदिको जन्मदिवसका उपलक्ष्यमा निबन्ध, कविता प्रतियोगिता लोकसाहित्य गोष्ठी विचार गोष्ठी आदिको आयोजना गर्दै आएको छ[२] । यसका कार्यक्रमहरूमा साहित्यकार र साहितयसेवीहरूको व्यापक उपस्थिति रहेको पाइन्छ । यसरी यस संथाले सुर्खेतको

साहित्यिक विकासमा महत्वपूर्ण योगदान गर्दै आएको छ । यस संघका पदाधिकारहीरूमा लीलाधर गौतम, श्याम कृष्ण शर्मा, धनश्याम कोइराला, बलभद्र भारती, टिका पोखेल, खोपीराम लम्साल, पवित्रा सुवेदी, दिपक गौतम, सुरेश भट्ट, कमला पन्त, शिवप्रसाद उपाध्याय, हेमराज गौतम यामलाल कँडेल, खगेन्द्र थापा आदिको योगदान उल्लेखनीय छ । यसले प्रगतिशील लेखक संघद्वारा सुर्खेतमा आयोजना गरिएका राष्ट्रिय स्तरका कार्यक्रमहरूको सञ्चालनमा पनि विशेष अग्रसरता लिई राष्ट्रिय स्तरमै आफ्नो विशिष्ट पहिचान प्रस्तुत गरेको छ । यस्ता राष्ट्रिय स्तरका गोष्ठीहरूले स्थानीय स्तरमा साहित्यिक जगरण ल्याउन बिशेष उत्प्रेरणा प्रदान गरेका छन् ।

२. पिताम्वर ढकाल, सुर्खेत जिल्लाको शक्षिक गतिविधि एक झलकका स्मारिका काठमान्डौं १.१, २०४६ पृष्ठ २९

## ४.४.१.५ राष्ट्रिय जनसाँस्कृतिकक मञ्च शाखा सुर्खेत :

वि.सं. २०४७ मा सुर्खेत राष्ट्रिय जनसाँस्कृतिकक मञ्च सुर्खेत शाखाको स्थापना हेमप्रसाद भूषालको अध्यक्षतामा भएको हो । यस मञ्चले पनि अनेक नाटक लगाएत विविध साँस्कृतिकक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यस मञ्चले 'पचास रूपैयाँको तमसुकमा' नाटक प्रस्तुत गरिसकेको छ । यस मञ्चका प्रमुख कलाकारहरूमा खोपीराम लम्साल, खम्बराज गिरी, कविन्द्र के.सी., शुशिला वि.क., मानकुमारी वि.क. र महादेव गुरुङ आदि प्रमुख रहेका छन् ।

## ४.४.१.६ वागीना समूह सुर्खेत :

सुर्खेतमा वाद्यवादन, गीत, नृत्य र नाटकको समुन्नतिका लागि वि.सं.२०५० पौस १७ गते कलाकार गणेश गौतमको अध्यक्षतामा वागीना समूह सुर्खेतको गठन भएको हो । जिल्लाव्यापी रूपमा छरिएर रहेका कलाकारहरूलाई समेट्दै विकसित र समृद्धशाली बनाउँदै लैजाने यसको उद्देश्य रहेको छ[३] । यस समूहको गठन पश्चात् यसको पहिलो पटक समितिको चर्तिकला सडक नाटक प्रदर्शन गरेको थियो । त्यसपछि क्रमश: 'म कसरी हार्छु' (वि.सं. २०५०) 'पक्कै मरिन्छ' (२०५०) 'हरियो झिँगा' (२०५१) 'मातृभूमिको व्यथा' (२०५२), 'कुर्सी दौडा' (२०५२) 'अंश कि वंश' (२०५३) 'म भनेको हामी' (२०५४) 'मसान' (२०५४) 'अध्यारो बस्ती' (२०५४) वैशाखी (२०५४) 'युग आरम्भ' (२०५४) आदि नाटकहरू

सफल प्रदर्शन गरिसकेको छ । नाटकको निर्देशनमा गणेश गौतम, प्रेमदेव गिरी, गोविन्द कोइराला प्रसिद्ध छन भने भागलिने कालाकार मध्ये कमला पन्त, ज्योति सारु, यामनारायण आचार्य, केशव ढकाल, मीना आले, प्रकाश पौडेल, शङ्कर पौडेल, नन्दा बस्याल, शारदा भट्टराई, महेश वि.क., दिपा शाही आदि प्रमुख छन् ।

## ४.४.२ सामाजिक संघ संस्थाको योगदान :

विशुद्ध साहित्यिक संघसंस्थाबाहेक सुर्खेतसँग सम्बन्धित केही सामाजिक संख्याहरूले पनि सुर्खेतीको साहित्यिक विकासमा महत्वपूर्ण योगदान दिएका छन् । तिनले पत्रिका प्रकाशन, साहित्यिक पुरस्कार वितरणजस्ता कामहरूद्वारा साहित्यिक गतिविधिलाई अघि वढाएका छन् ।

३.सुरेन्द्रकुमार पोखेल सुर्खेतको साहित्यिक रूपरेखा भाग १ वि.सं. २०६४ पृष्ठ ७८

### ४.४.२.१ सुर्खेत दैलेख विद्यार्थी समूह :

वि.सं. २०३५ मा काठमान्डौंको बालाजुमा सुर्खेत दैलेखबाट काठमान्डौं पढ्न आएका विद्यार्थीहको अग्रसतामा एउटा भेलाआयोजना गरिएको थियो । त्यसले 'पाइलो नामक' पत्रिका प्रकाशन गर्ने अठोट गरे पनि सो प्रकाशन हुन सकेन । यसैँ समूहसँग सम्बन्धित विद्यार्थीहरूले वि.सं. २०३६ मा सुर्खेत दशरथपुर हत्याकाण्डको विरोधमा पर्चा प्रकाशन गरी वितरण गरेको थियो ।

### ४.४.२.२ सुर्खेती कल्याण समाज काठमान्डौं :

वि.सं. २०४३ मा काठमान्डौंमा सुर्खेती कल्याण समाजको स्थापना भएको थियो । यस समाजको स्थापनाको निम्ति जीवेन्द्रदेव गिरी लगाएत खम्बराज थानी र पद्मलाल देवकोटा सहितको एक बैठक २०४२ मा बसी प्रारम्भिक छलफल भएको थियो । वि.सं. २०४३ फागुन २ गते रत्नराज्य लक्ष्मी क्याम्पसमा आयोजित तदर्थ समिति गठन गरियो । वि.सं.२०४४ वैशाख १२ गतेको साधारण सभाबाट विधान पारित भएपछि विष्णुबहादुर के.सी.को सभापतित्वमा विभिन्न कार्यक्रम सफल पार्ने अवसर पायो । यसले सुर्खेती प्रतिभा पुरस्कार स्थापना गरेर सुर्खेती प्रतिभाहरूलाई उत्साह पनि प्रदान गरेको छ । यसमा सक्रिय योगदान पुऱ्याउने व्यक्तिहरूमध्ये जीवेन्द्रदेव गिरी, थिरबहादुर जि.सी. महेन्द्रप्रसाद गिरी, बलभद्र भारती, विष्णुबहादुर के.सी., महेश्वर देवकोटा, कर्णबहादुर शाही आदिको उल्लेखनीय योगदान रहेको छ ।

**४.४.२.३ सुर्खेती प्रजातान्त्रिक विद्यार्थीसमाज काठमान्डौं :**

सुर्खेतबाट काठमान्डौंमा आएर अध्ययन गर्ने प्रजातान्त्रिक समूहका विद्यार्थीहरूको सङ्गठनको रूपमा यस समाजको स्थापना भएको हो । यसको स्थापनाको लगतैपछि आफ्नो समितिको श्रोतसाधनको भरमा पनि वि.सं. २०५३ मा काँक्रेविहार पत्रिका प्रकाशित गर्‍यो । यस पत्रिकामा साहित्यिक रचना त्यत्ति नभएपनि पत्रिका प्रकाशन गरेर सुर्खेतलाई चिनाउने काम गर्नु आफैमा महत्वपूर्ण छ । यसको सम्पादनमा नारायण सापकोटा, महेन्द्रकुमार मल्ल, दुर्गाबहादुर घर्तीले विशेष योगदान गरेका छन् । यी विविध सामाजिक संघ संस्थाहरूले सुर्खेती साहित्यको वृद्धिका लागि विशिष्ट महत्वपूर्ण भूमिका खेलेका छन् ।

**४.४.३ पुस्तकालयको योगदान :**

सुर्खेत जिल्लाको साहित्यिक विकासका लागि पुस्तकालयहरूले पनि महत्वपूर्ण भूमिका खेलेका छन् । सुर्खेतमा पुस्तकालय स्थापनाको इतिहास त्यति लामो छैन । यस जिल्लामा पुस्तकालयको स्थापना वि.सं. २०४१ मा गोठीकाँडामा विश्वज्योति पुस्तकालय स्थापना भएपछि सुरु भएको हो[४] ।

**४.४.३.१ विश्वज्योति पुस्तकालय :**

विश्वज्योति पुस्तकालय सुर्खेत जिल्लाको तत्कालीन सदरमुकाम गोठीकाँडाको टुँडिखेलमा वि.सं. २०१४ मा स्थापना भएको थियो । यस पुस्तकालयका संस्थापक अध्यक्ष स्व. हरिलाल पन्त थिए भने अन्य संस्थापक सदस्यहरूमा स्व.सुरतबहादुर घर्ती, स्व.मनहर्क कार्की र मदन शर्मा थिए[५] । यो पुस्तकालय नै सुर्खेत जिल्लाको पहिलो पुस्तकालय हो ।

**४.४.३.२ हिमाली पुस्तकालय** :

यो पुस्तकालय विश्वज्योति पुस्तकालयको अर्को रूप हो । वि.सं. २०२४ मा गोठीकाँडाबाट सुर्खेत उपत्यकाको भैरवस्थान सारेपछि यसको नाम हिमाली पुस्तकालय राखियो[६] । यस पुस्तकालयले साहित्य र साहित्येत्तर गरी जम्मा ३०० पुस्तकहरूबाट आफ्नो काम सुरु गरेको थियो । यो पुस्तकालय अहिलेसम्म चलिरहेको छ । यहाँ पत्रपत्रिका पढ्नकालागि वाचनालयको समेत व्यवस्था गरिएको छ । यस पुस्तकालयले विभिन्न समयमा साहित्यिक गोष्ठी र प्रतियोगितात्मक साहित्यिक कार्यक्रम र साहित्ययात्रा गर्ने गरेको छ । हालै यस पुस्तकालयको आफ्नै नयाँ भवनको निर्माण कार्य सम्पन्न भएको छ ।

### ४.४.३.३ बाल पुस्तकालय :

बाल पुस्तकालय वीरेन्द्रनगरको इत्रामा वि.सं. २०२७ मा स्थापना भएको थियो। १५ वर्ष मुनिका बालाबालिकाहरूलाई पढाइ लेखाइ साक्षर बनाउने र खेलकुद नाचगान गराई विशुद्ध साँस्कृतिकक चेतनाको विकास गर्ने यसको उद्देश्य रहेको थियो[७] । यो पुस्तकालय हालसम्म सञ्चालित छ। यसका संयोजकमा दुर्गाकेशर खनाल चुडामणि रेग्मी र शंकर प्याकुरेल रहेको पाइन्छ। यस पुस्तकालयले आफ्नो स्थापनाकालदेखि हालसम्म दर्जनौं नाटक र अन्य साँस्कृतिकक कार्यक्रमहरू प्रस्तुत गरिसकेको छ । हाल यस पुस्तकालयमा सुर्खेतबाट प्रकाशित विभिन्न पुस्तक र पत्रपत्रिकाको राम्रो सङ्कलन रहेको छ । हाल यस पुस्तकालयको समय साँझको समयमा तोकिएको छ।

४. बुद्धिप्रसाद भण्डारी पुस्तकालयको विकासमा सुर्खेत स्मारिका काठमान्डौं १.१, २०४६ पृष्ठ ८१

५. ऐजन ...............................................................

६. लीलाधर गौतम बाट प्राप्त जानकारी

७. सुरेन्द्रकुमार पोखेल पूर्ववत् ................................ पृष्ठ ८२

### ४.४.३.४ वीरेन्द्रनगर बहुमुखी क्याम्पस पुस्तकालय :

आफ्नो जिल्लामा उच्च शिक्षाको अवसर प्राप्त होस् भन्ने उद्देश्यले वि.सं. २०३८ मा सुर्खेतको वीरेन्द्रनगरमा वीरेन्द्रनगर बहुमुखी क्याम्पस स्थापना भएको हो । क्याम्पसको पठनपाठन सघाऊ पुऱ्याउने उद्देश्यले यस क्याम्पस अन्तर्गत एक पुस्तकालयको स्थापना भएको छ । यस क्याम्पसका मानविकी तथा सामाजिक शास्त्र, व्यवस्थापन, कानुनतर्फको कक्षा सञ्चालन भएकोले यस पुस्तकालयमा ती संकायसँग सम्बन्धित अर्थशास्त्र, व्यवस्थापन, राजनितिशास्त्र, इतिहास, नेपाली, अंग्रेजी, संस्कृति, कानुन आदि विषयका पुस्तकहरू रहेका छन्। हाल यस पुस्तकालयमा ७००० भन्दा बढी पुस्तकहरू छन्।

### ४.१९.३.५ शिक्षा क्याम्पस पुस्तकालय :

वि.सं.२०४० मा नेपालगञ्जबाट शिक्षा क्याम्पस सुर्खेतमा सरेपछि नेपालगञ्जमा स्थापित यस क्याम्पसको पुस्तकालय पनि सुर्खेतमा सऱ्यो । यस पुस्तकालयमा इतिहास, शिक्षा, साहित्य, कला, राजनीतीशास्त्र, संस्कृति आदि विषयपुस्तक तथा पत्रपत्रिकाहरू रहेको पाइन्छ । यस पुस्तकहरू रहेका छन् । यस पुस्तकालयमा रहेका साहित्य सम्बन्धी पुस्तकहरूले साहित्यको विकासमा टेवा पुऱ्याउँदै आएका छन् भने अन्य पुस्तकहरूले शैक्षिक पृष्ठभूमि वृद्धि गर्न बल पुऱ्याएका छन्।

### ४.१९.३.६ सहिदस्मृति पुस्तकालय :

सामुहिक प्रयासमा सुर्खेत जिल्लामा विविध पुस्तकालय खोलिएतापनि व्यक्तिगत रूपमा पुस्तकालय खोल्ने काम भएको अवस्थामा वि.सं. २०४६ को जनआन्दोलन पछि वि.सं. २०४९ माघ १६ गते वीरेन्द्रनगर सुर्खेतमा भानुभक्त भारतीको व्यक्तिगत प्रयासमासहिदस्मृति पुस्तकालयको स्थापना भएको हो । यस पुस्तकालयमा साहित्य, इतिहास, संस्कृति, कला, कानुन, धर्म, मानवअधिकार, विज्ञान आदि विविध विषयका पुस्तकहरू र सुर्खेतलगाएत विभिन्न स्थानबाट प्रकाशित हुँने दैनिकी, साप्ताहिक, मासिक आदि पत्रपत्रिकाहरू पाइन्छन् । यस पुस्तकालयले साहिदिवस लगाएत विविध अवसरमा साहित्य गोष्ठी र प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गर्ने काम गर्दै आएको छ । यसरी व्यक्तिगत रूपमा भएपनि यस पुस्तकालयको सञ्चालनले सुर्खेतको साहित्यिक विकासलाई टेवा पुऱ्याएको छ ।

### ४.४.५ मूल्याङ्कन :

प्रगतिशील लेखक संघ सुर्खेतबाट प्रकाशित रातोथुँगाको समग्र अध्ययन गर्दा देशमा जनताको साहित्य उत्थानका लागि मध्यपश्चिमाञ्चलका सर्जकहरूले निरन्तरता दिइरहेका छन् । प्रगतीशील लेखक संघ सुर्खेतले वि.सं. २०४८ मा आफ्नो मुखपत्रका रूपमा रातोथुँगा चौमासिक पत्रिकाको प्रकाशन गरेर नै यस पत्रिकाका माध्यमबाट सुर्खेतका अनेकौं स्रष्टाहरू साहित्य सिर्जनामा जुर्मुराएका छन् । यस संघको रातोथुँगा चौमासिक पत्रिका भनिएतापनि विगत २० वर्षमा बाह्रौ अङ्कमात्र प्रकाशन हुन सकेका छन् । छैटौं अङ्कका रूपमा प्रका शित सहिद विशेषाङ्क २०३६ मा साहित्य सम्बन्धी कुनै प्रसङ्गको लसपस समेत भएको छैन् । अन्य अङ्कको अध्ययन गर्दा विभिन्न स्रष्टाहरूका कथा, निबन्ध, लेख, कविता र गीतले पाठकहरूको मन आकर्षित गरेका छन्, भने समालोचना साहित्यले प्राज्ञिक छलफलमा थप सहयोग पुऱ्याएको छ । शुभारम्भमा अन्तराष्ट्रिय 'उठ जाग ए भोका नाङ्गा जाग संसारका दुःखी' भन्ने गीत छापेर प्रलेस सुर्खेतले अन्तराष्ट्रिय कर्तव्य निभाएको छ ।

समाज वर्गीय हुनाको कारण समाजभित्र दुई धार देखिनु अस्वभाविक होइन शत्रु र मित्रलाई छुट्याई मित्रलाई अँगाल्न सक्नु बुद्धिमानी हो । यही भावनालाई समेटेर दिनेशकुमार र टिकाप्रसाद पोखेलले गीत रच्नु भएको छ ।

समाजवादी आन्दोलनमा साथ  दिनेलाई
दिलैदेखि जनहितमा पाइला चाल्नेलाई
राज्यातङ्क ज्यादतीको विरोध गर्नेलाई ...............।

उहाँहरूले असल कुराहरू रच्दै असल मित्रलाई स्वागत गर्नुभएको छ । यस्तै 'गुँरास सरी फुलै छैन नेपाल सरि देश' भन्ने लोकगीत अन्यन्त राष्ट्रिय भावनाले ओतप्रोत भएको छ । बलभद्र भारतीको 'ओ सौन्दर्य' अत्यन्त मार्मिक छ । गणेश भण्डारीको 'त के भो' देविराम भण्डारीको 'राष्ट्रभक्ति' हरिभक्त गिरीको 'हाम्री आमा' काशीनाथ योगीको 'पूज्य माता', टिकाभक्त गिरीको 'भाविदृष्टि', महेन्द्रप्रसाद गिरीको 'मानिस मानिस र मानिस' कवितामा कविले व्यक्त गरेका आफ्ना भावना र विचारहरू सशक्त देखिन्छन् । त्यस्तै गरी दुर्गाप्रसाद रेग्मीको 'जननी जन्मभूमि' र भक्तबहादुर मल्लको 'आमाको सम्झना' कविता हृदय छुने खालका छन् । दुर्गाप्रसाद रेग्मीको कविताले समसामयिक यथार्थवादी दृष्टिकोणको मानचित्र उतारेको छ । जो यस प्रकार छ । सादय जनवादी युद्धको भयानक गतिविधिको एक स्मरण हुन सक्छ ।

काठ दाउरा खलिया सधैं वनभरी चाँचेर राख्थे जहाँ ।
ज्युँदा लासहरू अकालवयमै सड्छन् नि ऐले यहाँ ।
ती खोलाहरूमा सधैं कलकली बज्ने त्यो निर्मल जल
बग्नै छाडिसक्यो अहो कठिनता रक्ताम्य भै जम्दछ ॥

यस्तै गरी कृष्णबहादुर खड्काको लघु कथा प्रगतिबाट महिला मुक्तिका निम्ति दिलोज्यान दिने दिदीबहिनीहरूको जबसम्म परिवर्तन हुन सक्दैन तबसम्म महिलामुक्ति आन्दोलन साँचो अर्थमा सफल हुन सक्दैन भन्ने भवना दिइएको पाइन्छ । लीलाधर गौतमका दुई कथा समसामयिक छन् । साथै तुलसा वि.क. का. अपाङ्गका चाहनाहरू, गीतले विना सँगठन परिवर्तन आउँदैन भन्ने सन्देश दिएको छ । गोमा गिरीको पोतारी कविताले नेपाली नारी माथि गरिने शोषण हेला र होच्याईंलाई कलात्मक रूपमा आफ्नो भावना मार्फत आन्तरिक विचारहरू प्रकट गरेको छ । पुष्पराज आचार्यको 'घोडाको थुतुनो भर्ला कहिले सम्म ?' कवितामा कति दिन हामी असहाय भएर बन्ने भन्ने प्रश्न चिन्ह खडा भएको पाइन्छ । सरस्वती गौतमको 'पण्डित र दाउरे' कथामा धेरै बाठो हुनाले हुने विनाशको यथार्थवादी दृष्टिकोण झल्किएको छ ।

यस रातोथुँगामा प्रकाशित कृतिहरू जस्तैः कथा, कविता, गजल, गीत, निबन्ध, समालोचना, समीक्षा र अन्तरवार्ताले समग्ररूपमा आधुनिक नेपाली साहित्यक क्षेत्रमा टेवा पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यस रातोथुँगामा प्रकाशित सबै सर्जकहरूका सिर्जना गहकिला छन् । आवरणले यो पत्रिका झनै सुन्दर छ । प्रलेस सुर्खेतबाट भएका गतिविधिहरूका फोटाहरूले यी अङ्कहरू झनै बोझिला भएका छन् । राम्रो कागज सुन्दर छपाइ र आकर्षक गाताका हिसावले रातोथुँगाको मूल्य पनि उचितै छ । समग्रमा साहित्यिक पत्रिकाको इतिहासमा रातोथुँगा साहित्यिक पत्रिकाको आधुनिक नेपाली साहित्यमा महत्वपूर्ण योगदान रहेको छ ।

# परिच्छेद : पाँच
# उपसंहार (निष्कर्ष)

## ५.१ उपसंहार :

मध्यपश्चिमाञ्चल क्षेत्रको क्षेत्रीय सदरमुकाम सुर्खेतमा वि.सं.२०४६ सालमा स्थापना भई प्रलेसले आफ्नो जिल्लामा भाषा, कला, साहित्य र संस्कृति विकासमा महत्वपूर्ण योगदान दिएको तथ्य सर्वविदितै छ । साहित्यका बहुआयामिक विधाहरूको विकासमा सहयोग पुऱ्याउने लक्ष्य लिएर स्थापना भएको यो संस्था स्थापना कालदेखि अहिलेसम्म पनि अनवरत रूपमा साहित्यको सेवामा समर्पित छ । वि.सं. २०४७ वैशाख २९ गते प्रगतिशील लेखक संघ सुर्खेत शाखाको रूपमा स्थापना भएर प्रगतिशील लेखकसंघको केन्द्रिय महासचिव तथा वरिष्ठ साहित्यकार मोदनाथ प्रश्रितद्वारा उद्घाटन भइ यस संघले विक्रम सम्वत् २०४८ मा नै आफ्नो मुखपत्रका रूपमा रातोथुँगा प्रथम चौमासीक पत्रिका प्रकाशन गऱ्यो ।

प्रगतिशील लेखक संघ सुर्खेतको अहिले सम्म २० वर्षको अन्तरालमा बाह्रौं अङ्कसम्म रातोथुँगा सहित्यिक पत्रिका प्रकाशित भई बजारमा आइसकेका छन् । खोपीराम लम्सालको सम्पादकत्वमा प्रथम र द्वितीय अङ्क, लिलाधर गौतमको सम्पादकत्वमा तृतीय अङ्क त्यसैगरी जीवेन्द्रदेव गिरी र बलभद्र भारतीको सम्पादकत्वमा चौथो र पाँचौं अङ्क प्रकाशित भएका थिए । त्यसैगरी छैटौं, सातौं र आठौं अङ्क लीलाधर गौतम र जीवेन्द्रदेव गिरीको सम्पादकत्वमा प्रकाशित भएका थियो । नवौं अङ्क टिकाप्रसाद पोखेलको सम्पादकत्वमा प्रकाशित भएको थियो भने स्थानेश्वर लामिछाने र हरिलाल महतराको सम्पादकत्वमा दसौं र एघारौं अङ्क प्रकाशित भएको थियो । त्यसैगरी वर्तमान प्रलेस अध्यक्ष युद्धविक्रम शाहीको सम्पादकत्वमा बाह्रौं अङ्क प्रकाशित भएको छ । वि.सं. २०४८ देखि नै समसामयिक अवस्थाको अकालन गरि कला, साहित्य र संस्कृतिको उजागर गर्दै बाह्रौं अङ्कसम्म अनवरतरूपमा ताजा रचनाहरुलाई पाठक समक्ष पस्केर निरन्तरता दिइरहेको छ । यस पत्रिकामा नेपाली साहित्यका वरिष्ठ एवम् स्थापित र जिल्लामा स्थापित साहित्यकारहरूदेखि नव उदीयमान प्रतिभाहरूका सिर्जनालाई बिना पूर्वाग्रह स्थान दिएर यस पत्रिकाले समसमयिक साहित्यको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । देशका विभिन्न भागमा छरिएर रहेका साहित्यिक प्रतिभाहरूका रचनाहरूलाई पत्रिकाको माध्यमबाट

पाठकसम्म पुऱ्याउँने उद्देश्यले प्रकाशित भएको रातोथुँगा पत्रिकामा साहित्यका सबैजसो विधाले स्थान पाएका छन् । संख्यात्मक रूपले बराबर नभएतापनि कथा, कविता, गजल, नाटक, निबन्ध, मुक्तक, स्मरण, समीक्षा, अन्तरवार्ता र समालोचना जस्ता साहित्यिक विधाहरूलाई यस पत्रिकाले स्थान दिँदै आएको छ । सबैभन्दा संख्यात्मक रूपले हेर्दा कविता विधा २९३ शीर्षकमा रहेका छन् भने सबै भन्दा कम नाटक 'अंश कि वंश' एउटा मात्र रहेको छ । यसका अतिरिक्त अन्य ज्ञानका बहुपक्षीय विकासमा पनि सहयोग पुऱ्याउदै आधुनिक नेपाली साहित्यको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

रातोथुँगा साहित्यिक पत्रिकामा विभिन्न स्रष्टाहरूका कथा, निबन्ध, लेख रचना र गीतले पाठकको मन आकर्षित गरेका छन् र समालोचना साहित्यले प्राज्ञिक छलफलमा थप सहयोग पुऱ्याएको छ । स-साना बालबालिकाहरूलाई अहिलेदेखि नै ठीकबाटो देखाउन सकेनौं भने देश र जनताले दुःख खेप्नुपर्छ । देशमा लागू भैरहेको पुँजीवादी शिक्षा र विचारको प्रभावले हाम्रा बालबालिकाहरूलाई खाल्टोमा धकेलि रहेको कुरा सबैले अनुभव गर्दै आएका छन् । त्यसबाट जोगाउन रातोथुँगामा प्रकाशित के हुने हो भन्ने बालगीतले बालबालिकाहरूलाई सत्मार्गमा डोऱ्याउन खोजेको छ ।

अन्य केही प्रकाशित रचनाकारहरूले सामाजिक यथार्थतालाई सही ढङ्गले उजिल्याउन खोतल्न र रचनात्मक परिवर्तनका लागि महत्वपूर्ण योगदान पुऱ्याएको छ । यसबाहेक प्रगतिशील लेखक संघ सुर्खेतले केन्द्रिय स्तरका साहित्य सम्मेलनमा सहभागिता सक्रियतापूर्वक जनाएको छ । विभिन्न साहित्यकारका कृतिहरूलाई विमोचना गर्ने सुवर्ण अवसर फेला पार्नुको साथै साहित्यका क्षेत्रमा दिर्घकालिनदेखि योगदान गर्ने सर्जकहरूलाई सम्मान पनि गरेको छ । विभिन्न स्थानको अनुसन्धानात्मक भ्रमण गरी छैटौं अङ्कका रूपमा सहिद विशेषाङ्क २०३६ समेत प्रकाशित गर्न सफल भएको तथ्यलाई नकार्न सकिँदैन । यसका साथसाथै प्रलेस सुर्खेतले राष्ट्रियस्तरका र अञ्चलस्तरका साहित्यकारहरूसँग भेटघाट गरी साहित्यिक गतिविधिबारे प्रलेस शाखा सुर्खेतले जानकारी लिने गरेको छ । यसरी नेपाली साहित्यका क्षेत्रमा प्रलेस सुर्खेतले महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

निष्कर्षका रूपमा भन्नुपर्दा नेपाली साहित्यको सेवा गर्ने क्रममा २०४७ देखि २०६८ सम्म आफ्नो योजना र उद्देश्यको विस्तर गरी जिल्ला, अञ्चल हुँदै राष्ट्रियस्तरमै रचनात्मक साहित्यिक क्रियाकलापहरूमा प्रगतिशील लेखक संघले पुऱ्याएको योगदान महत्वपूर्ण छ ।

राजधानीभन्दा बाहिर स्थानियस्तरमा स्थापित भएर यो संस्था समयको मागसँगै अगाडि बढेर नेपाली साहित्यको श्रीवृद्धिमा थप टेवा पुऱ्याउन सफल रहेको छ ।

'आधुनिक नेपाली साहित्यमा रातोथुँगा साहित्यिक पत्रिकाको योगदान' शीर्षक अन्तरर्गत रहेर खोज अनुसन्धान गर्दा प्राप्त भएका सामग्री र सूचनाहरूका आधारमा सुर्खेती साहित्यकारहरूको साहित्यिक योगदान पत्रपत्रिका संघसंस्था र पुस्तकालयमा प्राप्त शोधसमग्रीको अध्ययन गर्दै यो शोधपत्र तयार गरिएको हो ।

यसरी प्रगतिशील लेखक संघ सुर्खेत शाखाद्वारा मुखपत्रका रूपमा साहित्यिक क्षेत्रमा अनवरत सेवा गर्ने महान् लक्ष्य लिएर प्रकाशित रातोथुँगा साहित्यिक पत्रिकाले आफ्नो प्रारम्भ कालदेखि अहिलेसम्मको २० वर्षको अन्तरालमा बाह्रौँ अङ्कसम्म प्रकाशित भई पाठकवर्गका माझ अन्त्यन्त लोकप्रिय बन्दै आएको छ । यस पत्रिकाले समालोचनानका क्षेत्रमा प्राज्ञिक वर्गका विचारधारादेखि लिएर बालबालिकाहरूसँग सम्बन्धित साहित्यिक रचनाहरू प्रकाशित गरी बालाबालिकाहरूमा योगदान पुऱ्याएको छ । यस पत्रिकाले नेपाली साहित्यले अंगालेको कविता विधा र कविता विधाकै उपविधा अन्तर्गत रहेका गजल, गीत, मुक्तक र अन्य विविध सामग्रीहरू प्रकाशित गरी आधुनिक साहित्यका क्षेत्रमा टेवा पुऱ्याउन खोजेको छ । यसरी साहित्यिक पत्रकारिताको इतिहासमा साहित्यिक पत्रिकाहरू प्रकाशित गरी प्रगतिशील लेखक संघ सुर्खेतको आधुनिक नेपाली साहित्यका क्षेत्रमा महत्वपूर्ण योगदान रहेको छ ।

शोधपत्र तयार गर्ने क्रममा विभिन्न समस्या र चुनौतिहरूलाई ध्यानमा राख्दै भविष्यमा शोध गर्न व्यक्ति वा संस्थालाई सजिलो होस भन्ने उद्देश्यले केही सम्भावित शोध शीर्षकहरू उल्लेख गरिएको छ ।

(क) प्रलेस सुर्खेतद्वारा प्रकाशित रातोथुँगा पत्रिकामा प्रकाशित कथाहरूको अध्ययन ।

(ख) रातोथुँगा साहित्यिक पत्रिकामा द्वन्द्वत्मक भौतिकवादको अध्ययन ।

(ग) प्रलेसद्वारा प्रकाशित रातोथुँगा साहित्यिक पत्रिकामा प्रकाशित देउडा गीत र अन्य गीतहरूको तुलनात्मक अध्ययन ।

## ५.२ सन्दर्भ ग्रन्थ सूची :

यो शोधपत्र तयार गर्दा अध्ययन गरिएका पुस्तक सूचीहरू निम्नप्रकार रहेका छन् ।

### ५.३.१ पुस्तक सूची :


- अधिकारी सूर्यमणि २०५३, नेपालको खस अधिराज्य ने.रा.अ.अ. के.त्रि.वि. कीर्तीपुर
- अधिकारी हेमङ्गराज र अन्य सम्पा. २०६१ प्रयोगात्मक नेपाली शब्दकोश काठमान्डौं विद्यार्थी प्रकाशन प्रा.लि. कमलपोखरी
- उपाध्याय केशवप्रसाद २०३० साहित्य प्रकाश काठमान्डौं शाझाप्रकाशन
- घीमीरे कृष्णप्रसाद २०६४ पारिजातका नाटकको समीक्षा काठमान्डौं क्षितिज प्रकाशन
- जोशी रत्नध्वज २०५० चौ.सं. आधुनिक नेपाली साहित्यको झलक
- नेपाल पूर्णप्रकाश यात्री २०४१ भेरीको लोक साहित्य काठमान्डौं नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कमलादी
- पोखेल बालकृष्ण २०२२ राष्ट्रभाषा काठमान्डौं (का.सा.प्र.)
- पोखेल सुरेन्द्रकुमार २०६५ सुर्खेतको साहित्यिक रूपरेखा नवदुर्गा छापाखाना अफसेट वीरेन्द्रनगर सुर्खेत
- बराल ईश्वर र अन्य सम्पा. २०५५ नेपाली साहित्यकोष काठमान्डौं रा.प्र.प्र. कमलादी
- बराल कृष्णहरि २०६४ गजल सिद्धान्त र परम्परा काठमान्डौं शाझा प्रकाशन
- शर्मा मोहनराज २०६४ नेपाली साहित्यको इतिहास काठमान्डौं शाझा प्रकाशन
- श्रेष्ठ दयाराम २०६४ नेपाली साहित्यको संक्षिप्त इतिहास काठमान्डौं शाझा प्रकाशन
- त्रिपाठी बासुदेव र अन्य सम्पा. २०६० नेपाली कविता भाग ४ चौ.सं. काठमान्डौं शाझा प्रकाशन


### ५.२.२ पत्रपत्रिका सूची :


- आर्याल चिरञ्जिवी २०४९ सुसेली साप्ताहिक प्रा.लि.

- गिरी प्रेमदेव २०४७ सुर्खेतमा नाटक प्रदर्शनको परम्परा सुर्खेती १.१ पब्लिक हाइस्कुल वीरेन्द्रनगर
- ढकाल पिताम्वर २०४६ सुर्खेत जिल्लाको शैक्षिक गतिविधि एक झलक काठमान्डौं स्मारिका (१.१)
- प्रगतिशील लेखक संघको विधान २०४७
- बस्तोला धर्मेन्द्र २०५० सुर्खेत पोष्ट
- भट्टाराई टंकप्रसाद २०३९ बुलबुले साप्ताहिक सुर्खेत
- रातोथुँगा पत्रिका अङ्क १-१२ सम्म सम्पूर्ण


### ५.२.३ शोधपत्र सूची :


- शोधपत्र सूची अर्याल अच्युतशरण २०५० सुर्खेती साहित्य एक सर्भेक्षण काठमान्डौं त्रि.वि. अनुसन्धान महाशाखा शोध प्रतिवेदन
- पौडेल घनश्याम २०६५ नेपाली साहित्यमा पर्वती साहित्यको योगदान शोधपत्र स्नातकोत्तर तह त्रि.वि.नेपाली केन्द्रिय विभाग कीर्तिपुर